सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

नयाँ पत्रिका

nayapatrikadaily.com

१४ माघ २०८१, सोमबार (27 Jan 2025, Monday) ■ नेपाल संवत् ११४५ ■ वर्ष १८ ■ अंक २८१ ■ पृष्ठ ८ nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. १०/-

प्रत्यक्ष संलग्न नभएका रविसँग सबैभन्दा धेरै धरौटी

सहकारी सञ्चालक, व्यवस्थापक तथा कर्मचारी सामान्य धरौटीमा रिहा हुँदा सहकारीसँग प्रत्यक्ष सम्बन्ध नभएका रविसँग भने एक करोड माग

कसलाई कति धरौटी ?

- सुप्रिम सहकारीका अध्यक्ष ओमप्रकाश गुरुङ - थुनामा
- सचिव कुमार रम्तेल - थुनामा
- तत्कालीन सचिव दीपेश पुन - ४ लाख
- भविश्वर अर्याल (आइटी प्रमुख) - १८ लाख ४० हजार
- दुर्गा पाण्डेय चापागाईं (भैरहवा शाखाकी व्यवस्थापक) - १८ लाख
- नवीन अछामी - १० लाख
- दीपक न्यौपाने - ४ लाख ४५ हजार
- नीता थापा - २ लाख
- रोशनी गुरुङ - २ लाख
- आशीष रानाभाट - ५० हजार
- मनोहर मोहम्मद - ३४ हजार



भैरहवामा **दिपेश पछाई**

सुप्रिम सहकारीको रकम हिनामिना मुद्दामा अदालतले त्यसका सञ्चालक, व्यवस्थापक तथा कर्मचारीलाई सामान्य धरौटीमा रिहा गर्दा सहकारीसँग प्रत्यक्ष सम्बन्ध नै नभएका रास्वपा सभापति रवि लामिछानेसँग भने अहिलेसम्मकै सबैभन्दा धेरै धरौटी मागेको छ। रुपन्देही जिल्ला अदालतका न्यायाधीश प्रह्लादकुमार योगीको इजलासले आइतबार रविसँग एक करोड धरौटी मागेलगत्तै बैंक ग्यारेन्टी गरेर उनी रिहा भएका छन्।

यसअघि यही सरकारीसँग सम्बन्धित मुद्दामा गितेन्द्रबाबु (जिबी) राईका सहकारीहरूको आइटी/सफ्टवेयर प्रमुख भविश्वर अर्याललाई सबैभन्दा धेरै १८ लाख ४० हजार तोकिएको थियो। त्यस्तै, सहकारीका तत्कालीन सचिव रहेका पूर्वराष्ट्रपति नन्दबहादुर पुनका छोरा दीपेश पुन चार लाख धरौटीमा रिहा भएका थिए। रविविरुद्ध हालसम्म तीन जिल्लामा चलेका मुद्दामध्ये पनि रुपन्देहीकै धरौटी धेरै हो। यसअघि पोखराको सूर्यदर्शन सहकारी मुद्दामा कास्की जिल्ला अदालतले ६५ लाख र कालीमाटीको स्वर्णलक्ष्मी सहकारी मुद्दामा काठमाडौं जिल्ला अदालतले ६० लाख धरौटी मागेको थियो।

रविको पक्षबाट बहस गरेका वरिष्ठ अधिवक्ताहरू सुशील पन्त, रमण श्रेष्ठ, अधिवक्ताहरू राजेन्द्र सेढाईं, डा. नारायणदत्त कँडेल, सुरज बस्नेतलगायतले अदालतले चाहेको वेला उपस्थित हुने सर्तमा साधारण तारेखमा छाड्न माग गरे पनि ठुलो रकमको धरौटी तोकेको हो। एक करोड बैंक ग्यारेन्टी बुझाएर उनी आइतबारै रिहा भएका छन्। थुनछेक बहसमा लामिछानेलाई धरौटीमा छाड्ने आदेश भएको अदालतका प्रेस्तेदार यज्ञमूर्ति ज्ञवालीले बताए।

बचतकर्ताको रकम हिनामिना मुद्दामा सुप्रिम सहकारीका अध्यक्ष ओमप्रकाश गुरुङ र सचिव कुमार रम्तेल थुनामा छन्। आइटी प्रमुख अर्याल र तत्कालीन सचिव पुनसहित भैरहवा शाखाकी व्यवस्थापक दुर्गा पाण्डेय चापागाईं, नवीन

» पृष्ठ २ मा क्रमशः

इजलासमा कानुन व्यवसायीको दलिल-

सरकार जसरी हुन्छ रवि फसाउने उद्देश्यमा छ

व्यक्तिलाई लक्षित गरेर अध्यादेश ल्याउन मिल्छ श्रीमान् ?

- **रमण श्रेष्ठ**, वरिष्ठ अधिवक्ता



पोखरा र रुपन्देहीमा सहकारी ऐनअनुसार, काठमाडौंमा मुलुकी फौजदारी संहिता ऐनअनुसार मुद्दा चलाइएको छ। किन भिन्नता ? यही बिचमा ऐन संशोधन गरी रविलाई टार्गेट गरी अध्यादेश ल्याइयो जसमा हदम्याद एक वर्ष बनाइयो र मिलापत्र हुन नसक्ने बनाइयो। अध्यादेश व्यक्तिलाई लक्षित गरी ल्याउन मिल्छ श्रीमान् ?

सहकारी ऐनअनुसार सहकारी कसुर हुन्छ। मुद्दामा सहकारी ठगी भनेर किन नामकरण गरियो ? सरकारी वकिललाई मनपरी नाम राख्न कानुनले अनुमति दिएको छैन। राज्य रविविरुद्ध कडाभन्दा कडा कानुन ल्याउन खोज्दै छ, मुद्दाको सुरुवात नै गलत ठाउँबाट भएको छ।

सरकारी वकिललाई आतंकित गरेर जबर्जस्ती मुद्दा अभियोजन गरियो

- **राजेन्द्र सेढाईं**, वरिष्ठ अधिवक्ता



सहकारीको जति रकम हिनामिना भयो, त्यो सबै गोर्खा मिडियामा मात्र गएको हो र ? अरू धेरै कम्पनीहरूमा पनि गएको छ। तर, यहाँ सबै सहकारीको रकम रविले मात्र ठगी खायो भन्ने देखाउन खोजिएको छ।

फेवातालमा पौडियो भनेर माछापुच्छ्रेलाई मुद्दा हाल्न मिल्दैन

- **डा. नारायणदत्त कँडेल**, अधिवक्ता



माछापुच्छ्रेलाई मुद्दा हाल्न माछापुच्छ्रेले फेवातालमा पौडी खेल्न पाऊँ भनेर निवेदन दिएको हुनुपर्‍यो, त्यसअनुसार पौडी खेलेको कागज हुनुपर्‍यो। त्यसैगरी रविले सहकारीमा ऋण लिएको कुनै प्रमाण छैन।

■ नागरिक आवास कार्यक्रम

६ वर्षमा सकियो साढे ६ अर्ब, तर लक्ष्यको ४०% मात्रै छाना फेरिए

- लाभग्राही थपिँदै, अनुदान पनि बढ्यो, तर कार्यक्रम सकिने टुंगो छैन
- पहिलो किस्ता लगेका साढे ३५ हजारले दोस्रो किस्ता लिन बाँकी, दुरुपयोगको आशंका

सुवास भट्ट/नयाँ पत्रिका

घरको कच्ची छाना फेर्ने सुरक्षित नागरिक आवास कार्यक्रममा ६ वर्षमा साढे ६ अर्ब रुपैयाँभन्दा बढी खर्च भएको छ। तर, हालसम्म करिब ४० प्रतिशत छाना मात्र पूर्ण रूपमा फेरिएका छन्। ६० प्रतिशत अर्थात् एक लाख २७ हजार छाना कहिलेसम्म फेरिने हुन् भन्ने अनिश्चित छ।

सहरी विकास तथा भवन निर्माण विभागको तथ्यांकअनुसार छाना फेर्ने भनेर दुई लाख १४ हजार २३० आवास स्वीकृत गरिएको छ। तर, हालसम्म ८७ हजार आवासको मात्र छाना फेरिएको सरकारी तथ्यांक छ। कार्यक्रम काठमाडौं, भक्तपुर, ललितपुर र काभ्रेपलाञ्चोकबाहेकका जिल्लामा सञ्चालित छ।

फुस वा खरको छानो भएका विपन्नका घरमा जस्तापाता हाल्ने गरी आर्थिक वर्ष ०७५/७६ मा बजेटमा घोषणा गरेर कार्यक्रम अघि बढाइएको थियो। चार वर्षभित्र सक्ने लक्ष्य राखिएको कार्यक्रम अझैसम्म निरन्तर छ।

विभागका आवास महाशाखा प्रमुख उपमहानिर्देशक एकराज अधिकारीले अहिले संख्या बढाउँदै जाने, तर सम्झौता भएका लाभग्राही टुंग्याउन नखोज्ने समस्या देखिएको बताए। लाभग्राही छानिहाल्न

» पृष्ठ २ मा क्रमशः

सरकारी तथ्यांक

२ लाख १४ हजार २३०
आवास स्वीकृत

तर, हालसम्म
८७ हजार आवासको मात्र छाना फेरियो
(कार्यक्रम काठमाडौं, भक्तपुर, ललितपुर र काभ्रेबाहेकका जिल्लामा सञ्चालित छ)

- हालसम्म कार्यक्रममा ६ अर्ब ५२ करोड २४ लाख ७३ हजार रुपैयाँ खर्च भइसकेको छ। चालू आव ०८१/८२ मा कार्यक्रमका लागि ४० करोड रुपैयाँ विनियोजन भएको छ। स्वीकृत लाभग्राही संख्याबमोजिम कार्यक्रम सम्पन्न गर्न अझै ६ अर्ब रुपैयाँ आवश्यक पर्ने अनुमान विभागको छ।

मनलाग्दी अनुदान वितरणको समस्या सच्याउन खोजिएको छ

- **एकराज अधिकारी**, प्रमुख (उपमहानिर्देशक), आवास महाशाखा, सहरी विकास तथा भवन निर्माण विभाग



स्थानीय तहहरूले कार्यविधिविपरीत खर्च गरिदिने समस्या छन्। कार्यक्रम सञ्चालनको ढाँचालगायतमा तालमेल नमिल्दा समस्या देखिएका छन्। यसका लागि पालिकाहरूमा फोकल पर्सन राख्नेदेखि सफ्टवेयर बनाएर हेर्न पनि खोजिरहेका छौं। मनलाग्दी अनुदान वितरणको समस्या सच्याउन खोजिएको छ।

■ जनता आवास कार्यक्रम

भएका झुपडी पनि भत्काइए, पक्की घरको सपनामा बित्यो आठ वर्ष



सप्तरीको अग्निसाइर कृष्णासवरण गाउँपालिका- ४ की ५५ वर्षीया रामोदेवी सदा आठ वर्षदेखि उस्तै हालतमा रहेको पक्की घरको जगअगाडि

राजविराजमा **सौरभ यादव**

जनता आवास कार्यक्रमले पक्की घर बनाइदिने भएपछि सप्तरीको अग्निसाइर कृष्णासवरण गाउँपालिका- ४ की ५५ वर्षीया रामोदेवी सदाले झुपडी घर भत्काइन्। वर्षौंदेखि फुसको चुहिने घरबाट मुक्ति पाइने आशामा उनी र उनको परिवार निकै खुसी थियो। तर, आठ वर्ष बितिसक्दा पनि घर बनेको छैन। 'एक वर्षमा तिम्रो आफ्नै पक्की घर हुन्छ भनेका थिए, जग उठाएर छाडिदिए,' सदाले भनिन्, 'छेउमा झुपडी बनाएर त्रिपालले छाएर गुजारा चलाउँदै आएकी छु।'

रामोदेवीजस्तै सकतोरदेवी सदाले पनि आधा भत्किएको झुपडीमा बसेर पक्की घरको सपना बुनेको आठ वर्ष भइसक्यो। जनता आवासबाट निर्माण हुने भनिएको घरका

» पृष्ठ २ मा क्रमशः

■ वैदेशिक सहायता स्थगन गर्ने ट्रम्पको कार्यकारी आदेश

सहायता रोकिँदा नेपालमा २६ अर्बका कार्यक्रम प्रभावित

- **अमेरिकी राष्ट्रपति ट्रम्पले शपथलगत्तै हस्ताक्षर गरेको कार्यकारी आदेशअनुसार अमेरिकाका सबै सहायता ९० दिनका लागि स्थगित**

पर्शुराम काफ्ले/नयाँ पत्रिका

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पको कार्यकारी आदेशलगत्तै नेपालमा अमेरिकी सहायताका करिब २६ अर्ब रुपैयाँबराबरका विभिन्न परियोजना र कार्यक्रम प्रभावित भएका छन्। अमेरिकी विकास सहयोग नियोग युएसएडले सम्बन्धित गैरसरकारी संस्था र सरोकारवालाहरूलाई यसबारे सूचना दिएको छ। अमेरिकाको सबैभन्दा धेरै सहायता एमसिसी कार्यान्वयनमा छ।

'अहिले जुन ठाउँमा कुनै परियोजना वा कार्यक्रम पुगेका छन्, ती अहिलेकै अवस्थामा स्थगित भएका छन्। आगामी ९०

» पृष्ठ २ मा क्रमशः

■ नेपालमा अमेरिकी सहायता केमा आउँछ ?

विश्वका अन्य मुलुकमा जस्तै नेपालमा पनि मानवीय र विकास सहायता प्रभावित भएको छ। युएसएडले नेपाल सरकार र स्थानीय संस्थाहरूसँग साझेदारी गर्दै खाद्य सुरक्षा सुधार, आर्थिक विकास र विविधीकरण, प्राकृतिक स्रोतहरूको दिगो व्यवस्थापन, गुणस्तरीय स्वास्थ्य सेवा र शिक्षण प्रणालीको सुधार, प्रजातान्त्रिक शासनको प्रवर्द्धन र प्राकृतिक विपत् व्यवस्थापनमा क्षमताको सुदृढीकरणमा काम गर्दै आएको छ। नेपालको विकासका लागि संघीयताको समर्थन, समावेशिताको प्रवर्द्धन र संस्थाहरूको क्षमता र दिगोपनको सुदृढीकरण गरी तीन मुख्य क्षेत्रमा उसको सहयोग रहँदै आएको छ। युएसएडले विभिन्न दातृ निकायमार्फत यी परियोजनाहरूका लागि रकम उपलब्ध गराउने गरेको छ।

हिउँदे अधिवेशन तनावरहित बनाउन सभामुखको गृहकार्य



सार्वजनिक सरोकारका विविध विषयले शुक्रबारबाट सुरु हुने संसद् तनावग्रस्त हुने संकेत देखिएपछि सभामुख र उपसभामुख दलहरूसँग संवादमा, पहिलो दिन नै प्रधानमन्त्रीले सम्बोधन गर्ने

(विस्तृत पृष्ठ ३)

सार्वजनिक निकायलाई चाहिने अधिकांश वस्तुको उत्पादन मुलुकभित्रै

(विस्तृत पृष्ठ ६)

NIMB
नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.

■ पाथीभरामा केबलकार निर्माणका क्रममा प्रहरी हस्तक्षेप प्रकरण

सडकदेखि संसद्सम्म प्रश्न, वार्ताबाट समस्या समाधान गर्न मानव अधिकार आयोगको आग्रह

कोशी प्रदेश सभामा प्रतिपक्षी मात्रै होइन, सत्तारूढ दलका सांसदले पनि गरे सरकारी दमनको विरोध

ताप्लेजुङमा **केशवप्रसाद भट्टराई**

ताप्लेजुङको पाथीभरा क्षेत्रमा केबलकार निर्माण थालिएपछि विरोधमा उत्रिएका स्थानीयमाथि भएको प्रहरी हस्तक्षेपविरुद्ध सडकदेखि संसद्सम्म प्रश्न उठेको छ। राष्ट्रिय मानव अधिकार आयोगले वार्ताबाट समस्या समाधान गर्न सरकारलाई आग्रह गरेको छ।

धार्मिक क्षेत्र पाथीभरामा केबलकार बनाउन नहुने भन्दै सुरुदेखि नै आन्दोलनरत 'नो केबलकार' समूह र प्रहरीबिच शनिबार झडप हुँदा चारजना घाइते भएका थिए। उनीहरूमध्ये तीनजनालाई उपचारका लागि काठमाडौं लगिएको छ। यो घटनाको विरोधमा विभिन्न राजनीतिक दल र संघसंस्थाले विज्ञप्ति जारी गरेर भर्त्सना गरेका छन् भने प्रदेश सांसदले कोशी प्रदेश सभामा बोल्दै समस्या समाधान गर्न माग गरेका छन्।

माओवादी संसदीय दलका नेता इन्द्रबहादुर आङ्बोले व्यापारीलाई रिझाउन जनतालाई गोली हानेर केबलकार निर्माण गर्नु गलत भएको भन्दै वार्ताबाट समस्या समाधान गर्न माग गरे। 'व्यापारीलाई खुसी बनाउन सरकारले जनतामाथि गोली चलाएर दमन गर्ने

» पृष्ठ २ मा क्रमशः

■ घाइते तीनजनाको त्रिवि शिक्षण अस्पतालमा उपचार हुँदै



शनिबार आन्दोलनमा प्रहरीले हस्तक्षेप गर्दा घाइते भएका तीनजनालाई नेपाली सेनाको 'स्काई ट्रक'मार्फत काठमाडौं लगिएको छ। तेह्रथुमको म्याङलुङ नगरपालिका- ९ का यामबहादुर लिम्बू, पाँचथरको मिक्लाजुङ गाउँपालिका- ५ का सगुन लावती र फुङलिङ नगरपालिका- ८ का धर्म पालुङवालाई त्रिवि शिक्षण अस्पताल महाराजगन्ज लगिएको हो। कोशीका कानुनमन्त्री रेवतीरमण भण्डारीले प्रदेश सभामा दिएको जानकारीअनुसार लिम्बू र लावती गोली लागेर र पालुङवा भागदौडका क्रममा लडेर घाइते भएका हुन्।

संघसंस्थाद्वारा भर्त्सना

राष्ट्रिय मुक्ति पार्टी र विभिन्न संघसंस्थाले विज्ञप्ति जारी गरी घटनाको भर्त्सना गरेका छन् भने प्रहरी हस्तक्षेप बन्द गर्न अपिल गरेका छन्। राष्ट्रिय मुक्ति पार्टीका केन्द्रीय अध्यक्ष राजेन्द्र महतो, लिम्बुवान भोलेन्टियर्स, राष्ट्रिय मानव अधिकार प्रतिष्ठान, किराँत याक्थुङ चुम्लुङ केन्द्रीय समिति, राष्ट्रिय जनजाति आदिवासी महिला संघ र जनजाति आदिवासी पत्रकार महासंघ (फोनिज)ले छुट्टाछुट्टै विज्ञप्ति जारी गरी पाथीभरा क्षेत्रबाट प्रहरी फिर्ता गरी केबलकार निर्माण रोक्नुपर्ने माग गरेका हुन्।

वरिष्ठ सइको ग्रेड बढाउन अर्थको सहमति

दुई ग्रेड मात्र पाउँदै आएका वरिष्ठ सइले पाँच ग्रेडसम्म पाउने

वरिष्ठ सइमा बढुवा भएका प्रहरी अधिकारीको तलब सइको भन्दा मासिक २६५ रुपैयाँ कम, ग्रेड समायोजन भएसँगै तलब बढ्ने



नयाँ पत्रिका

नेपाल प्रहरीका वरिष्ठ नायब निरीक्षकहरूको एक तह बढुवा भएर पनि तलब कम रहेको समस्या समाधानतर्फ अघि बढेको छ। अर्थ मन्त्रालयले वरिष्ठ सइको ग्रेड थप र तलब समायोजनका लागि सहमति दिएको छ। अदालतले समेत परमादेश दिएपछि सरकारले यो समस्या समाधानमा पहल थालेको हो।

नेपाल प्रहरीमा वरिष्ठ सइको दरबन्दी एक हजार ४१८

गृह मन्त्रालयका अनुसार अब मन्त्रिपरिषद्मा लगेर यससम्बन्धी निर्णय हुनेछ। त्यससँगै वरिष्ठ सइले पाँच ग्रेडसम्म पाउने भएकाले तलबसम्बन्धी समस्या समाधान हुनेछ। वरिष्ठ सइमा बढुवा भएका प्रहरी अधिकारीले सइमा भन्दा मासिक २६५ रुपैयाँ कम तलब बुझ्दै आएका छन्।

गत ९ माघमा उपप्रधानमन्त्री तथा अर्थमन्त्री विष्णु पौडेलले गृहको प्रस्तावमा सहमति दिएका हुन्। अर्थको सहमति बिहीबार आइपुगेको गृह मन्त्रालयका एक उच्च अधिकारीले बताए। यस सहमतिसँगै थप बजेट निकासाका लागि बाटो खुलेको छ।

» पृष्ठ २ मा क्रमशः

प्रत्यक्ष संलग्न...

पृष्ठ १ बाट क्रमशः

अछामी, दीपक न्यौपाने, नीता थापा, रोशनी गुरुङ, आशिष रानाभाट र मनोहर मोहम्मद भने धरौटीमा रिहा भएका थिए। चापागाईं १८ लाख, अछामी १० लाख, न्यौपाने चार लाख ४५ हजार, थापा दुई लाख, गुरुङ दुई लाख, रानाभाट ५० हजार र मोहम्मद ३४ हजार धरौटीमा रिहा भएका थिए।

गत ६ माघमा जिल्ला सरकारी वकिल कार्यालयले रविसहित २२ जनाविरुद्ध अदालतमा मुद्दा दर्ता गरेको थियो। त्यसपछि ९ माघमा रवि अदालतमा हाजिर भएका थिए। सुप्रिम सहकारीको रकम ठगी प्रकरणमा सहकारी ठगी र संगठित अपराधका छुट्टाछुट्टै मुद्दामा ४२ जनालाई प्रतिवादी बनाइएको छ। यी प्रतिवादीबाट कुल एक अर्ब ४३ करोड ८६ लाख मागदाबी गरिएको छ।

■ इजलासमा कानुन व्यवसायीको दलिल- **सरकार जसरी हुन्छ रवि फसाउने उद्देश्यमा छ**

आइतबार रविको तर्फबाट वरिष्ठ अधिवक्ता रमण श्रेष्ठले बहसको सुरुवात गरेका थिए। कुन ऐनले रविलाई च्याप्ने भन्ने अन्योलमा अभियोजन पक्ष रहेकाले एकै प्रकृतिको कसुरमा पनि विभिन्न जिल्लामा फरक-फरक ऐनअनुसारको मुद्दा लगाइएको उनको तर्क थियो। 'पोखरा र रुपन्देहीमा सहकारी ऐनअनुसार, काठमाडौंमा मुलुकी फौजदारी संहिता ऐनअनुसार मुद्दा चलाइएको छ। किन भिन्नता ?' उनले भने, 'यहीबिचमा ऐन संशोधन गरी रविलाई टार्गेट गरी अध्यादेश ल्याइयो जसमा हदम्याद एक वर्ष बनाइयो र मिलापत्र हुन नसक्ने बनाइयो। अध्यादेश व्यक्तिलाई लक्षित गरी ल्याउन मिल्छ श्रीमान् ?' मुद्दा बदनियत रहेको जिकिर गर्दै उनले इजलासमा प्रश्न राखे। राज्यले शक्तिको दुरुपयोग गरेर मुद्दा चलाएको भन्दै उनले रविलाई बदनाम गर्ने नियतले मुद्दाको नाम पनि कानुनविपरीत राखेको बताए। 'सहकारी ऐनअनुसार सहकारी कसुर हुन्छ। मुद्दामा सहकारी ठगी भनेर किन नामकरण गरियो ? सरकारी वकिललाई मनपरी नाम राख्न कानुनले अनुमति दिएको छैन,' उनले भने।

पूरक अभियोग लगाउन कानुनले तोकेको आवश्यक प्रक्रिया महान्यायाधिवक्ता र उच्च अदालतलाई जानकारी गराउनुपर्नेमा प्रहरी आफैँले प्रतिवेदन उठाई अनुसन्धान गरी मुद्दा ल्याइएकोमा पनि इजलासको ध्यानाकर्षण गराए। रविविरुद्ध राज्य प्रयोग भएको भन्दै उनले भने, 'राज्य रविविरुद्ध कडाभन्दा कडा कानुन ल्याउन खोज्दै छ, मुद्दाको सुरुवात नै गलत ठाउँबाट भएको छ।' उनले यस्तो मुद्दा खारेज गर्नुपर्ने मात्रै होइन, अपराध संहिताको दफा ९९ अनुसार बदनियतपूर्वक अनुसन्धान गरेको कसुर आकर्षित हुने अवस्था रहेको तर्क पनि गरे।

रवि नै सहकारीबाट पैसा ल्याएर गोर्खा मिडिया सुरु गर्ने कामको ग्रान्ड डिजाइनकर्ता भएको भाष्य सिर्जना गरिएको भन्दै अधिवक्ता श्रेष्ठले संसदीय विशेष समितिको प्रतिवेदनलाई उद्धृत गर्दै जिबी राईले रविसँग सम्पर्क हुनुअघि नै एपी वान मिडियामा स्वर्णलक्ष्मी सहकारीबाट ऋण प्रवाह गरेको, कतारमा भएको कार्यक्रममा उपाध्यक्ष भनेर एपी वानको कार्यक्रममा भाषणै गरेको, त्यहाँ कुरा नमिलेपछि नयाँ मिडिया खोल्न थालेको प्रसंग पनि उठाए।

अधिवक्ता राजेन्द्र सेढाईंले सरकारी वकिललाई आतंकित गरेर जसरी हुन्छ रविलाई फसाउन जबर्जस्ती मुद्दा अभियोजन गर्न लगाएको आरोप लगाए। रविविरुद्ध सफ्टवेयरमा मात्र ऋण लिएको भन्ने देखिने, तर भौतिक प्रमाण केही नदेखिने भन्दै जिसिएस सफ्टवेयर जिबी राईकै कम्पनीको कपिराइट भएको र उसकै सफ्टवेयर डेभलपरले बनाएको भविश्वर अर्यालको बयान रहेको दलिल पेस गरे। 'सहकारीको जति रकम हिनामिना भयो, त्यो सबै गोर्खा मिडियामा मात्र गएको हो र ? अरू धेरै कम्पनीहरूमा पनि गएको छ। तर, यहाँ सबै सहकारीको रकम रविले मात्र ठगी खायो भन्ने देखाउन खोजिएको छ,' सेढाईंले भने।

फौजदारी कानुनमा दख्खल राख्ने अधिवक्ता सुरज बस्नेतले अभियोजनकर्तामा संगठित अपराधको बुझाइमै अनभिज्ञता रहेको आवाज इजलासमा उठाए। अभियोगपत्रको पृष्ठ ६ मा 'दुई वा दुईभन्दा बढी' लेखिएको स्मरण गराउँदै उनले संगठित अपराध हुन तीन वा तीनभन्दा बढी हुनुपर्ने भन्ने ज्ञान नै भएको नदेखिएकोतर्फ इजलासको ध्यानाकर्षण गराए। संगठित अपराधमा हुनुपर्ने कुनै गुण अभियोगपत्रमा देखाइएको कसुरसँग नमिलेको भन्दै उनले जाहेरीकर्तातर्फका बहसकर्ताले संगठित अपराध र ह्वाइटकलर क्राइमलाई एउटै देखाउन खोजेकोमा गोत्र नमिल्ने भएकाले यी दुई अपराधको बिहेसम्म हुन सक्ने बताए। 'तीनजना मिलेर पटक-पटक अपराध गरे पनि त्यो संगठित अपराध हुँदैन, पटके कसुर हुन्छ,' उनले भने।

अधिवक्ता डा. नारायणदत्त कँडेलले प्रमाण नभएका कुरा साहित्यमा मात्र मिल्ने, मुद्दामा नमिल्ने भन्दै माछापुच्छ्रे फेवातालमा पौडी खेल्दोरहेछ भन्ने साहित्यका आधारमा माछापुच्छ्रेलाई मुद्दा हाल्न नमिल्ने भन्दै व्यंग्य गरे। 'माछापुच्छ्रेलाई मुद्दा हाल्न माछापुच्छ्रेले फेवातालमा पौडी खेल्न पाऊँ भनेर निवेदन दिएको हुनुपर्‍यो, त्यसअनुसार पौडी खेलेको कागज हुनुपर्‍यो,' उनले भने, 'त्यसैगरी रविले सहकारीमा ऋण लिएको कुनै प्रमाण छैन।'

उनले यो मुद्दामा सुप्रिम सहकारी पीडित हो कि पीडक हो भनेरै अभियोजन पक्षले प्रस्ट पार्न नसकेको बताए। पीडक हो भने सहकारी सञ्चालकलाई मुद्दा हाल्नुपर्नेमा सुप्रिमको कानुनी हैसियतको अवमूल्यन गरिएको उनको तर्क छ। यो मुद्दामा ठगी हुन पीडितलाई झुक्याएको, पीडित झुक्किएको, पीडितले गुमाएको र पीडकले पाएको हुनुपर्नेमा रवि लामिछानेले त्यसो गरेको कुनै प्रमाण नभएको उनको दाबी छ।

कानुनविपरीत सुदूरपश्चिमका पूर्वमुख्यमन्त्री रावललाई गाडी सुविधा


धनगढीमा **तेजराज भट्ट**

सुदूरपश्चिम प्रदेशका मुख्यमन्त्री तथा एमाले संसदीय दलका नेता राजेन्द्रसिंह रावलले नियमविपरीत प्रदेश सरकारबाट गाडी सुविधा लिइरहेका छन्। पूर्वमुख्यमन्त्री एवं सत्तापक्षमा रहेको दलको नेताको हैसियतले उनले सरकारी गाडी प्रयोग गर्दै आएका हुन्। तर, पूर्वमुख्यमन्त्री र सत्तापक्षमा रहेको दलको नेतालाई गाडी सुविधा दिने व्यवस्था ऐनमा छैन।

रावलले गत असारदेखि आर्थिक मामिला मन्त्रालयको बा.१झ १४४७ नम्बरको गाडी प्रयोग गर्दै आएका थिए। उक्त गाडी बिग्रिएपछि पुस अन्तिमदेखि रावलले आन्तरिक मामिला तथा कानुन मन्त्रालयको गाडी प्रयोग गरिरहेका छन्। प्रदेश ०१-००१झ३१८ सरकारी नम्बरको गाडी आन्तरिक मामिलाले प्रदेशमा आउने विशिष्ट व्यक्तिको स्वागतका लागि प्रयोग गर्न खरिद गरेको थियो।

पूर्वमुख्यमन्त्री र सत्तापक्षका दलका नेतालाई प्रदेश सरकार र प्रदेश सभाबाट सवारीसाधन उपलब्ध गराउने कानुनी व्यवस्था छैन। मुख्यमन्त्री र मन्त्रीको पारिश्रमिक तथा सुविधासम्बन्धी ऐनमा मुख्यमन्त्रीलाई दुई, मन्त्री, राज्यमन्त्री र सहायकमन्त्री एक-एकवटा सवारीसाधन उपलब्ध गराउने व्यवस्था छ। त्यस्तै, प्रदेश सभाका पदाधिकारी तथा सदस्यको पारिश्रमिक र सुविधासम्बन्धी ऐनमा सभामुख, उपसभामुख, विषयगत समितिका सभापति, प्रमुख प्रतिपक्ष दलका नेता, सत्तापक्षका प्रमुख सचेतकलाई प्रदेश सभाले सवारीसाधन सुविधा उपलब्ध गराउने व्यवस्था छ।

कांग्रेस नेतृत्वको सरकारमा एमालेसहित नागरिक उन्मुक्ति पार्टी



सहभागी छन्। सरकारका प्रवक्ता एवं आन्तरिक मामिला तथा कानुनमन्त्री हिरा सार्कीले कानुन र सरकारको निर्णय नभए पनि पूर्वमुख्यमन्त्री र दलको नेता भएकाले व्यावहारिक रूपमा गाडी दिएको बताए। सार्की एमालेबाट मन्त्री बनेका हुन्।

सार्वजनिक बिदाको दिन अनुमति नलिएर गाडी चलाएको भन्दै पूर्वमुख्यमन्त्री राजेन्द्रसिंह रावल सवार सरकारी गाडी कञ्चनपुरको दैजीमा राष्ट्रिय स्वतन्त्र पार्टीका कार्यकर्ता र स्थानीयले शनिबार बिहान रोकेका थिए। नियमविपरीत सरकारी गाडी सुविधा लिइरहेका रावलको दबाबमा गाडी रोक्ने एक स्थानीयलाई प्रहरीले करिब तीन घण्टा नियन्त्रणमा राखेको थियो।रावलले आफूमाथि दुर्व्यवहार भएको बताएपछि कञ्चनपुर प्रहरीले दैजीका स्थानीय व्यवसायी ४७ वर्षीय केशवराज पन्तलाई नियन्त्रणमा लिएर छोडेको हो। प्रहरीले शनिबार साँझ रास्वपा नगर सभापति डम्बरराज भट्टको जिम्मा लगाएर छाडेको थियो।

शनिबार बिदाको दिन चलाउन अनुमति नरहेको भन्दै रास्वपा कार्यकर्ता र स्थानीयले रावल चढेको गाडी रोक्न खोजेका थिए। त्यस क्रममा विवाद भएको थियो। 'बिदाको दिन सरकारी गाडी दुरुपयोग हुने भएकाले प्रशासनको सहकार्यमा अनुमति लिएको छ/छैन भनेर जाँच गर्थ्यौं, यसमा स्थानीय पनि सहभागी हुँदै आएका थिए,' भट्टले भने, 'अनुमति नलिएर बिदाको दिन गाडी चलाएको भनेर रोक्न खोज्दा पूर्वमुख्यमन्त्रीले मलाई चिनेको छ भनेर उल्टै धम्क्याउनुभयो।' भट्टका अनुसार शनिबार बिहान राजमार्गमा आएका दुईवटा सरकारी गाडीमध्ये भीमदत्त नगरपालिकाका मेयरले चढ्ने गाडीसँग शनिबार चलाउने अनुमति थियो।

वरिष्ठ सइको...

पृष्ठ १ बाट क्रमशः

०७९ को भदौमा सरकारले प्रहरीमा वरिष्ठ पदको सिर्जना गरे पनि तलब समायोजन गर्न नसक्दा वरिष्ठ सइहरूमाथि अन्याय हुँदै आएको थियो। नेपाल प्रहरीमा वरिष्ठ सइको एक हजार ४१८ दरबन्दी छ।

सर्वोच्च अदालतले गत १६ साउनमा उनीहरूको ग्रेड थप गरी तलब समायोजनका लागि परमादेश दिएको थियो। न्यायाधीशद्वय तिलप्रसाद श्रेष्ठ र शारंगा सुवेदीको इजलासले दिएको परमादेश लामो समयसम्म कार्यान्वयन भएको थिएन। प्रहरी प्रवक्ता डिआइजी दिनेश आचार्य वरिष्ठ सइको तलब समायोजनसम्बन्धी समस्या समाधानका लागि प्रक्रिया अघि बढिसकेको बताउँछन्।

बढुवाको जाम खोज्न होला इन्स्पेक्टरमा समायोजन ?

सरकारले संघीय प्रहरी ऐनको विधेयक संसद्मा लैजाने तयारी गरिरहँदा यससँगै प्रहरी समायोजनका लागि पनि छलफल सुरु भएको छ। प्रहरी समायोजनका लागि प्रहरीमा प्रहरी निरीक्षकको दरबन्दी ३०४ अपुग हुने संगठन तथा व्यवस्थापन सर्वेक्षणले औँल्याएको छ।

समायोजनका लागि नयाँ भर्ना गर्न समय लाग्ने भएकाले वरिष्ठ सइको पद इन्स्पेक्टरमा समायोजनसम्बन्धी प्रस्ताव पनि प्रहरीमा अघि बढेको छ। यसले कनिष्ठ प्रहरी अधिकारीको बढुवा जामसम्बन्धी समस्या हल हुने र समायोजन पनि सहज हुने प्रहरी अधिकारी बताउँछन्।

०५८ मा असइमा भर्ना भएका प्रहरी अधिकारी अहिलेसम्म वरिष्ठ सइमै छन्। ०७२ को प्रहरी नियमावलीमा इन्स्पेक्टरमा रिक्त हुनेमध्ये ४० प्रतिशत पदमा मात्र बढुवाबाट पदपूर्ति गर्ने व्यवस्था हुँदा यस्तो समस्या भएको हो। जसलाई समाधान गर्न समायोजनका लागि आवश्यक करिब तीन सय इन्स्पेक्टरका पदमा वरिष्ठ सइको दरबन्दीबाट समायोजन गरेर बढुवा गर्दा राज्यलाई भार पनि नपर्ने र तल्लो तहका प्रहरीको बढुवा जाम पनि खुल्ने अवस्था छ।

प्रहरी प्रवक्ता डिआइजी दिनेश आचार्य जुनियर प्रहरी अधिकारीको बढुवाको समस्या रहेको बताउँदै त्यसलाई समाधानका लागि छलफल भइरहेको बताउँछन्। 'जुनियर प्रहरीको लामो समयसम्म बढुवा नहुने समस्या छ,' उनी भन्छन्, 'यो समस्या समाधानका लागि प्रहरी नेतृत्व र गृह मन्त्रालयले पहल गरिरहेको छ।'

हाल बढुवाबाट पूर्ति हुने इन्स्पेक्टरका ४४ पद रिक्त छन्। जसमा ०५८ मा भर्ना असइको टोली मुख्य दाबेदार छन्। जुन ब्याचमा ८८ जना हाल वरिष्ठ नायब निरीक्षक छन्। यो ब्याच इन्स्पेक्टर हुन अझ दुई वर्ष लाग्नेछ। त्यसपछि ०६० मा भर्ना भएका १३२ जना असइको ब्याच छ। सो ब्याच इन्स्पेक्टर हुन ०८७ लाग्ने अवस्था छ। यही हिसाबले त्यसपछिका असइका ब्याचका अधिकारी ३० वर्ष सेवा अवधि पुग्दा पनि इन्स्पेक्टरमा बढुवा हुन गाह्रो हुन्छ।

बोलपत्रद्वारा गोलिया काठ/दाउरा लिलाम बिक्री वितरण सम्बन्धि सूचना

प्रथम पटक प्रकाशित मिति : २०८१/१०/१४

यस **हरियाली महिला सा.व.उ.स. हरिहरपुरगढी गा.पा. ४, सिन्धुली**बाट आ.व. २०७९/०८० मा उत्पादन भई **बसन चौर, हरिहरपुरगढी गा.पा. ४, सिन्धुली**मा घाटगद्दि गरी राखिएको **लट नं. १ को साल** जातको गोलिया थान **२९** को **२८४.२४** क्यू.फि गोलिया काठ र **१.०0** चट्टा दाउरा व्यापारिक प्रयोजनको लागि बिक्री वितरण गर्नको लागि यो सूचना प्रकाशित गरिएको छ। काठ दाउरा जे, जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा लैजाने गरी वन नियमावली २०७९ को नियम १२८ बमोजिम योग्य उद्योगहरूले यो सूचना प्रकाशित भएको मितिले २१ दिन भित्र बोलपत्र खरिद गरी २२ औं दिनको मध्यान्ह १२:०० बजे भित्र बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ। विस्तृत व्यहोराको सूचना यस समूहको सूचना पाटीमा टाँस गरिएको छ।

श्री हरियाली महिला सा.व.उ.स.
हरिहरपुरगढी गा.पा.- ४, सिन्धुली

बागमती प्रदेश सरकार
सहकारी तथा गरिबी निवारण मन्त्रालय
समस्याग्रस्त सहकारी व्यवस्थापन समिति
टंक प्रसाद घुम्ती सडक, अनामनगर, काठमाडौं

तपसिलमा उल्लेखित समस्याग्रस्त सहकारी संस्था लिमिटेडका सञ्चालक तथा सरोकारवालाहरुलाई जरुरी सूचना

(प्रथम पटक सूचना प्रकाशित मिति : २०८१/१०/१४)

प्रदेश सहकारी ऐन २०७६ को दफा ८१ को उपदफा (२) बमोजिम बागमती प्रदेश, सहकारी तथा गरिबी निवारण मन्त्रालयको मिति २०८१।०९।२८ गतेको मन्त्रीस्तरीय निर्णयबाट तपसिलका सहकारी संस्थाहरु समस्याग्रस्त घोषणा भई सम्पत्ति व्यवस्थापन तथा दायित्व भुक्तानीसम्बन्धी कार्य गर्न यस समितिलाई लेखिआएको हुँदा सोही ऐनको दफा ८८ (१) बमोजिम सो सहकारी संस्थाहरुको सञ्चालक समिति, व्यवस्थापन, सम्पूर्ण शाखा कार्यालयहरु तथा कर्मचारीको अधिकार स्वत: निलम्बन हुने हुँदा निम्नानुसारको व्यहोरा सम्बन्धित सबै सरोकारवालाहरुको लागि जानकारी गराइन्छ।

१. सञ्चालक तथा कर्मचारीले सो सहकारीसंग सम्बन्धित सम्पूर्ण कागजात तथा सम्पत्तिहरु यस समितिसमक्ष बुझाई कार्यालय बन्द गर्नुका साथै कुनै पनि कारोबार नगर्नु नगराउनुहुन।
२. सञ्चालक तथा कर्मचारीले यस समितिसमक्ष उपस्थित भई आवश्यक सहयोग गर्नुहुन।
३. ऋणी सदस्यहरुले यस समितिमा सम्पर्क राखी ऋण भुक्तानी गर्नुहुन साथै साबिक सञ्चालक तथा कर्मचारीसंग भुक्तानीसम्बन्धी कुनै पनि कारोबार नगर्नहुन।
४. बचतकर्ताहरुले बचतसंग सम्बन्धित सम्पूर्ण प्रमाणहरु सुरक्षित राखी यस समितिबाट मागदावी आवेदनको सूचाना जारी भएपछि यस समितिसमक्ष पेस गर्नुहुन।
५. समस्याग्रस्त घोषित संस्थाको सम्पत्ति व्यवस्थापन तथा दायित्व भुक्तानीका लागि समितिको कार्यालयसंग मात्र सम्पर्क राखी कारबाही गर्नुहुन।
६. विस्तृत एवं अध्यावधिक सूचनाका लागि यस समितिको कार्यालयको सूचना पाटी हेर्नहुन।

तपसिल

- **सुमेरु बचत तथा ऋण सहकारी संस्था लि. (९९/०५७/०५८), ललितपुर**
- **लाली गुराँस बचत तथा ऋण सहकारी संस्था लि.(४०७/०५२/०५३), काठमाडौं**
- **नेशनल नमोबुद्ध बचत तथा ऋण सहकारी संस्था लि. (५९५/०५७/०५८), काठमाडौं**

६ वर्षमा...

पृष्ठ १ बाट क्रमशः

पाए ढिलोचाँडो अनुदान पाइहाल्छन् भन्ने मानसिकताले व्यवधान निम्त्याएको उनले बताए। उनका अनुसार एकद्वार खालको कार्यक्रमको कार्यविधि संशोधनपछि नयाँ समस्या देखिएको छ। 'स्थानीय तहहरूले कार्यविधिविपरीत खर्च गरिदिने समस्या छन्। कार्यक्रम सञ्चालनको ढाँचालगायतमा तालमेल नमिल्दा समस्या देखिएका छन्। यसका लागि पालिकाहरूमा फोकल पर्सन राख्नेदेखि सफ्टवेयर बनाएर हेर्न पनि खोजिरहेका छौँ,' उनले भने, ' मनलाग्दी अनुदान वितरणको समस्या सच्याउन खोजिएको छ।'

लाभग्राही थपिँदै, अनुदान पनि बढ्यो, तर कार्यक्रम सकिने टुंगो छैन

सरकारले आव ०७५/७६ को बजेटमा गरिबीको रेखामुनि रहेका घरपरिवारले सुरक्षित आवासको निर्माण आफैँले गर्न चाहेमा जस्तापाता, सहुलियत दरको काठलगायत सामग्री खरिदका लागि प्रतिपरिवार ५० हजार रुपैयाँ अनुदान दिने घोषणा गरेको थियो। भूमिहीन तथा प्रकोपका कारण घरबारविहीन भएका परिवारसमेतलाई यस कार्यक्रममा समावेश गरी सुरक्षित एवं व्यवस्थित बसोबासको विकास गर्ने लक्ष्य थियो।

सुरुवातमा डेढ लाख घरको छाना फेर्ने लक्ष्य थियो। तर, कार्यक्रम लम्बिँदै जाँदा लाभग्राहीको संख्या बढेको छ। विभागका अनुसार स्वीकृत आवास संख्या हाल दुई लाख १४ हजार २३० पुगेको छ। सुरुमा प्रतिपरिवार ५० हजार दिने भनेको अनुदान अहिले ७५ हजार रुपैयाँ पुगेको छ।

कार्यक्रमको अवधि लम्बिने, लाभग्राही थपिने र अनुदान रकम पनि वृद्धि हुँदा लागत पनि ठुलो अंकमा बढेको छ। हालसम्म कार्यक्रममा ६ अर्ब ५२ करोड २४ लाख ७३ हजार रुपैयाँ खर्च भइसकेको छ। चालू आव ०८१/८२ मा कार्यक्रमका लागि ४० करोड रुपैयाँ विनियोजन भएको छ। स्वीकृत लाभग्राही संख्याबमोजिम कार्यक्रम सम्पन्न गर्न अझै ६ अर्ब रुपैयाँ आवश्यक पर्ने अनुमान विभागको छ।

पहिलो किस्ता लगेका साढे ३५ हजारले दोस्रो किस्ता लिन बाँकी

लाभग्राहीमा छनोट भएर सम्झौता गरेपछि पहिलो किस्ताबापत ६० प्रतिशत र कार्य सम्पन्न भएपछि दोस्रो किस्ताबापत ४० प्रतिशत रकम भुक्तानी दिने व्यवस्था कार्यविधिमा छ। अहिले अनुदानको हिसाबमा लाभग्राहीले पहिलो किस्ताबापत ४५ हजार र अन्तिम किस्तामा ३० हजार रुपैयाँ पाउँछन्।

तर, पहिलो किस्ता लगेर कतिपय लाभग्राही दोस्रो किस्ता लिनै नआएका भेटिएका छन्। विभागको तथ्यांकअनुसार हाल दोस्रो किस्तासमेत लगेर छाना सम्पन्न गरेकाको संख्या ८७ हजार छ। त्यस्तै, कुल स्वीकृत आवास दुई लाख १४ हजार २३० छ। स्वीकृत आवासबाट पूरै किस्ता लगेर छाना सम्पन्न गर्नेलाई घटाउँदा करिब साढे ३५ हजार हुन यसले अनुदान दुरुपयोग भएको हुन सक्ने आशंका पनि जन्माएको छ।

महालेखापरीक्षक कार्यालयले ०७८ मा गरेको कार्यमूलक लेखापरीक्षण प्रतिवेदनले अनुदानको दुरुपयोग भएको विषय उजागर गरेको थियो। पक्की घर भएका र सम्पन्नले पनि अनुदान लगेकोलगायतका विषय प्रतिवेदनमा छन्। गैरलाभग्राहीले अनुदान खोस्दा कतिपय वास्तविक लाभग्राही बन्चित हुन पुगेका प्रतिवेदनमा छ। पहिलो किस्ता लगेका कतिपय लामो समयसम्म पनि दोस्रो किस्ता लिन नआउनुलाई महालेखाले प्रश्न उठाएको छ।

विभागका कतिपय अधिकारी अनुदान दुरुपयोग भएको हुन सक्ने बताउँछन्। 'अनुदान दुरुपयोग भएका गुनासा सुनिएका छन्, कतिपय अवस्थामा देखिएका पनि छन्,' एक अधिकारी भन्छन्, 'तर, अध्ययन र अनुसन्धान नभएकाले यकिन भन्न सक्ने अवस्था छैन।' कार्यक्रम राजनीतिक रूपमा प्रभावित भएकोसमेत देखिएको छ। कार्यान्वयनमा सहयोग पुर्‍याउन कार्यक्रम कार्यान्वयन हुने निर्वाचन क्षेत्रमा समन्वय समितिको व्यवस्था गरिएको छ। सुरक्षित नागरिक आवास कार्यान्वयन कार्यविधि, २०७५ अनुसार बनेका समितिमा सम्बन्धित निर्वाचन क्षेत्रका संघीय सांसदको संयोजकत्वमा जिल्ला समन्वय समितिका प्रमुख, सम्बन्धित स्थानीय तहको प्रमुख, संघीय आयोजना कार्यान्वयन एकाइ प्रमुखलगायतकाको प्रतिनिधित्व हुन्छ। यसले लाभग्राही छनोटलगायतको काम गर्छ। तर, समितिले राजनीतिक आबद्धता, निकटता वा भागबन्डामा लाभग्राही छुटाउने गरेको आरोप छन्।

कार्यक्रममै त्रुटि

खर वा परालको छाना कमजोर हुने तथा हावाहुरी र आगलागीलगायतमा जोखिम हुने ठहर गरेर सरकारले जस्तापाताले विस्थापित गर्ने कार्यक्रम बनाएको हो। तर, कतिपय यो आधारभूत रूपमै त्रुटिपूर्ण रहेको बताउँछन्। कमजोर छाना मूलतः विपन्न परिवारको घरमा हुन्छ। उनीहरूको छाना मात्र नभएर घरै कमजोर छन्। कार्यक्रमले छानाको वैकल्पिक व्यवस्था गरे पनि घरलाई बलियो बनाउने व्यवस्था गरेको छैन। कतिपय ठाउँमा असाध्यै कमजोर घरमा समेत छानामा जस्ता मात्रै टल्किएका छन्।

खर, स्याउला, फुस र परालको छानालाई जस्तापाताले प्रतिस्थापन गरी आवास सुरक्षित बनाउने लक्ष्य कार्यक्रमले लिएको छ। कार्यक्रमअन्तर्गत तराईको गर्मीदेखि हिमालको ठन्डीसम्ममा जस्ता दिने कुरालाई प्राथमिकतामा राखिएको छ। तर, वातावरणीय पक्षबाट सबै स्थानमा जस्ताको छानो उपयुक्त हुँदैन। गर्मीमा तराईको तापक्रम ४०-४२ डिग्रीसम्म पुग्ने तथा जाडोमा शित र ठन्डी बढ्ने हुँदा यी दुवैबाट बच्न जस्ता उपयुक्त छानो होइन, किनभने जस्ताको छानोले गर्मीमा थप गर्मी र जाडोमा थप जाडो बनाउँछ। त्यस्तै, हिमाली क्षेत्रमा हिउँ पर्ने, बरफ जम्ने र अत्यधिक चिसो हुँदा त्यसबाट जोगिन छानामा काठ, ढुंगा र माटो प्रयोग गरिएको हुन्छ। भौगोलिक रूपमा उच्च जोखिममा रहेका नागरिकसमक्ष यो कार्यक्रम प्रभावकारी नभएको महालेखाको प्रश्न छ।

भएका झुपडी...

पृष्ठ १ बाट क्रमशः

लागि ठेकेदारले पैसा लिए पनि अलपत्र छाडिदिएको उनी बताउँछिन्। 'घर बनाइदिन्छु भनेर पहिलाको घर भत्काइयो, बैंकमा खाता खोलाए, काम गराउन ठेकेदारलाई लगाइयो, सरकारी कर्मचारीले पैसा पनि ठेकेदारलाई नै दिएका थिए। एक ट्र्याक्टर ईँटा दिएर काम गरिहाल्छु भनेर गएका थिए, अहिले त सम्पर्कमै छैनन्,' उनले भनिन्, 'घर बनेन, पाँचजनाको परिवार झुपडीमा सुत्छौँ, हामी गरिबको को छ र ?'

अग्निसाइर कृष्णासवरण गाउँपालिका- ४ कै हेरराम सदाको पीडा उस्तै छ। 'हामीलाई झुपडीमा रहने आदत थियो, घर बनाइदिन्छु भन्यो, घर सुरु पनि गर्‍यो। तर, अझै पूरा हुन सकेको छैन,' उनले भने, 'आठ वर्षदेखि घर अलपत्र छ।'

विपन्न, लोपोन्मुख, दलित, सीमान्तकृतलाई आवासको व्यवस्था गर्ने भन्दै संघ सरकारले अघि सारेको जनता आवास कार्यक्रम असफलजस्तै बनेको छ। मधेश प्रदेशमा १४ हजार ४०८ परिवारको घर बनाउने सम्झौता भए पनि अझै पाँच हजार १८४ घर अधुरै छन्।

संघीयताअघि संघ सरकारले नै चलाउँदै आएको कार्यक्रम अहिले प्रदेशमार्फत कार्यान्वयन हुन्छ। तर, बजेट भने संघ सरकारले ससर्त अनुदानका रूपमा पठाउँछ। घरको जग खनेपछि लाभग्राहीले ३५ प्रतिशत रकम तत्काल पाउने व्यवस्था मधेश सरकारको जनता आवास कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७६ मा छ। त्यसपछि ५० र १५ प्रतिशत निकासा हुन्छ। सरकारले घरको डिजाइनसहित तीन किस्तामा तीन लाख ३२ हजार पाँच सय उपलब्ध गराउँछ। तर, कर्मचारीहरू निर्माण सामग्री खरिद गरी काम सुरु नगरेसम्म निकासाका लागि सिफारिस दिँदैनन्। दलित अधिकारकर्मी भोला पासवान कार्यविधिमै समस्या रहेको बताउँछन्। 'जग खनिसकेपछि पहिलो किस्ताबापत ३५ प्रतिशत भुक्तानी गर्ने व्यवस्था नै गलत छ, विपन्नले जग खन्ने पैसा पनि कहाँबाट ल्याउन सक्छन् ?' उनले भने।

मधेश प्रदेशका मुख्यमन्त्री सतिशकुमार सिंह संघ सरकारले न्यून बजेट निकासा गर्दा जनता आवास कार्यक्रम लथालिंग हुन पुगेको बताउँछन्। 'सप्तरी र सिराहामा बजेट आएको छैन, गत वर्ष पनि न्यून बजेट थियो,' उनले भने, 'सुरुमा घरका लागि सम्झौता भएकाहरूलाई पहिलो किस्ता मात्र गएको छ, केहीको मात्र दोस्रो किस्ता गएको छ।'

कार्यक्रम सञ्चालन गर्न जिल्लास्तरमा भौतिक पूर्वाधार विकास मन्त्रालयले तोकेका प्रदेश सभा सदस्यको संयोजकत्वमा समन्वय समिति रहन्छ। लाभग्राही छनोट गर्नेदेखि कार्यक्रम कार्यान्वयनमा समन्वय कायम गर्ने, कार्यक्रमको प्रगति अनुगमन गर्ने, कार्यक्रम कार्यान्वयनमा देखापरेका समस्या समाधान गर्नेलगायतका काम, कर्तव्य र अधिकार समितिलाई नै तोकिएको छ।

सहायता रोकिँदा...

पृष्ठ १ बाट क्रमशः

दिनभित्र समीक्षा गरेर अर्को निर्णय कार्यान्वयन हुनेछ भन्ने सूचना युएसएडमार्फत सम्बन्धित गैरसरकारी संस्था र सरोकारवालालाई दिइएको रहेछ,' परराष्ट्र मन्त्रालयका एक अधिकारीले नयाँ पत्रिकासँग भने। ती अधिकारीका अनुसार अमेरिकाले समीक्षा नगरुन्जेल सबै परियोजना र कार्यक्रम यथास्थितिमा रहनेछन्। सोमबारदेखि यो निर्णय लागू हुनेछ।

अमेरिकी विदेश मन्त्रालयले देशबाहिर रहेका आफ्ना अधिकारी तथा अमेरिकी दूतावासहरूलाई पठाएको आन्तरिक पत्रमा हाल कायम सबै वैदेशिक सहायता तत्कालका लागि रोक लगाएको र नयाँ सहायता पनि स्थगित गरेको उल्लेख छ। उक्त पत्रमा 'प्रस्तावित नयाँ सहायता वा हाल कायम रहेका सहायताको थप विस्तारबारे समीक्षा तथा अनुमोदन नभएसम्म नयाँ सहायता वा विद्यमान सहायताहरूको विस्तारका लागि कुनै पनि नयाँ कोष नहुने' भनिएको छ। अमेरिकी राष्ट्रपति ट्रम्पले शपथलगत्तै हस्ताक्षर गरेको कार्यकारी आदेशअनुसार अमेरिकाका सबै सहायता ९० दिनका लागि स्थगित भएका हुन्।

विश्वका अन्य मुलुकमा जस्तै नेपालमा पनि मानवीय र विकास सहायता प्रभावित भएको हो। युएसएडले नेपाल सरकार र स्थानीय संस्थाहरूसँग साझेदारी गर्दै खाद्य सुरक्षा सुधार, आर्थिक विकास र विविधीकरण, प्राकृतिक स्रोतहरूको दिगो व्यवस्थापन, गुणस्तरीय स्वास्थ्य सेवा र शिक्षण प्रणालीको सुधार, प्रजातान्त्रिक शासनको प्रवर्द्धन र प्राकृतिक विपत् व्यवस्थापनमा क्षमताको सुदृढीकरणमा काम गर्दै आएको छ। नेपालको विकासका लागि संघीयताको समर्थन, समावेशिताको प्रवर्द्धन र संस्थाहरूको क्षमता र दिगोपनको सुदृढीकरण गरी तीन मुख्य क्षेत्रमा उसको सहयोग रहँदै आएको छ। युएसएडले विभिन्न दातृ निकायमार्फत यी परियोजनाहरूका लागि रकम उपलब्ध गराउने गरेको छ।

अमेरिकाको वैदेशिक सहायतासम्बन्धी निकाय फरेन असिस्टेन्स अर्थात् वैदेशिक सहायतासम्बन्धी कार्यालयको वेबसाइटमा नेपालमा ऊर्जा प्रसारणलाइनका लागि एमसिसी बोर्डले पारित गरेको परियोजना कार्यान्वयनमा पनि प्रभाव पर्नेछ।

'हामी अहिले पर्ख र हेरको अवस्थामा छौँ। अमेरिकाले तीन महिनाभित्र जे समीक्षा गर्छ र कार्यान्वयन प्रक्रिया थाल्नेछ, त्यसपछि मात्रै हामीले अमेरिकी सरकारसँग वार्ता गर्न सक्छौँ। अहिले नै के-कसो हुन्छ भन्न सकिने स्थिति छैन,' परराष्ट्रका अधिकारीले भने। यद्यपि, यसबारे नेपालस्थित अमेरिकी राजदूतावासले प्रतिक्रिया दिएको छैन।

अमेरिकी विदेशमन्त्री म्याक्रो रोवियोले पत्रकारहरूसँगको कुराकानीमा अमेरिका सुरक्षित, सुदृढ र समुन्नत हुने सर्तमा मात्रै वैदेशिक सहायता निरन्तरता दिने बताइसकेका छन्। इजरायल र इजिप्टलाई उपलब्ध हुने सैन्य सहायता नरोकिने र अत्यावश्यक आपत्कालीन मेडिकल सहायता जारी राख्ने गरी बाँकी वैदेशिक सहायताका विषयमा ट्रम्प सरकारले समीक्षा गर्नेछ।

तथ्यांकअनुसार अमेरिका विश्वकै सबैभन्दा धेरै वैदेशिक विकास सहायता दिने देश हो। उसले सन् २०२३ मा ६८ अर्ब अमेरिकी डलरबराबरको अन्तर्राष्ट्रिय सहायता प्रदान गरेको तथ्यांक छ। अमेरिकी विदेश मन्त्रालयको सूचनापछि विश्वभर उसको लगानीका विकासदेखि सैन्य सहायतासम्म सबै प्रभावित हुने देखिएको छ।

सडकदेखि...

पृष्ठ १ बाट क्रमशः

काम बन्द गर्नुपर्छ, त्यसैले त्यो निर्माण कार्यलाई तत्काल रोकेर सुरक्षाफौजलाई फिर्ता बोलाएर शान्तिपूर्ण स्थितिको सिर्जना गरी वार्ता-संवादमार्फत मात्रै बाँकी काम अगाडि बढाउनुपर्छ,' उनले भने।

एकीकृत समाजवादीका सांसद कमलप्रसाद जबेगूले खाना खाँदै गरेको समयमा आन्दोलनकारीमाथि प्रहरी र सशस्त्र प्रहरीले आक्रमण गरेको दाबी गर्दै मुकुम्लुङ क्षेत्रलाई व्यापारिक प्रयोजनका लागि दिँदा स्थानीयको भावनामा धेरै ठुलो चोट परेको र शान्तिपूर्ण विरोध गर्दा राज्यआतंक र दमन भएको बताए। उनले किराँत धार्मिक स्थल मुकुम्लुङ क्षेत्रलाई प्राकृतिक अवस्थामै छाड्न माग गरे। पाथीभरा मन्दिरसम्म केबलकार पुर्‍याउनुभन्दा पनि तल्लो फेदीको काफ्ले पाटीसँग सडक कालोपत्रे चाँडो गराउनुपर्नेमा उनले जोड दिए। त्यस्तै, राप्रपा सांसद सविना बजगाईंले केबलकार निर्माणका लागि स्थानीयमाथि राज्यले दमन गरेको भन्दै वार्ताबाट समस्या समाधान खोज्न माग गरिन्।

सत्तारूढ दल एमालेका प्रमुख सचेतक विदुरकुमार लिंकथेपले तीनै तहका सरकार मिलेर पाथीभरा क्षेत्रको समस्या तुरुन्त समाधान गर्नुपर्ने बताए। अर्को सत्तारूढ दल कांग्रेस सांसद प्रदीपकुमार सुनुवार, शमशेर राई, गोविन्द गिरीलगायतले पनि केबलकार निर्माणका लागि पाथीभरामा राज्यबाट दमन भएको भन्दै तुरुन्त निर्माण कार्य रोक्न माग गर्दै सरकारसँग स्पष्ट जवाफ माग गरे।

सरकारले सात वर्षअघि नै पाथीभरामा केबलकार निर्माणका लागि अनुमति दिँदा नै आन्दोलन सुरु भएको थियो। गत २६ कात्तिकमा केबलकारको शिलान्यास गर्दा पनि झडप भएको थियो। 'नो केबलकार' पक्षका व्यक्तिले पाथीभरा मुकुम्लुङ क्षेत्र, याक्थुङहरूको आराध्य देवी युमामाङको वासस्थान भएकाले केबलकार बनाउन नहुने बताउँदै आएका छन्। सरकारले ०५३ मा पाथीभरा क्षेत्र विकास समिति (गठन) आदेश, २०५३ ल्याएर औपचारिक रूपमा राज्यको संलग्नता भए पनि त्यसअघि स्थानीय स्तरमा गठित गैरसरकारी संस्थाहरू पाथीभरामा काम गरिरहेका थिए।

मानव अधिकार आयोगको टोली ताप्लेजुङमा

पाथीभरा क्षेत्रमा भएको झडपको अनुगमनका लागि राष्ट्रिय मानव अधिकार आयोग कोशी प्रदेश कार्यालयको टोली ताप्लेजुङ पुगेको छ। आयोगका केन्द्रीय प्रवक्ता टीकाराम पोखरेलले विज्ञप्ति जारी गरी विकासको अधिकारसँगै नागरिकको आर्थिक, सामाजिक, सांस्कृतिक र वातावरणीय अधिकारको संरक्षण र संवर्द्धनको सुनिश्चितता गर्नु राज्यको दायित्व हुनुपर्ने बताएका छन्। 'विकासमा मानव अधिकारमुखी पद्धतिको अवलम्बन गर्न, झडपको क्रममा घाइते व्यक्तिहरूको निःशुल्क र प्रभावकारी स्वास्थ्योपचारको व्यवस्था गर्न, एक-आपसमा देखिएका विवाद र असहमतिहरूलाई सार्थक वार्ता र संवादको माध्यमबाट समाधान गर्न आयोग नेपाल सरकारलगायत सम्बन्धित पक्षलाई आग्रह गर्दछ,' विज्ञप्तिमा भनिएको छ।

पोखरेलका अनुसार स्थानीय आदिवासी समुदायले पाथीभरा क्षेत्र स्थानीय लिम्बू/याक्थुङ समुदायको सांस्कृतिक एवं आध्यात्मिक विश्वासको केन्द्र रहेकाले ऐतिहासिक नाम मुकुम्लुङ नै राख्नुपर्ने, केबलकार निर्माण कार्य बन्द गर्नुपर्ने, विकास निर्माणका कार्य गर्दा आदिवासी समुदायबाट अग्रिम जानकारीसहितको स्वतन्त्र, सुसूचित सहमति लिनुपर्ने मागसहित यसअघि नै आयोगमा ज्ञापनपत्र बुझाएका थिए। सोहीअनुसार आयोगले गत मंसिरमा स्थलगत अनुगमन गरी वार्ता र सहमतिपश्चात् मात्र निर्माण कार्य अगाडि बढाउन सुझाव दिएको थियो।

■ कांग्रेस बैठकमा सांसदलाई नेतृत्वको 'ब्रिफिङ'–

एमालेसँगको गठबन्धन ढुक्कसँग ०८४ सम्मै चल्छ

नयाँ पत्रिका

कांग्रेस नेतृत्वले एमालेसँगको गठबन्धन ०८४ को निर्वाचनसम्म चल्ने ब्रिफिङ गरेको छ। कांग्रेस संसदीय दलको आइतबारको बैठकमा सरकारको काम, अध्यादेशको औचित्य र यसले भावी दिनमा पार्दै जाने प्रभाव तथा उच्चस्तरीय राजनीतिक संयन्त्रको कामका विषयमा 'ब्रिफिङ' गर्दै नेताहरूले त्यस्तो बताएका हुन्। सातबुँदे सहमतिसहित गठबन्धन बनेका कारण बिचमै फेरबदलको कुनै सम्भावना नरहेको नेतृत्वले 'ब्रिफिङ' गरेको छ।

बैठकमा महामन्त्री गगन थापाले नेतृत्वमा दुई पार्टीले आलोपालो गर्ने सहमतिसहित बनेको सरकारको कुनै विकल्प नरहेको प्रस्ट्याएका थिए। उनले पटक-पटक सरकार परिवर्तन गर्ने अभ्यासले जनतामा वितृष्णा बढ्दै गएकाले लामै गृहकार्यसहित एमालेसँग गठबन्धन गरेको बताएका थिए। 'कांग्रेस-एमालेको गठबन्धनको आयु ठ्याक्कै तीन वर्ष हो, तीन वर्ष नै चल्छ, सातबुँदे सहमतिबाट कोही दायाँबायाँ हुने स्थिति नै छैन,' महामन्त्री थापाको ब्रिफिङ उद्धृत गर्दै प्रमुख सचेतक श्याम घिमिरेले भने, 'मुलुकको आवश्यताअनुसार गठबन्धन बनेका कारण अहिलेको सरकारको कुनै विकल्प छैन।'

महामन्त्री थापाले उच्चस्तरीय राजनीतिक संयन्त्रको औचित्य र यसले गरिरहेका कामका विषयमा प्रकाश पारेका थिए। उनले संयन्त्र सरकार सञ्चालनका लागि नभएर सहयोगका लागि बनेको बताएका थिए। 'संयन्त्रले सरकार चलाउँदैन, तर कुनै सैद्धान्तिक, नीतिगत निर्णय लिनुपर्दा, मन्त्रालयहरूबिच काममा समस्या देखिँदा, अप्ठेरो स्थिति आउँदा समन्वय गर्ने, सहजीकरण गर्ने र समाधान गर्ने काम गर्छ,' थापाको भनाइ थियो, 'अहिलेसम्म त्यस्तो ठुलो समस्या देखिएको छैन, पर्याप्त छलफल गरेरै संयन्त्रले पनि आफ्नो काम गरिरहेको छ।' थापा सरकारलाई सहयोग गर्न गठित संयन्त्रका सदस्य पनि हुन्।

यस्तै, गृहमन्त्री रमेश लेखकले सरकारका कामकारबाही, अध्यादेशको आवश्यकता र औचित्यका विषयमा प्रकाश पारेका थिए। उनले सरकारले सुशासनका पक्षमा काम गर्ने प्रयास गरिरहेको भन्दै संविधानमा भएको व्यवस्थाबमोजिम अध्यादेश आएको र संसद् सञ्चालन हुनेबित्तिकै छलफल गरेर पारित गर्ने तयारी भइरहेको जानकारी गराएका थिए। 'संविधानमै सदन नचलेका बेला सरकारले तत्काले कुनै काम गर्नुपर्दा, आवश्यकता ठान्दा अध्यादेश ल्याउन सक्ने व्यवस्था छ, त्यही व्यवस्थाबमोजिम आर्थिक शिथिलता चिर्दै अर्थतन्त्र चलायमान बनाउन, व्यावसायिक लगानी भित्र्याएर उद्यमी व्यवसायीको मनोबल बढाउन, देशमा सुशासन कायम गरेर जनताले अनुभूति गर्ने गरी सेवाप्रवाह गर्न अध्यादेश ल्याइएको हो,' लेखकले

कांग्रेस केन्द्रीय कार्यालयमा धर्ना

काठमाडौं/ कांग्रेस सर्लाहीका नेता तथा कार्यकर्ताले जिल्ला सभापति सुरेन्द्रप्रसाद सिंहको बर्खास्ती माग गर्दै पार्टी केन्द्रीय कार्यालय सानेपामा धर्ना दिएका छन्। सर्वोच्च अदालतको फैसलाले वन मुद्दामा सिंहलाई भ्रष्टाचारी ठहर गरेको विषयमा ध्यानाकर्षण गराउँदै उनीहरूले बर्खास्त गर्नुपर्ने मागसहित आइतबार केन्द्रीय कार्यालयमा धर्ना दिएका हुन्। पूर्वजिल्ला सभापति लक्ष्मण रायले सर्वोच्च अदालतबाट वन मुद्दामा भ्रष्टाचार ठहर भएका सिंहलाई सभापतिबाट यथाशीघ्र बर्खास्त गर्नुपर्ने माग गरेका थिए। उनीहरूले गत ९ पुसमै केन्द्रीय कार्यालयमा मुख्यसचिव कृष्णप्रसाद पौडेलमार्फत ज्ञापनपत्र बुझाएर सिंहलाई सभापति पदबाट बर्खास्त गर्न माग गरेका थिए।

तर, सभापति शेरबहादुर देउवानिकट सिंह वन मासेर भ्रष्टाचार गरेको मुद्दामा सर्वोच्चबाट सजाय पाएपछि पनि जिल्ला सभापतिकै हैसियतमा सक्रिय छन्। सर्लाहीकै तत्कालीन मनुस्मारा सिँचाइ आयोजना प्रथम चरणको जल उपभोक्ता समिति अध्यक्ष रहँदा सिंहले वन मासेर भ्रष्टाचार गरेको भन्दै विशेष अदालतले उनीविरुद्ध कैद र जरिवाना सुनाएको थियो। त्यसविरुद्ध उनी सर्वोच्च अदालतमा पुनरावेदन गएकोमा गत वर्ष १५ फागुनमा विशेषकै फैसला आंशिक सदर गर्दै दोषी ठहर गरेको थियो।

'ब्रिफिङ' गरेका थिए। बैठकपछि सांसद रामहरि खतिवडाले अहिलेको सरकार बनेपछि क्रमशः अर्थतन्त्र उत्साहजनक दिशामा अगाडि बढ्न थालेको र यही सरकारलाई ०८४ सम्मै लैजाने विषयमा छलफल भएको सञ्चारकर्मीलाई जानकारी गराएका थिए।

त्यस्तै, बैठकमा अध्यादेश तयारीका लागि मस्यौदा समितिमा रहेर काम गरेका विज्ञहरू सेमन्त दाहाल र प्रताप पौडेलले चारवटा अध्यादेशका विषयवस्तु, विभिन्न कानुनमा परिवर्तन गरिएका प्रावधान, परिवर्तनले अर्थतन्त्रलाई चलयमान बनाउन, सुशासन र सेवा प्रवाहमा पार्ने प्रभावलगायत विषयमा सांसदहरूलाई प्रशिक्षण दिएका थिए। १८ माघबाट संसद्को हिउँदे अधिवेशन सुरु हुने भएपछि सरकारले विधेयकका लागि गरिरहेको तयारी, अध्यादेशलगायत सवालमा पार्टीका तर्फबाट सांसदहरूले खेल्नुपर्ने भूमिकाबारे प्रशिक्षित गर्न कांग्रेसले दलमा छलफल गरेको हो। बैठक सोमबार पनि चल्ने प्रमुख सचेतक घिमिरेले बताए। 'आइतबार विषयवस्तुको ब्रिफिङ र प्रशिक्षण भएको छ, सोमबार सांसदहरूले जिज्ञासासहित सुझाव राख्नुहुन्छ र मन्त्रीहरूले पनि आवश्यकताअनुसार जवाफ दिएपछि बैठक सकिन्छ,' प्रमुख सचेतक घिमिरेले भने।

हिउँदे अधिवेशन तनावरहित बनाउन सभामुखको गृहकार्य

सार्वजनिक सरोकारका विविध विषयले शुक्रबारबाट सुरु हुने संसद् तनावग्रस्त हुने संकेत देखिएपछि सभामुख र उपसभामुख दलहरूसँग संवादमा, पहिलो दिन नै प्रधानमन्त्रीले सम्बोधन गर्ने



■ **महेश बर्तौला**, मुख्य सचेतक, एमाले

समितिमा रहेका विधेयक अगाडि बढून्, सरकारले ल्याउने विधेयक पनि आओस्। राष्ट्रिय सरोकार, राष्ट्रिय नीतिबारे बहसहरू संसद्मा होस् भन्ने हाम्रो पनि जोड रह्यो। विगतमा आलोचना र आक्रोश मात्रै थियो। त्यो भन्दा पृथक् ढंगले जाउँ भन्ने हो।



■ **श्याम घिमिरे**, प्रमुख सचेतक, कांग्रेस

राष्ट्रिय सभाबाट आएको मर्यादाक्रमसम्बन्धी विधेयक र राज्य व्यवस्था समितिबाट सभामा प्रस्तुत संवैधानिक परिषद् विधेयक के गर्ने र अगाडि बढाउने-नबढाउने भनेर सभामुखले सोध्नुभयो। हामीले नेताहरूसँग कुरा गर्छौं भन्यौं। साथै, सदन सहज र प्रभावकारी बनाउने विषयमा छलफल भयो।



■ **हितराज पाण्डे**, प्रमुख सचेतक, माओवादी



कोरम पुगेन भन्ने कुरा आउँछ। कोरम सत्तापक्षले पुऱ्याउने हो। बैठक मन्त्रीको कारण सारिएको छ। मन्त्री त भन् छिटो आएर सरकारका तर्फबाट छिटो गर्नुपर्ने हो नि! तर, त्यस्तो भइरहेको छैन। प्रतिपक्षीले त छिटो गर्नुपर्छ भनिरहेको छ, हामी त उपस्थित भएका छौं।

■ **सन्तोष परियार**, प्रमुख सचेतक, रास्वपा



सदनको काम कानुन निर्माण गर्ने हो। तर, सरकार गम्भीर नभएपछि कानुन नबन्ने रहेछ। हामी तयार छौं, तर सत्तापक्ष कानुन निर्माणमा गम्भीर देखिएन। संसदीय समितिमा समेत सत्तापक्षकै बहुमत छ। बैठक नै राख्न सक्नुभएको छैन।

कमलराज भट्ट/नयाँ पत्रिका

कैयौं मुद्दामा सत्तापक्ष-प्रतिपक्ष आमने-सामने रहेका वेला शुक्रबारबाट सुरु हुन लागेको संघीय संसद्को हिउँदे अधिवेशन तनावरहित बनाउन सदनको नेतृत्वले गृहकार्य थालेको छ। सार्वजनिक सरोकारका विविध विषयले संसद् तनावग्रस्त हुने संकेत देखिइरहेका वेला सभामुख देवराज घिमिरे र उपसभामुख इन्दिरा रानाले दलहरूसँग संवाद अगाडि बढाएका छन्।

घिमिरेले आइतबार सत्तारूढ कांग्रेस, एमाले तथा विपक्षी माओवादी र रास्वपा प्रमुख सचेतकसँग आफ्नो कार्यकक्षमा छलफल गरेका छन्। छलफलमा विपक्षी राप्रपा भने अनुपस्थित रह्यो। विपक्षी दलहरूले संसद् अधिवेशन बोलाउन दबाब दिएपछि सरकारले १८ माघमा अधिवेशन बोलाउने निर्णय लिएको थियो।

संसद् सचिवालयका महासचिव पद्मप्रसाद पाण्डेयका अनुसार अधिवेशनको तयारी, विधेयकहरू अगाडि बढाउने विषयमा सत्तापक्षको दृष्टिकोण र प्रतिपक्षीको भूमिका बुझ्न सभामुख घिमिरेले छुट्टै छलफल गरेका थिए। अधिवेशनमा अधिकतम विधेयक पास गर्न दुवैको जोड रहेको र विपक्षीले अध्यादेशमा 'रिजरबेसन' राखेको पाण्डेयले बताए।

उपसभामुख इन्दिरा रानाले हिउँदे अधिवेशन सञ्चालनका लागि सहज वातावरण बनाउन दलहरूसँग छलफल थालिएको बताइन्। 'हिउँदे अधिवेशनलाई कसरी सहज, सक्रिय र परिणाममुखी बनाउने भनेर सत्तापक्ष र प्रतिपक्षी दुवैको छुट्टाछुट्टै विचार बुझेका छौं। अब सबैसँग संयुक्त बस्छौं,' उनले भनिन्। उनका अनुसार अधिवेशनको पहिलो दिन समय व्यवस्थापन कसरी गर्ने भनेर पनि छलफल भएको थियो। यी विषय टुंग्याउन १५ माघ दिउँसो १ बजे कार्यव्यवस्था परामर्श समिति बैठक बस्दै छ।



■ **इन्दिरा राना**, उपसभामुख

हिउँदे अधिवेशनलाई कसरी सहज, सक्रिय र परिणाममुखी बनाउने भनेर सत्तापक्ष र प्रतिपक्षी दुवैको छुट्टाछुट्टै विचार बुझेका छौं। अब सबैसँग संयुक्त बस्छौं। विधेयक अधिवेशनमा तयार भइसकेका र रोकिएका विधेयक कसरी अगाडि बढाउने भनेर पनि छलफल भएको छ। कार्यव्यवस्थामा सबै विषय टुंगिन्छन्।

एमालेका मुख्य सचेतक महेश बर्तौलाले हाउस प्रभावकारी बनाउन पहलकदमी लिन सभामुखले अनुरोध गरेको बताए। 'समितिमा रहेका विधेयक अगाडि बढून्, सरकारले ल्याउने विधेयक पनि आओस्। राष्ट्रिय सरोकार, राष्ट्रिय नीतिहरूका बारेमा बहसहरू संसद्मा होस् भन्ने हाम्रो पनि जोड रह्यो,' बर्तौलाले भने, 'विगतमा आलोचना र आक्रोश मात्रै थियो। त्योभन्दा पृथक् ढंगले जाउँ भन्ने हो।'

सभामुखसँगको छलफलअघि प्रधानमन्त्री केपी ओलीसँग भेटेका बर्तौलाले हिउँदे अधिवेशन तनावरहित र सौहार्द होस् भन्ने प्रधानमन्त्रीको चाहना रहेको पनि सुनाए। प्रधानमन्त्रीले आरोप-प्रत्यारोपको शृंखलाभन्दा नीति निर्माणमा केन्द्रित गराउने कुरामा ध्यान दिन भनेको बर्तौलाले उल्लेख गरे।

एमाले प्रमुख सचेतक बर्तौलाका अनुसार प्रधानमन्त्री ओलीले हिउँदे अधिवेशनकै पहिलो दिन संसद्लाई सम्बोधन गर्ने तयारी पनि गरेका छन्। प्रधानमन्त्री र शीर्ष नेता बोल्ने समय व्यवस्थापन कार्यव्यवस्था परामर्श समितिबाट हुने उनको भनाइ छ।

कांग्रेस प्रमुख सचेतक श्याम घिमिरेले विधेयकका विषयमा सभामुखसँग छलफल भएको बताए। 'राष्ट्रिय सभाबाट आएको मर्यादाक्रमसम्बन्धी विधेयक र राज्य व्यवस्था समितिबाट सभामा प्रस्तुत संवैधानिक परिषद् विधेयक के गर्ने र अगाडि बढाउने-नबढाउने भनेर सभामुखले सोध्नुभयो,' घिमिरेले भने, 'हामीले नेताहरूसँग कुरा गर्छौं भन्यौं। साथै, सदन सहज र प्रभावकारी बनाउने विषयमा छलफल भयो।'

प्रमुख प्रतिपक्षी माओवादीका प्रमुख सचेतक हितराज पाण्डेले विधायिकी कार्यमा सत्तापक्ष नै गैरजिम्मेवार बनेको तथ्य सभामुखसामु राखेको र हिउँदे अधिवेशन परिणाममुखी बनाउन आफूहरूको जोड रहने बताए। 'कोरम पुगेन भन्ने कुरा आउँछ। कोरम सत्तापक्षले पुऱ्याउने हो। बैठक मन्त्रीको कारण सारिएको छ। मन्त्री त भन् छिटो आएर सरकारको तर्फबाट छिटो गर्नुपर्ने हो नि। तर, त्यस्तो भइरहेको छैन,' उनले भने, 'प्रतिपक्षीले त छिटो गर्नुपर्छ भनिरहेको छ, हामी त उपस्थित भएका छौं।' पाण्डेले अधिवेशन बोलाउने वेला सरकारले अध्यादेश ल्याएर संसदीय व्यवस्थाकै उपहास गरेको आरोप लगाए।

पाण्डेले समितिको बैठक होटेलमा गर्ने विषयमा सभामुखको ध्यानाकर्षण गराएका थिए। 'समितिका बैठक आफ्नै कार्यकक्षमा गर्नुपर्छ, तर बाहिर भइरा'छ,' उनले भने, 'भर्खरै पूर्वाधार समितिको बैठक बाहिर भयो। यो थाहा पाएपछि हामीले दलका माननीयलाई नजानुस् भन्यौं।' पाण्डेले सांसदहरू कामभन्दा पनि सुविधामा रुमल्लिएको र संसदीय समितिमा सत्तापक्षका सांसदले धम्कीको भाषा प्रयोग गरेको विषय पनि राखेका थिए।

रास्वपा प्रमुख सचेतक सन्तोष परियारले पनि विधायिकी कार्यलाई गति दिन सरकार र सत्तारूढ दललाई जवाफदेही बनाउन जरुरी रहेको बताए। 'सदनको काम कानुन निर्माण गर्ने हो। तर, सरकार गम्भीर नभएपछि कानुन नबन्ने रहेछ,' उनले भने, 'हामी तयार छौं, तर सत्तापक्ष कानुन निर्माणमा गम्भीर देखिएन। संसदीय समितिमा समेत सत्तापक्षकै बहुमत छ। बैठक नै राख्न सक्नुभएको छैन।'

संक्षेप

सांसद दुर्व्यवहार प्रकरणमा सिसिटिभी फुटेज झिकाउन माग

काठमाडौं/ रास्वपा सांसद विनिता कठायतले आफूमाथि दुर्व्यवहार भएको स्थानको सिसिटिभी फुटेज झिकाउन माग गरेकी छिन्। कृषि समितिका उपसचिव शिवदत्त बरालललाई आइतबार निवेदन दिँदै समिति सदस्य कठायतले उक्त दिनको सिसिटिभी फुटेज झिकाउन माग गरेकी हुन्। २४-२९ पुससम्म नेपालगन्जदेखि पोखरासम्मको ६ दिने अनुगमन कार्यक्रमबारे समिति बैठकमा छलफल भएको थियो। अनुगमन कार्यक्रमअन्तर्गत भ्रमणको सन्दर्भमा भन्दै निवेदनमा उल्लेख छ, '२९ गते समिति सदस्य बसेको होटेल ओपन हाउस पोखराको राति ८-१० बजेसम्मको सिसिटिभी फुटेज तथा उक्त दिन खर्च विवरणको बिल-भर्पाई झिकाई उपलब्ध गराउन अनुरोध गर्दछु।' ९ माघमा बसेको कृषि समिति बैठकमा सांसद कठायतले सभापति कुसुमदेवी थापासहित कांग्रेस-एमाले सांसदले आफूलाई दुर्व्यवहार गरेको बताएकी थिइन्। समितिमा सभापति थापाले प्रमाण ल्याउनुस् भनेपछि कठायतले सिसिटिभी फुटेज मागेकी हुन्। 'माननीयज्यूले कृषि समितिको अनुगमनका दौरान समिति सदस्यहरूको आचरण ठिक नभएको र सांसदहरूले अर्काको व्यक्तिगत जीवनबारे अनावश्यक टीका-टिप्पणी गरेको कुरा समिति बैठकमा उठाउनुभएको थियो,' स्वकीय सचिव अपेक्षा सुवेदीले भन्छिन्, 'सो विषयमा प्रमाण लिएर आउनु भनेपछि माननीयज्यूले समितिमा सिसिभिटी फुटेज झिकाएर यस विषयमा छानबिन गर्न पत्र बुझाउनुभएको हो।'

जसपाको संघीय परिषद् भेला चैतमा

वीरगन्ज/ जनता समाजवादी पार्टीको केन्द्रीय समिति बैठकले संघीय परिषद् भेला आगामी चैतमा गर्ने निर्णय गरेको छ। आइतबार वीरगन्जमा सम्पन्न समितिको बैठकले काठमाडौंमा संघीय परिषद् भेला राख्ने निर्णय गरेको हो। बैठकमा पार्टीको आगामी रणनीति, मधेशमा विद्यामान राजनीति, सामाजिकसहितका विभिन्न मुद्दा समेटेर छलफल भएको पार्टीका उपमहासचिव प्रदीप यादवले जानकारी दिए। बैठकमा विभिन्न राजनीतिक, संगठनात्मक तथा समसामयिक विषयमा गहन छलफल गरेर प्रस्ताव पास गरेको मन्त्रीसमेत रहेका उपमहासचिव यादवले बताए। उनका अनुसार पार्टीका अध्यक्ष अशोक राईको राजनीतिक प्रतिवेदन सर्वसम्मत रूपमा पारित भएको हो। यस्तै, सांगठनिक प्रस्ताव र समसामयिक प्रस्ताव पनि पारित भएका छन्। पार्टीको जिल्ला र प्रदेश कमिटीलाई पूर्णता दिने गरी सांगठनिक प्रतिवेदनसमेत पारित गरेको उनले बताए।

एकै घरका फुपू-भदै जंगलमा मृत भेटिए

अछाम/ अछाममा एकैघरका फुपू-भदै जंगलमा मृत भेटिएका छन्। ढकारी गाउँपालिका- ८ घोडासैनस्थित पल्साँताकी १५ वर्षीया सरस्वती खड्का र १४ वर्षीया इस्वरा खड्का मृत भेटिएका हुन्। गत शुक्रबार बाख्रा चराउन जंगल गएका उनीहरू षोडशा सामुदायिक वनको चिन्ने वडास्थित एघारेभिरमा मृत भेटिएको जिल्ला प्रहरी कार्यालय अछामका प्रमुख प्रहरी नायब उपरीक्षक ईश्वरीप्रसाद भण्डारीले बताए। विद्या प्रबोधनी माविमा कक्षा ८ मा अध्ययनरत उनीहरू गोठालो गएको दिन घर नफर्किएपछि स्थानीयले खोजतलास सुरु गरेका थिए। त्यस क्रममा शनिबार साँझ ५ बजेतिर एघारेभिरको छेउमा दश मिटरको दूरीमा उनीहरूको शव भेटिएपछि प्रहरीलाई खबर गरेको स्थानीय रामबहादुर भण्डारीले बताए। आइतबार बिहानै घटनास्थल पुगेको प्रमुख जिल्ला अधिकारी शिवप्रसाद लम्साल र प्रहरी नायब उपरीक्षक भण्डारीसहितको टोलीले घटनाको अनुसन्धान थालेको छ। प्रारम्भिक अनुसन्धानअनुसार उनीहरू दुवैजना भिरबाट खसेको हुन सक्ने अनुमान गरिएको भण्डारीले बताए।


समाजवादी मोर्चाको दस्ताबेज तयार

काठमाडौं/ माओवादीसहित चार पार्टी सम्मिलित समाजवादी मोर्चाको दस्ताबेज तयार भएको छ। मोर्चाको कार्यदलले ६ महिना लगाएर दस्ताबेज तयार पारेको हो। दस्ताबेजमा मोर्चा गठनयता हालसम्मको कामकारबाहीको समीक्षा, समाजवाद निर्माणको मोडेल र आगामी कार्यक्रम समेटिएको छ। नेपाली विशेषताको समाजवाद निर्माणको लक्ष्य मोर्चाले लिएको कार्यदल सदस्य एवं महिन्द्र राय यादव नेतृत्वको नेसपाका सहअध्यक्ष गंगानारायण श्रेष्ठले जानकारी दिए। 'हामीले मोर्चाको दस्ताबेज तयार पारेका छौं। १५ माघको कार्यक्रमपछि शीर्ष नेतालाई हस्तान्तरण गर्छौं,' श्रेष्ठले भने। गत १ साउनमा बसेको मोर्चाको बैठकले कार्यदललाई दस्ताबेज निर्माणको जिम्मा दिएको थियो।

नेपाली आकाशमा आज एकसाथै ६ ग्रह देखिँदै

काठमाडौं/ आज सोमबार नेपाली आकाशमा ६ वटा ग्रह नांगो आँखाले नै देख्न सकिनेछ। प्रकाशमा कुनै प्रकारको प्रदूषण नभए सोमबार साँझ नांगो आँखाले ती ग्रहहरूलाई काठमाडौंबाट नियाल्न सकिनेछ। कीर्तिपुरस्थित बिपी कोइराला मेमोरियल प्लानेटेरियम तथा अब्जरभेटरी र विज्ञान संग्रहालय विकास समितिका अनुसार चारवटा चम्किला ग्रह (सूर्यको प्रकाशको परिवर्तनले गर्दा) शुक्र, मंगल, बृहस्पति र शनि ग्रह तथा दुईवटा मधुरा ग्रह अरुण र वरुण एकसाथ अवलोकन गर्न सकिनेछ।

समितिका कार्यकारी निर्देशक सनतकुमार शर्माका अनुसार सुरक्षाकर्मी कवाज खेल्न पंक्तिबद्ध भएजस्तै माघ महिनाभरि हाम्रो सौर्यमण्डलका महत्त्वपूर्ण ग्रहहरू पंक्तिबद्ध भएर आकाशमा नृत्य गरिरहेको स्पष्ट रूपमा देख्न सकिन्छ। उत्तरी गोलार्धबाट प्रत्यक्ष रूपमा अवलोकन गर्न सकिने यस रोचक घटनालाई नेपालबाट पनि अवलोकन गर्न सकिनेछ। 'प्रायः हामीकहाँ दुईवटा प्लानेट बढी देखिन्छ, अरू देशमा प्रविधि प्रयोग गरेर धेरै पनि देखाउँछन्, ग्रहहरू सूर्यवरिपरि घुमिरहन्छन्, तर कुनै वेला एउटा अक्षयको नजिक आउँछन्, अहिले ६ वटा ग्रह एउटै लाइनमा लस्करै देखिन्छ, चारवटा ग्रह खाली आँखाले देख्न सकिनेछ।



चन्द्रमाका खाल्डा पनि हेर्न सक्नेछौं,' उनले भने, 'टेलिस्कोपबाट ग्रहहरू देखाउँछौं, यसअघि सूर्यग्रहण पनि देखाएका छौं, यसबाहेक सौर्य घटना पनि देखाउँछौं। ग्रहले मानिसलाई के असर पार्न भन्नेबारेको भ्रम हट्नेछ।' उनका अनुसार मानिसको भविष्य र जीवनमा कुनै पनि ग्रहले कुनै पनि प्रभाव र असर पार्दैन। उनीहरू घुमिरहन्छन्।

माघ दोस्रोदेखि चौथो साताको समयमा शनि, शुक्र, बृहस्पति र मंगल ग्रहलाई लामबद्ध भएर एउटै पंक्तिमा आकाशमा नृत्य गरिरहेको प्रतीत हुन्छ। कीर्तिपुरस्थित बिपी कोइराला मेमोरियल प्लानेटेरियम तथा अब्जरभेटरी र विज्ञान संग्रहालय विकास समितिले सोमबार साँझ ६ बजेदेखि ८ बजेसम्म टेलिस्कोपको सहायताले विभिन्न ६ ग्रहलाई निःशुल्क देखाउने भएको छ।

■ शुभम् फाउन्डेसन प्रकरण

बाल यौन दुर्व्यवहार मुद्दामा कृषिविज्ञ राई दोषी ठहर



खोटाङ/ जिल्ला प्रहरी कार्यालय खोटाङले कृषिविज्ञ मदन राईविरुद्ध दर्ता गरेको बाल यौन दुर्व्यवहार मुद्दामा जिल्ला अदालत खोटाङले दोषी ठहर गरेको छ। पीडित किशोरीले दिएको उजुरीका आधारमा प्रहरीले दर्ता गरेको मुद्दामा राईलाई अदालतले १० माघमा कसुरदार ठहर गरेको हो। जिल्ला न्यायाधीश नारायणप्रसाद दाहालको इजलासले राईलाई दोषी ठहराएको जिल्ला अदालत खोटाङका सूचना अधिकारी सुदीपकुमार भट्टराईले जानकारी दिए। यद्यपि, उनको सजायबारे अर्को पेसीमा सुनुवाइ हुने अदालतले जनाएको छ। अदालतका सूचना अधिकारी भट्टराईका अनुसार सजाय निर्धारणका लागि २५ माघमा अर्को पेसी तोकिएको छ। दिक्तेलको सोल्मामा सञ्चालित शुभम् फाउन्डेसनमा अध्ययनरत बालिकालाई यौन दुर्व्यवहार गरेको अभियोगमा २९ वैशाख ०८० मा फाउन्डेसनबाटै राई पक्राउ परेका थिए। फाउन्डेसनका संस्थापकसमेत रहेका ७५ वर्षीय राईले केही वर्षदेखि सामाजिक सञ्जालमा अश्लील शब्द प्रयोग गरेर स्टाटस लेख्दै आएका थिए। राईलाई जिल्ला अदालत खोटाङले २२ जेठ ०८१ मा चार लाख धरौटीमा छाड्ने आदेश दिएको थियो। वैकल्पिक शिक्षाको नारासहित दिक्तेल रुपाकोट मझुवागढी नगरपालिका- २ सोल्मामा सञ्चालित शुभम् फाउन्डेसनमा करिब १५० विद्यार्थी अध्ययनरत छन्। फाउन्डेसनमा सात वर्ष बसेर बाहिरिएकी १६ वर्षीया एक किशोरीले यौन दुर्व्यवहार गरेको भन्दै प्रहरीमा दिएको उजुरीका आधारमा राई पक्राउ परेका थिए।

देशकै 'उत्कृष्ट' अस्पताल पाँच महिनादेखि मेडिकल सुपरिटेन्डेन्टविहीन

कपिलवस्तुमा **डिलाराम भुसाल**

■ फार्मेसीमा औषधिसमेत छैन, अल्ट्रासाउन्डले काम गर्दैन

दुई वर्षअघि सरकारले देशभरमै उत्कृष्ट घोषित कपिलवस्तुको सदरमुकाम तौलिहवास्थित कपिलवस्तु अस्पताल अहिले भने अस्तव्यस्त र दयनीय अवस्थामा पुगेको छ। करिब पाँच महिनादेखि अस्पताल मेडिकल सुपरिटेन्डेन्ट (मेसु) नहुँदा अस्पताल दयनीय अवस्थामा पुगेको हो।

नर्वौं तहको मेसुको दरबन्दी रहेको अस्पतालमा अहिले ल्याब फाँटका छैटौं तहका कर्मचारी राकेशकुमार शाहलाई निमित्त मेसु बनाइएको छ। ६ महिनाअघि डा. विपिन जैसवाललाई सरुवा गरी मेसुका रूपमा किशोर बन्जाडेलाई ल्याइएको थियो। तर, दुईबिचको आपसी लडाइँले अस्पतालमा राजनीति छिरेको कार्यरत कर्मचारीको भनाइ छ। कांग्रेस र एमाले नेताले मेसु राख्ने र सरुवा गर्ने कार्यलाई प्रतिष्ठाको विषय बनाउँदा अहिले अस्पताल दयनीय अवस्थामा पुगेको कर्मचारीहरू बताउँछन्। मेसु बन्जाडेको एक महिनामै दुईपटक थमौती र दुईपटक सरुवा भएको थियो। मेसु बन्जाडेको अन्ततः विराटनगर सरुवा भएपता अस्पताल मेसुविहीन अवस्थामा छ। सरुवाकै बिचमा अस्पतालमा ८६ लाखको औषधि खरिदलगायत विषयमा अनियमितता भएको विषय बाहिर आएको थियो। अस्पतालमा राजनीति छिरेपछि स्वास्थ्य कर्मचारीले पाउने सेवा-सुविधासमेत रोकिएको छ।



आठ महिनादेखि स्वास्थ्यकर्मीले पाउँदै आएको सुविधा रोकिएको छ। फार्मेसीमा औषधि सकिएको छ। औषधि खरिदका लागि नयाँ खरिद समितिसमेत बन्न सकेको छैन। अस्पताल आउने स्वास्थ्य बिमा तथा अन्य बिरामी औषधि नपाउँदा निराश बनेर फर्किने गरेका छन्। अल्ट्रासाउन्ड मेसिनसमेत महिनौंदेखि बिग्रिएर थन्किएको छ। अस्पतालमा रहेको एउटा मात्र इसिजी मेसिनसमेत बिग्रिएको छ। डाक्टर अभावले आमा सुरक्षा कार्यक्रमसमेत प्रभावित भएको अस्पताल स्रोतको भनाइ छ। अस्तव्यस्त हुँदासमेत अस्पतालजस्तो संवेदनशील ठाउँ तीव्र राजनीतिको सिकार भएको मानव अधिकारकर्मी रवि ठाकुरले बताए। 'अस्पतालमा सेवा बढाउनुभन्दा राजनीतिक दल मेसुको सरुवा गर्न र रोक्नमै लागेका छन्। अस्पताल सुधारमा कसैले चासो छैन,' उनले भने।

डाक्टर र औषधि अभावले बिरामी मर्कामा

निमित्त मेसु शाहले अस्पतालप्रति बिरामीको विश्वाससमेत घटेको बताए। उनले अस्पतालमा मेसु नहुँदा धेरै काम रोकिएको बताए। डाक्टर र औषधि अभावले बिरामी मर्कामा परेको र अस्पतालमा राजनीतिक हस्तक्षेप रहेसम्म सुधार हुन गाह्रो रहेको उनको भनाइ छ।

अस्पताल विकास समितिका अध्यक्ष शिवलाल यादवले राजनीतिक दलका नेता, मन्त्रालय, कसैले पनि कपिलवस्तु अस्पताल सुधारका लागि पहल नगरको गुनासो गरेका छन्। अब अस्पताल सुधारमा ढिलो गर्न नहुने उनको भनाइ छ।

०२९ मा १५ बेडबाट कपिलवस्तु अस्पताल शुभारम्भ भएको थियो। ०७६ मा कपिलवस्तु अस्पताल ५० बेडमा स्तरोन्नति भएको थियो। अस्पतालमा सय बेडको सेवा शुभारम्भ गर्नुपर्ने विषय उठिहरेका वेला दयनीय अवस्थामा पुगेपछि जिल्लावासी निराश बनेका छन्। कपिलवस्तु दुई वर्षअघि ९६ अंकका साथ मुलुकमै उत्कृष्ट बनेको थियो।

विकृत विकासको रजगज

विकास वा अवसर जुन समुदाय र वर्गलाई खाँचो छ, त्यहाँ पुग्न नसक्दा उनीहरू अझै पनि तड्पिनुपर्ने अवस्था छ



● राजेश विद्रोही

अग्रलेख

मुलुकमा संघ, प्रदेश र स्थानीय तहसमेत तीन तहका सरकार छन् । सबै तह र तप्काका नागरिकले समान अधिकार पाएनन्, सबै भूगोल र क्षेत्रले विकासको समान अवसर पाउन सकेनन् भनेर संघीयताको परिकल्पना गरियो । संघीयताको मूल ध्येय राज्यको पुरानो चरित्र बदल्ने, सबै नागरिकलाई समान हक-अधिकार सुनिश्चित गर्ने, समानुपातिक विकास गरेर मुलुकको कायापलट गर्नु थियो । तर, अहिले मुलुकको विविधता र नागरिकको आधारभूत आवश्यकतालाई केन्द्रमा राखेर तीनै तहका सरकारले काम गर्न सकेको देखिँदैन । फगत राजनीतिक दलका विभिन्न तहका नेता एवं कार्यकर्ता व्यवस्थापनको चाँजोपाँजो मात्र मिलेको छ । तीनै तहका सरकारले जनजीविकालाई केन्द्रमा राखेर एउटा पनि विकास कार्य गरेको देखिँदैन । हरेक विकास कार्य आफू, आफ्नो दल र आफन्त हेरेर निहित स्वार्थका लागि नै प्रयोग हुँदै आएका छन् । तीनवटै सरकारले एउटै खालको विकास निर्माण र योजनामा आँखा चिम्लेर बजेट खर्चिरहेका छन् । उनीहरूमा फरक खालका योजना तथा दृष्टिकोण देखिँदैन । जसले नागरिकलाई नौलोपनको महसुस दिन सकेको छैन ।

शासकहरूले मिलेर अन्धविश्वासी समाजलाई यसरी भ्रमित गरेका छन् कि हरेक बजेट भ्रष्टाचारमै केन्द्रित छन् । आर्थिक अनियमितता तथा अपचलन नै उनीहरूको धर्म भएको छ । यसका लागि उनीहरूले सारा बजेट रणनीतिक वा बढी प्रतिफल दिने कार्यमा भन्दा पनि सडक, मठमन्दिर, मेला, महोत्सव, भौतिक संरचना निर्माण आदिमै खपत गरिरहेका छन् । यसले मानवजीवन र विकासको ठुलो पक्षलाई बाइपास गरेको छ । दातृ राष्ट्रहरूको लगानी पनि त्यहीँ केन्द्रित छ । भौतिक पूर्वाधारमा लगानी गर्न जताबाट पनि बजेट खनिएकै छ । तर, मानवीय विकासका लागि बजेट पर्याप्त छैन । सबैभन्दा रोचक विकासको पक्ष के छ भने जुन जाति, समुदाय, धर्म, वर्ग र दलको व्यक्ति निर्वाचन जितेर पुगेको छ, सबैभन्दा बढी विकासको कार्य त्यहीँ केन्द्रित गरिएको छ । उनीहरूकै गाउँमा सडक, बाटोघाटो, मठमन्दिर र पाटीपौवा बनिरहेका छन् । युगौंदेखि किनारामा रहेका दलित, गरिब, सुकुमवासी तथा भूमिहीन बस्तीहरूमा तात्त्विक रूपमा विकास कार्यले कुनै फड्को मार्न सकेको छैन ।

सडक, बाटोघाटो, भौतिक पूर्वाधार आदि विकास निर्माणका काम गर्दा कमिसनको ठुलो चलखेल हुने गर्छ । बजेट सक्नका लागि मात्र गरिने विकास कार्यका कारण हरेक वर्षको आर्थिक मसान्तका दुई महिनामै अधिकतम बजेट खर्च हुन्छ । यसलाई कागजी रूपमा सजिलै पचाउन सकिन्छ । झारा टराइका काम कहिल्यै कानुनी फन्दामा पर्दैनन् । त्यसैले, तीन तहकै सरकार भौतिक संरचनामै बजेटको दुरुपयोग गरिरहेका हुन्छन् । किनभने, शासकहरूले त्यहाँबाट पाउने र आउने कमिसनबाटै आफ्नो परिवार र राजनीतिको भविष्यलाई सुरक्षित गर्छन् । महँगो चुनावमा प्रतिस्पर्धा गर्छन् । कर्मचारी र नेताहरू सहरमा ठुल्ठुला महल ठड्याउँछन् । छोराछोरीहरूलाई स्वदेशका महँगा विद्यालय या विदेशमा पढाउँछन् । यो सबै गर्न उनीहरूलाई कुनै लाजसरम, वर्ग, धर्म या राष्ट्रियताले छुँदैन, छेक्दैन ।

उनीहरूले गर्ने हरेक विकास निर्माण कार्य क्षेत्रीय, नश्लीय चरित्रको हुने गरेको छ । योजनाहरूको छनोट र प्राथमिकीकरणमा एउटा प्रधानमन्त्री, समग्र मुलुकको प्रधानमन्त्री महसुस हुँदैन । मन्त्री आफ्नो निर्वाचन क्षेत्रबाहेक देशका मन्त्री हुन् जस्ता लाग्दैनन् । नागरिकले आफ्नो पालिका र वडाका जनप्रतिनिधिलाई आफ्ना प्रतिनिधि भएको महसुस गर्न सक्दैनन् । सबै तह र तप्काका शासकको सोच र चिन्तन आफ्नो गाउँ आफ्नो समुदायमै केन्द्रित देखिन्छ । प्रधानमन्त्री र मन्त्रीहरूको हालत त्यस्तै छ । मुख्यमन्त्री र प्रदेश सांसदहरूको पनि हालत त्यस्तै छ । मेयर र वडाध्यक्षको हालत पनि उस्तै छ । कसैमा कुनै पनि फरक छैन । सर्वसाधारण नागरिकको कुरा सुन्ने र गर्ने कोही पनि छैन । हिजोकै तानाशाही सामन्ती चरित्रबाट प्रतिलिपि कार्य भइरहेको छ । फरक-फरक सरकारको अनुभूति जनतामा छैन ।



> आजसम्म बनेका प्रधानमन्त्री, मन्त्री, सांसद, मेयर, अध्यक्ष, वडाध्यक्षलगायत जनप्रतिनिधिको गाउँठाउँ, क्षेत्र, जिल्ला र समुदायमा बजेटको लगानी बालुवामा पानी भएको स्पष्टै देखिन्छ । बजेटमाथि बजेट, विकासमाथि विकास खन्याउने गरेको देखिन्छ त्यहाँ ।

आजसम्म बनेका प्रधानमन्त्री, मन्त्री, सांसद, मेयर, अध्यक्ष, वडाध्यक्षलगायत जनप्रतिनिधिको गाउँठाउँ, क्षेत्र, जिल्ला र समुदायमा गएर हेर्नोस्, त्यहाँ बजेटको लगानी, बालुवामा पानी भएको स्पष्टै देखिन्छ । बजेटमाथि बजेट, विकासमाथि विकास खन्याउने गरेको देखिन्छ त्यहाँ । सरकारी कार्यालयलाई करारको नाउँमा आफ्नो परिवार, आसेपासे, नेता-कार्यकर्ता वा पैसावालहरूको भर्तीकेन्द्र बनाइएको छ । तर, विकास वा अवसर जुन समुदाय र वर्गलाई खाँचो छ, उनीहरू अझै पनि तड्पिनुपर्ने अवस्थामै छन् । वर्षामा हिलाम्मे र हिउँदमा धुलाम्मे सडकका कहर खेपिरहेकै छन् ।

> अहिलेको विकासले जनस्तरमा झन् गरिबी, बेरोजगारी, सामाजिक विकृति बढाउने गरेको छ । तीन तहकै सरकारले रत्तिभर मानव विकासका पक्षमा जोड दिएको देखिँदैन । सबै आआफ्नै दुनो सोझ्याउने खेलमै केन्द्रित देखिन्छन् ।

भूमिहीन सुकुमवासी तथा गरिब गाउँबस्तीमा डोजर र उठिबासको त्रास थपिएकोथपियै छ । तर, सामन्तीहरूले राज्य र समाजको सार्वजनिक सम्पत्तिलाई भने बिजनेस कम्प्लेक्स बनाएका छन् । गाउँघरमा जग्गा-जमिनलगायत सार्वजनिक सम्पत्तिदेखि गुठी, वनजंगल तथा बालुवाटार, बाँसबारी, लुम्बिनी विकास कोषका जग्गालगायत सार्वजनिक सम्पत्ति हाकाहाकी लुटिरहेका छन् ।

राज्यको यो कार्यशैलीले निरन्तरता पाएकै छ । मानव विकास कार्यमा कुनै पनि सरकारले कहिल्यै लगानी गरेको देखिँदैन । मानव विकास र जीवनसँग जोडिएका कृषि, उद्योगधन्दा र कलकारखाना ध्वस्त पारिएका छन् । सिंगो देश र जनताको शिर झुक्ने गरी त्यहाँ पनि आफ्नो निहित राजनीतिक स्वार्थ पूरा गरिरहेका छन् शासकहरूले । नयाँ गर्ने र जोड्ने कुरै छैन । किनभने, मुलुकमा परम्परादेखि नै निम्न पुँजीपति दलाल वर्ग हरेक क्षेत्रमा हाबी हुँदै आएको छ । बहुसंख्यक सर्वसाधारण नागरिकले भने चेतनाअभावमा उनीहरूलाई नै अनुमोदन गर्दै आएका छन् । तर, जब सरकार र कुनै व्यवस्थाले नागरिकलाई चिनेको इतिहास छैन भने नागरिकले पनि त्यो व्यवस्था र सरकार नचिन्ने इतिहास साक्षी छ । उनीहरूले विकल्पको खोजी गर्ने नै छन् । अहिले सरकार, व्यवस्था र नागरिकबिचको दूरी बढेको छ ।

नागरिकले एउटा असल राज्य र सरकारको प्रत्याभूति गर्न सकिरहेका छैनन् । मुलुकमा सर्वत्र व्यापक रूपमा बेथिति र भ्रष्टाचार छ । कुनै किसिमको नियन्त्रण र नियमन छैन । अख्तियार अख्तियार जस्तो छैन, धमिलो पृष्ठभूमिबाट आएका शक्तिशालीको भर्तीकेन्द्र साबित हुँदै गएको छ । आजसम्म बन्ने गरेका छानबिन समिति र आयोगहरू पनि आँखामा छारो हाल्ने परम्परामै सीमित छन् ।

सत्ता, सरकार र कुर्सीमोहको राजनीतिले लोकतन्त्र पूरै अराजकता र अराजनीतिक अवस्थाबाट गुज्रिरहेको छ । यसलाई व्यवस्थित र सुदृढीकरण गर्ने दिशामा कुनै दलको रुचि छैन । यिनै कारण दलभित्र पनि चरम निराशा र गुटउपगुट अर्थात् पार्टीभित्रै 'अलग पार्टी'को अवस्था छ । नयाँ राजनीतिक शक्तिहरूले उलटपुलट गर्न सक्ने गरी बहुमत पाइरहेका छैनन् । त्यसैले, हिजोको पञ्चायती व्यवस्था र आजको लोकतान्त्रिक व्यवस्थामा तुलनात्मक रूपमा के फरक छ त भन्दा पहिलेभन्दा अलिकति बढी बोल्ने अधिकार नागरिकलाई छ । तर, बोल्नेहरू शासकको निसानामा पर्ने गरेका छन् । किनभने अहिलेका शासकमा पनि उही मात र मनोदशा छ । कांग्रेस र शेरबहादुर देउवाहरू, एमाले र केपी शर्मा ओलीहरू, पछिल्लोपटक माओवादी र प्रचण्डहरूले कुन वर्गको प्रतिनिधित्व गरिरहेका छन् त ? उनै शासक वर्गको हित साध्ने भएपछि आजको व्यवस्थाबाट पनि गुणात्मक परिवर्तनको अपेक्षा कसरी पूरा हुन्छ ?

आजसम्म आन्दोलनको बलमा जे-जति प्राप्ति भयो, त्यसैमा चित बुझाउनुपर्ने अवस्था नागरिकको छ । अहिले देखिएको तमाम खाले विकासले जनस्तरमा झन् गरिबी, बेरोजगारी, सामाजिक विकृति नै बढाउने गरेको छ । तीन तहकै सरकारले रत्तिभर मानव विकासका पक्षमा जोड दिएको देखिँदैन । सबै आआफ्नै दुनो सोझ्याउने खेलमै केन्द्रित देखिन्छन् । जसले आम सर्वसाधारणमा वितृष्णा मात्र पैदा गरेको छ । त्यसैले, आजको आवश्यकता तीन तहकै सरकारले विकासलाई मानव विकासमा केन्द्रित गर्नु हो । जसले मात्र नागरिक विकासको सार्थकता पूरा गर्नेछ ।

३ प्रश्न

मधेश प्रदेशका पूर्वमुख्यमन्त्री **लालबाबु राउत**लाई



पुँजीगत खर्चमा प्रदेशहरू किन कमजोर देखिएका हुन् ?

यस विषयमा तल्लो तहसम्म हाम्रो सिस्टमकै अभाव छ । फेरि यो प्रदेशको मात्र समस्या होइन, संघको पनि समस्या यही हो । प्रदेशमा त संघीय सरकारको रोग सरेको मात्र हो । यहाँ कर्मचारीको ढिलासुस्तीले पनि बजेट परिचालनमा समस्या आइरहेको हुन्छ । हामीकहाँ सानादेखि ठुला कुनै पनि आयोजनाविरुद्ध ससाना निहुँमा पनि उजुरी गर्ने रोग चर्को छ । उजुरी परेपछि त्यसले किनारा नपाउन्जेल आयोजना अघि बढ्न सक्दैन । अनि, कसरी होस् त पुँजीगत खर्चमा सुधार ?

पुँजीगत खर्च हुन नसक्दा विकास निर्माणमा कस्तो प्रभाव पर्छ ?

पुँजीगत खर्च अत्यन्त न्यून हुनुले विकास निर्माणमा नकारात्मक प्रभाव पर्नु त स्वाभाविक नै भइहाल्यो । यो सबै प्रदेश, स्थानीय तह र संघ सबैतिरको समस्या हो । बुटवल-नारायणघाट सडक खण्डको निर्माण कार्यलाई हेर्दा पनि त्यो बुझ्न सकिन्छ । समयमै काम हुन नसकेपछि म्यादमाथि म्याद थप्दै जाँदा लक्ष्यअनुसार कुनै पनि आयोजना अघि बढ्न सक्दैनन् । यसले सबै प्रदेश र प्रकारान्तरले सिंगो मुलुकमै विकास निर्माणमा अवरोध ल्याउँछ ।

यस्तो अवस्थामा सुधार ल्याउन सकिन्न ?

किन नसक्नु, अवश्यै सकिन्छ । पहिले हाम्रो कार्यकालमा प्रदेशमा कर्मचारीको अभाव थियो । कार्यालय पनि थिएन । बस्ने ठाउँसमेतको अभाव थियो । अहिले अवस्थामा सुधार भएको छ । अब हिजोको 'राजाको काम कहिले जाला घाम' को मानसिकता र पुरानो ब्युरोक्रेटिक चरित्र छाडेर सुशासनप्रति प्रतिबद्ध भई अघि बढ्ने हो भने यसमा सुधार ल्याउन सकिन्छ । साथै, अहिलेको सार्वजनिक खरिद ऐन पनि पुँजीगत खर्चमा बाधक छ । यसमा पनि समयानुकूल सुधार गरेर जानुपर्छ ।

प्रेरक प्रसंग

म किन यस्तो छु ?

एक किशोर सुगा उदास थियो । उसकी आमाले सोधी- तिमी किन उदास छौ, छोरा ? छोराले रुन्चे स्वरमा भन्यो- म मेरो यो चुच्चोलाई घृणा गर्छु । आमाले छक्क पर्दै सोधी- किन, तिम्रो चुच्चो यति सुन्दर छ त ! छोरो सुगाले भन्यो- खुब छ नि सुन्दर ? मेरा अरू साथीको चुच्चो हेर्दा कति राम्रो छ । मेरो भने बांगो न बांगो र हेर्दै भद्दा छ । आखिर म किन यस्तो छु ? आमाले छोरालाई उसको काकाकहाँ पठाइदिई । उसको काका त्यो जंगलभरिकै ज्ञानी प्राणीमा गनिन्थ्यो । किशोर सुगा काकाकहाँ पुगेपछि आफ्नो समस्या सुनाउँदै भन्यो- काका ! मलाई मेरो चुच्चो पटक्कै मन पर्दैन । काग, बाज, कोइलीजस्ता सबै चराको चुच्चो हेर्नुस् त कति सुन्दर छ । काका सुगाले भन्यो- हो, तिनको चुच्चो साँच्चै सुन्दर छ । साँच्ची तिमीलाई गँड्यौला, किरा, माकुरा खान मन पर्छ कि पर्दैन हँ ? किशोर सुगाले भन्यो- छिः ! त्यस्तो घिनलाग्दो कुरा कसले खान्छ ? काकाले भन्यो- ठिकै छ, त्यसो भए माछा खान्छौ त ? कि खरायो या मुसा खान्छौ ? छ्या ! काका पनि कस्तो कुरा गर्नुहुन्छ हो ? म एक सुगा हुँ । म यो सब खानका लागि बनेकै होइन क्या !



काका सुगाले भन्यो- हो, तिमीले ठिक भन्यौ । तिमीले त्यही त बुझ्नुपर्ने थियो नि ! ईश्वरले तिमीलाई अलग तरिकाले बनाएका छन् । तिमीलाई जे मिठो लाग्छ, तिम्रा साथीलाई त्यो मन पर्दैन । तिम्रा साथीलाई जे मन पर्छ, त्यो तिमीलाई मन पर्दैन । एकछिन सोच त तिम्रो चुच्चो तिम्रा साथीको जस्तो हुँदो हो त के तिमी स्वादिष्ट र पौष्टिक ओखर खान सक्थ्यौ ? त्यसैले, अरूसँग के छ भन्ने सोचेर आफ्नो समय बर्बाद नगर । आफूसँग जस्तो क्षमता छ, त्यसैको भरपूर उपयोग कसरी गर्न सकिन्छ, त्यसबारे मात्र सोच । काकाको कुराबाटै किशोर सुगाले आफ्नो समस्याको जवाफ पाइसकेको थियो । ऊ काकालाई धन्यवाद दिँदै खुसीसाथ आमाकहाँ फर्कियो ।

टिप्पणी

nayapatrikaofficial
@naya_patrika

चालकहरूलाई अनुरोध

साँझबिहानको अँध्यारोमा सडक सवारीसाधन चलाउँदा आफ्नो सवारीसाधनको चर्को हेडलाइट बालिदिँदा विपरीत दिशाबाट आउने सवारीसाधनका चालकले कति कठिनाइ झेल्नुपर्छ भन्ने कुरा हाम्रा चालक दाजुभाइले किन नबुझ्नुभएको होला ? आखिर विपरीत दिशाबाट आउने सवारीसाधनले पनि त्यसैगरी चर्को हेडलाइट बालिदिए भने समस्या त आफूलाई पनि पर्छ, होइन र ? जब समस्या आफूलाई पनि पर्छ भने आफ्ना करणले अरूलाई पनि समस्या नहोस् र अरूका कारण आफूलाई पनि कुनै समस्या नपरोस् भन्नेतर्फ सम्पूर्ण चालक साथीहरूले विशेष ध्यान दिनुपर्ने देखिन्छ है !

● **गौरी सुब्बा**, विराटनगर-३, मोरङ

किन मिचिन्छ कानुन ?

'कानुन मिचेर विश्वविद्यालय खोल्ने क्रम बढ्दो'
शीर्षकको समाचार पढियो ।
विश्वविद्यालयजस्तो प्राज्ञिक संस्था स्थापना गर्दा पनि नियम, कानुन मिचिन्छ र सञ्चालनका मापदण्ड कहिल्यै पूरा गरिन्न भने त्यस्तो संस्थाप्रति कसरी जनविश्वास बढ्ला खोइ ?
के हाम्रा प्राज्ञिक व्यक्तित्व सबै नियम, कानुन मिच्ने कार्यमा विशारद हासिल गरेर मात्र नेतृत्वमा पुगेका हुन्छन् हो ? नत्र, तिनले जहिल्यै किन नियम-कानुनको उल्लंघन गरिरहेका हुन्छन् ?
विश्वविद्यालय सञ्चालनका मापदण्डलाई तिनले पालना नगरे पनि हुन्छ हो ?

● **सुलोचना परियार**
घट्टेकुलो, काठमाडौं

तलबभत्ता निकासा कसरी ?

कुनै राष्ट्रसेवक कर्मचारी आठ महिनादेखि बिदा स्वीकृत गराएर विदेश पलायन हुन्छ भने उसको बिदा स्वीकृत भएको अवधिको सेवासुविधा र भत्ता स्वतः राज्यकोषको सम्पत्ति ठहरिनुपर्ने हो । तर, लाहानको सिराहा गोलबजार नगरपालिकामा रहेको नमुना प्राविधिक माविमा कार्यरत शिक्षिकालाई भने बिदा बसेको अवधिमा दसैँ खर्चसहित पहिलो त्रैमासिक सम्पूर्ण तलबभत्ता निकासा गरिसकेको सुनियो । के यो देशमा पहुँच हुनेले जे गरे पनि हुने हो ? कि पहुँचवालालाई कानुनले छुँदैन ? सरकारले यसको जवाफ दिनुपर्‍यो ।

● **गोविन्द भुर्तेल**
सानेपा, ललितपुर

सरकारी उद्योग किन बन्द गरिन्छन् ?

विकसित देशमा राष्ट्रको नाउँमा रहेका उद्योगधन्दा र कलकारखानाको संरक्षण गरिन्छ, तर हाम्रो देशमा भने त्यसलाई कसरी घाटामा लान सकिन्छ भनेर नीति बनाइन्छ । हिजो पञ्चायतकालमा राम्रै अवस्थामा सञ्चालनमा रहेका लगभग २४ उद्योगधन्दा कलकारखाना बन्द भइसकेका छन् । ट्रेड युनियनका नाउँमा अनेक माग राखेर उद्योगधन्दा बन्द गराइयो । उद्योगधन्दा बन्द हुँदा अहिले रोजगारीका लागि विदेश जान बाध्य युवाको संख्या दिनदिनै बढिरहेको छ । निजी उद्योग तथा कलकारखानालाई प्रोत्सान गर्न सरकारी स्वामित्वमा रहेका कलकारखाना बन्द गर्ने रणनीति त छैन हाम्रो सरकारको ? हरेक सरकारी स्वामित्वमा रहेका कम्पनी घाटामा जाने अनि बन्द हुने अवस्था कसरी सिर्जना हुन्छ ? सरकारी स्वामित्वमा रहेका उद्योगधन्दाले पनि व्यापार नै गर्ने होइन र ? अनि, व्यापार गर्दा त फाइदा पो हुनुपर्ने होइन र ? तर, सरकारी उद्योग किन सधैँ घाटामा किन जान्छन् ? कतै निजी उद्योग र कलकारखानालाई पोस्न यो षड्यन्त्र त गरिँदै छैन ?

बजारमा चर्को माग हुँदाहुँदै पनि सरकारी स्वामित्वमा रहेको हेटौंडा सिमेन्ट लगभग पाँच महिनादेखि बन्द छ । त्यो उद्योग बन्द भएकै कारण निजी सिमेन्ट कम्पनीले सिमेन्टको भाउ पाँच महिनाको अन्तरालमा दोब्बरभन्दा बढी वृद्धि गरिसकेका छन् । हेटौंडा सिमेन्ट मात्र होइन, सरकारकै स्वामित्वमा रहेको उदयपुर सिमेन्टले पनि बजारको मागअनुसार उत्पादन गर्न सकेको छैन । यसैको मौका छोपेर निजी कम्पनीको मनोमानी चलेको छ बजारमा । कतै यो सरकार यही त चाहँदैन ?

● **पुरुषोत्तम घिमिरे**, जोरपाटी, काठमाडौं
ghimirepuru@gmail.com

अमेरिका डब्लुएचओबाट बाहिरिने निर्णयको नालिबेली

ट्रम्पको कार्यकारी आदेशमा डब्लुएचओलाई विश्वव्यापी स्वास्थ्य संकटको व्यवस्थापनमा फितलो र राजनीतिक रूपमा प्रभावित भएको उल्लेख गरिएको छ



देश / विदेश

● सी रैना म्याकिन्टायर

अमेरिका विश्व स्वास्थ्य संगठन (डब्लुएचओ) बाट बाहिरिने डोनाल्ड ट्रम्पको घोषणाले सार्वजनिक स्वास्थ्य क्षेत्रमा निराशा ल्याएको छ । केहीले यसलाई ट्रम्पको पहिलो कार्यकारी आदेशमध्ये 'गम्भीर गल्ती' र 'पूर्ण रूपमा दुःखद खबर'को संज्ञा दिएका छन् ।

डब्लुएचओ राष्ट्र संघको एक नियोग हो, जुन सर्वव्यापी स्वास्थ्य पहुँच, स्वास्थ्य आपत्कालीन अवस्थामा प्रतिक्रिया र स्वस्थ जीवन प्रवर्द्धनमा केन्द्रित हुन्छ । नीति लागू गर्ने अधिकार नभए पनि यसले विशेषतः कम आय भएका देशको विश्वव्यापी स्वास्थ्यमा प्रभाव पार्छ । डब्लुएचओले संक्रामक र असंक्रामक रोगमा समन्वयात्मक प्रयासको नेतृत्व गर्छ । उदाहरणका लागि कोभिड-१९ महामारीको फैलावटका वेला गरिएको पहलकदमीलाई लिन सकिन्छ । यसबाहेक डब्लुएचओको बिफर उन्मूलन र पोलियो तथा एचआइभी नियन्त्रणमा अग्रणी भूमिका छ ।

डब्लुएचओबाट बाहिरिने निर्णयका पछाडि कोभिड-१९ महामारी र अन्य विश्वव्यापी स्वास्थ्य संकटको गलत व्यवस्थापन, अत्यावश्यक सुधार अपनाउन असफल र डब्लुएचओका सदस्य राष्ट्रको अनुचित राजनीतिक प्रभावबाट स्वतन्त्र हुन नसकेका कारण देखाइएको छ । कार्यकारी आदेशमा अमेरिकाले चीनको तुलनामा डब्लुएचओलाई गर्ने अत्यधिक आर्थिक योगदानलाई पनि उल्लेख गरिएको छ । सन् २०२४-२५ मा सदस्य राष्ट्रहरूको अनिवार्य कोषमा अमेरिकाले २२ प्रतिशत योगदान गरेको थियो, जबकि चीनले करिब १५ प्रतिशत मात्र योगदान गरेको थियो । राष्ट्रपति ट्रम्पले सन् २०२० मा यस्तै चिन्ताका आधारमा डब्लुएचओबाट बाहिरिने प्रक्रिया सुरु गरेका थिए । तर, यो निर्णय राष्ट्रपति बाइडेनले सन् २०२१ मा उल्ट्याएका थिए ।

अमेरिका डब्लुएचओबाट बाहिरिन एक वर्ष लाग्न सक्छ र यसका लागि कंग्रेसको अनुमोदन आवश्यक हुन सक्छ, जसले अमेरिकी कोष रोक्न सक्ने सम्भावना छ । यो कदमले सन् २०२४ मा सहमति अभावका कारण अड्किएको डब्लुएचओ महामारी सम्झौता पनि अन्त्य गर्न सक्छ । ट्रम्पको कार्यकारी आदेशले महामारी सम्झौताका सबै वार्ता रोक्ने देखाए पनि अमेरिकाले अन्तर्राष्ट्रिय साझेदारसँग काम गर्न सक्ने संकेत गरेको छ ।

यसमा अमेरिकाको जनस्वास्थ्य निकाय सेन्टर फर डिजिज एन्ड कन्ट्रोल (सिडिसी) ले भूमिका खेल्न सक्छ, जसले पहिले नै विश्वव्यापी प्रकोप प्रतिकार प्रशिक्षण सञ्चालन गर्छ । यद्यपि नयाँ अमेरिकी सरकारको अन्तर्राष्ट्रिय सहायता घटाउने वा बन्द गर्ने उद्देश्यका कारण यस दिशामा अघि बढ्न चुनौती भने छन् । डब्लुएचओले विशेषज्ञ समिति र सन्दर्भ प्रयोगशाला सञ्जालको समन्वय गर्छ । उदाहरणका लागि ४१ देशका ५० भन्दा बढी प्रयोगशाला समावेश भएका इन्फ्लुएन्जा नेटवर्क यसमा पर्छन् । तीमध्ये पाँचवटा 'सुपर ल्याब' छन्, जसमध्ये एक सिडिसीमा रहेको छ । यस्ता अधिकांश नेटवर्कमा अमेरिकाको सहभागिता हुने गर्छ र अहिले हेर्दा यो अनिश्चित छ । बर्ड फ्लुजस्ता विश्वव्यापी महामारी जोखिमको निगरानीका लागि यी नेटवर्क अत्यावश्यक छन् । डब्लुएचओले सदस्य राष्ट्रबाहिरका प्रयोगशालालाई मान्यता दिन सक्ने वा त्यहाँका विशेषज्ञलाई समावेश गर्न सक्ने क्षमता राख्छ, तर अमेरिकी सरकारले लगानी गरिएका प्रयोगशालाको अवस्था वा अमेरिकी सरकारी कर्मचारीको भूमिकाबारे स्पष्टता देखिँदैन ।

अमेरिका बाहिरिएको अवस्थामा अन्य शक्तिशाली सदस्य राष्ट्रलाई डब्लुएचओमा बढी प्रभाव राख्ने अवसर दिन सक्छ र यसले अमेरिकी विशेषज्ञको डब्लुएचओ समितिमा भूमिका खुम्चिन सक्छ वा अरू ढंगले संगठनसँग काम गर्नमा प्रतिबन्ध लाग्न सक्छ । अमेरिकाले डब्लुएचको बजेटको २० प्रतिशतभन्दा बढी योगदान गर्दै आएको छ । संगठन बाँकी करिब ८० प्रतिशत कोष निजी र अन्य संस्थाबाट प्राप्त गर्ने गर्छ, अर्थात् अमेरिका बाहिरिएपछि यी संस्थाको डब्लुएचओमा प्रभाव बढ्न सक्छ ।



तस्बिर : टी स्नाइडर/सटरस्टक

ट्रम्प प्रशासन डब्लुएचओको कोभिड र अन्य संक्रामक रोग प्रकोपको व्यवस्थापनलाई लिएर आलोचना गर्ने एक्लो मुलुक होइन । उदाहरणका लागि सन् २०२० को जनवरीको सुरुमा डब्लुएचओले चिनियाँ अधिकारीसँग सहमति जनाउँदै 'रहस्यमय निमोनिया'लाई संक्रामक नभएको भनेको थियो, जबकि वास्तविकतामा यो रोग महिनौंदेखि फैलिन थालिसकेको थियो । र, यो एक महँगो गल्ती साबित भयो । डब्लुएचओले महामारी घोषणा गर्न ढिलाइ र कोभिड हावाको कणबाट फैलिँदैन भनेर भनिएको (जब कि हावाबाट फैलेको प्रमाण देखिएका थिए) विषयमा पनि आलोचना गरिएको थियो । कोभिडको उत्पत्तिसम्बन्धी अनुसन्धानमा पनि आलोचना भयो, विशेषतः अनुसन्धान टोलीमा हितको टकरावको आरोप थियो । पश्चिम अफ्रिकामा दशकअघि भएको इबोला महामारीको व्यवस्थापनका लागि पनि डब्लुएचओलाई आलोचना गरिएको थियो । यी सबै घटनाले सुधारको एक शृंखला सिर्जना गरे पनि यी सुधार पर्याप्त थिएनन् ।

अमेरिकाका जनस्वास्थ्य विशेषज्ञ एवं ब्राउन विश्वविद्यालयका जनस्वास्थ्य संकायका डिन र पूर्वराष्ट्रपति कार्यालयमा कोभिड प्रतिक्रिया समन्वयकर्ता आशिष झा डब्लुएचओमा सुधार हुनुपर्ने पक्षमा छन् । उनले डब्लुएचओको अस्पष्ट उद्देश्य, अत्यधिक व्यापक दायरा, कमजोर प्रशासन र यसले सदस्य राष्ट्रको राजनीतिक संवेदनशीलतालाई प्राथमिकता दिने गरेको भनेर आलोचना गरेका छन् । र, उनले डब्लुएचओले केही क्षेत्रमा विशेषतः प्रकोप प्रतिक्रिया र स्रोतको कुशल उपयोगमा केन्द्रित हुन् सुझाव दिएका छन् । झाका अनुसार अमेरिका डब्लुएचओबाट बाहिरिनुको सट्टा सदस्य बनेर सुधारका लागि दबाब दिनु उपयुक्त हुनेछ । सुधार नहुने हो भने विशेषतः त्यसवेला, जब अन्य मुलुकका सरकारलाई आन्तरिक आवश्यकतामा खर्च बढाउन जनताको दबाब पर्छ, त्यसवेला यी मुलुकले पनि अमेरिकालाई पछ्याउन सक्छन् । डब्लुएचओले अमेरिकालाई बाहिरिने निर्णयमा पुनर्विचार गर्न अनुरोध गरेको छ, तर भविष्यमा वार्ताको सम्भावनाका लागि डब्लुएचओले थप सुधार गर्नुपर्ने हुन सक्छ । यो समाधानतर्फको सबैभन्दा उत्तम उपाय हो ।

(म्याकिन्टायर न्यु साउथवेल्स विश्वविद्यालयकी वैश्विक जैविक सुरक्षाकी प्राध्यापक हुन्)
द कन्भर्सेसनबाट

लेखका लागि : opinion@nayapatrikadaily.com
टिप्पणीका लागि : comment@nayapatrikadaily.com

शासनको सुरुमै देखिएको रापताप कायम राख्न सक्लान् ट्रम्पले ?

राष्ट्रपतिका रूपमा ट्रम्पले हस्ताक्षर गरेका दर्जनौँ कार्यकारी आदेशले लाखौँ अमेरिकी र गैरअमेरिकीको जीवनमा पार्न सक्छ दीर्घकालीन प्रभाव



● डेभिड स्मिथ
स्मिथ गार्जियनमा आबद्ध लेखक हुन्



> ट्रम्प अमेरिकाको ४७औँ राष्ट्रपतिको रूपमा सत्तामा फर्किएको एक साता पनि भएको छैन । यसबिचमा उनले देशलाई नै पुनः आकार दिने खालका क्षमादान र अन्य कार्यकारी निर्देशनका शृंखला कार्यान्वयन गरेका छन् । उनी आफ्ना समर्थकहरूमाझ आशा जगाउन सफल देखिन्छन् ।

गत साता यही समयतिर स्टेवार्ट रोड्स १८ वर्ष लामो जेलसजाय भोगिरहेका थिए । अमेरिकी संसद् भवनमाथिको घातक आक्रमणमा संलग्न भएका रोड्समाथि राज्यविप्लवको षड्यन्त्रमा सरिक भएको आरोपमा उक्त सजाय दिइएको थियो । तर, बुधबार (जनवरी २३) डोनाल्ड ट्रम्पले राष्ट्रपतिले सत्ता सम्हालेको तेस्रो दिन रोड्स पुनः अमेरिकी संसद् भवनमा देखिए । 'ट्रम्प २०२०' लेखिएको टोपी लगाएका रोड्स आरामसँग कफी पिइरहेका देखिन्थे । ट्रम्पको एक हस्ताक्षरले रोड्ससँगै सन् २०२१ मा अमेरिकी संसद् भवनमाथि (क्यापिटल हिल) भएको आक्रमणमा संलग्न १५०० दोषी रिहा भएका छन् ।

शृंखलाबद्ध कार्यकारी आदेशमा हस्ताक्षर गर्दै ट्रम्पले अमेरिकामा दक्षिणपन्थी क्रान्तिको उद्घोष गरेका छन् । उनका आदेशले अमेरिका-मेक्सिको सीमामा सेना तैनाथ हुनेदेखि, अमेरिकामा जन्मिएका व्यक्तिले स्वतः नागरिकता पाउने संवैधानिक अधिकारलाई उल्ट्याउने प्रयास गरेको छ । त्यस्तै, उनले सबै लैंगिक अभिमुखीकरणप्रति उदार र विविधतायुक्त नीतिहरूलाई उल्ट्याउने र जलवायु संकटविरुद्ध भएका अन्तर्राष्ट्रिय प्रयासबाट बाहिरिने र हिंसात्मक अपराधका लागि दोषी ठहरिएका आफ्ना समर्थकलाई रिहा गर्नेसम्मका काम गरिसकेका छन् ।

ट्रम्प अमेरिकाको ४७औँ राष्ट्रपतिको रूपमा सत्तामा फर्किएको एक हप्ता पनि भएको छैन । यसबिच उनले देशलाई नै पुनः आकार दिने खालका क्षमादान र कार्यकारी आदेशका शृंखला चालिसकेका छन् । यसमार्फत उनी आफ्ना समर्थकहरूमा आशा जगाउन सफल देखिन्छन् । उद्घाटन भाषणमा आफूलाई भगवान्ले नै अमेरिकाको नेतृत्वमा चुनेको दाबीदेखि लिएर समर्थक भिडलाई अगाडि राखेर नाटकीय रूपमा कार्यकारी आदेशमा गर्नेसम्मका ट्रम्पका कदमलाई राजतन्त्रभित्रका सर्वेसर्वा राजासँग तुलना भएको छ ।

त्थापि, ट्रम्पका उग्र कदमले कानुनी चुनौती र राजनीतिक प्रहार खेप्न थालेका छन् । सन् २०२१ को जनवरी ६ मा संसद्माथि भएको दंगामा भाग लिनेहरूलाई आममाफी र 'प्राउड ब्वाइज' वा स्टेवार्ट रोड्स संलग्न 'ओथ किपर'जस्ता उग्र दक्षिणपन्थी समूहहरू राजनीतिक समूह भएको भन्ने उनको भनाइले पहिलो कार्यकालको विवादित दिनको झल्को दिन थालेको छ ।

ट्रम्प र उनका सहयोगीहरू अहिले 'क्रान्तिको अवस्था सिर्जना गर्न लागिपरेको' र औसत अमेरिकी त्यसका लागि तयार नरहेको क्यापिटल हिलका पूर्वरिपब्लिकन सञ्चार निर्देशक तारा सेटमेयरले चेतावनी दिन्छिन् । 'हामीले ट्रम्पको नेतृत्वमा अमेरिकामा हाबी हुँदै गएको उग्र दक्षिणपन्थी फासीवादी अभियान रोक्न प्रतिबद्ध छौं कि छैनौं भन्नेमा स्पष्ट हुनु राम्रो हुन्छ,' सेटमेयरले भनिन् ।

सोमबार शपथ लिएको केही मिनेटपछि उद्घाटन सम्बोधनका क्रममा ट्रम्पले छेउमा बसिरहेका पूर्ववर्ती जो बाइडेनलाई समेत आलोचना गर्न बाँकी राखेनन् । उनले बाइडेन प्रशासनलाई प्राकृतिक प्रकोपबाट प्रभावित मानिसहरूलाई 'आधारभूत सेवा'समेत प्रदान गर्न नसक्ने 'भ्रष्ट संस्था' भने । जबकि उनलाई बाइडेनले एक बलियो अर्थतन्त्र र न्यून अवैध आप्रवासीको विरासत छाडेर गएका छन् । 'अमेरिकाको पतन अब रोकिनेछ,' ट्रम्पले सम्बोधनमा घोषणा गरे ।

यस्तो कुरा ट्रम्पका समर्थक अर्थात् 'मागा' (मेक अमेरिका ग्रेट अगेन)मा विश्वास राख्ने उनका प्रशंसकका लागि संगीतजस्तो लाग्न सक्छ । वासिङटनको ठिहिऱ्याउने ठन्डीमा उनीहरू ट्रम्प र अन्य रिपब्लिकन नेतालाई नजिकबाट हेर्न र सुन्न भेला भएका थिए । ट्रम्पको प्रशासनअन्तर्गत 'डिपार्टमेन्ट अफ गभर्नमेन्ट इफिसियन्सी' नेतृत्व गर्ने प्रविधि अर्बपति एलन मस्कले सहरको केन्द्रको खेलमैदानमा बोल्ने क्रममा 'नाजी सलाम' गरेको चर्चा भइरहेको छ ।

राष्ट्रपतिका रूपमा ट्रम्पले हस्ताक्षर गरेका दर्जनौँ कार्यकारी आदेशले लाखौँ अमेरिकी र गैरअमेरिकीहरूको जीवनमा प्रभाव पार्न सक्छ । आफ्नो प्रमुख चुनावी वाचालाई सम्बोधन गर्ने गरी उनले अमेरिका-मेक्सिको सीमामा राष्ट्रिय संकटकाल घोषणा गरेका छन् । उनले दक्षिणी सीमाबाट प्रवेश गरेर शरणका लागि गरिने अनुरोधमाथि विभिन्न प्रकारको प्रतिबन्ध लागू गरेका छन् । ट्रम्पले देशको रक्षा मन्त्रालय (पेन्टागन) लाई सिमाना बन्द गर्न प्राथमिकता दिन र सीमाक्षेत्रमा पर्खाल निर्माण, हिरासत केन्द्र र आप्रवासी फिर्तीलाई सघाउन आदेश दिएका छन् । सेनाले यसै आदेशअनुरूप सीमाक्षेत्रमा १५ सय थप सैनिक पठाउने तयारी गरिरहेको बताइन्छ । त्यस्तै, अब अमेरिकाले थप शरणार्थी लिन बन्द गर्ने घोषणा गरेको छ ।

ट्रम्पले आमा वा बुबामध्ये कोही पनि अमेरिकी नागरिक वा पिआरधारी नभए तिनबाट अमेरिकामा जन्मिएका बच्चाहरूले पाउने जन्मसिद्ध नागरिकताको प्रावधानलाई अन्त्य गर्ने आदेश जारी गरेका छन् । तर, बिहीबार नै एक संघीय न्यायाधीशले आदेशलाई 'स्पष्टतः असंवैधानिक' भएको भन्दै त्यसको कार्यान्वयन रोक्न आदेश दिएका छन् ।

ट्रम्पले सांस्कृतिक युद्ध उचालेका छन् । उनले सरकारी विविधता कार्यक्रम हटाउने एउटा आदेशमा हस्ताक्षर गरेका छन् । योसँगै 'विविधता, समानता र समावेशीकरण (डाइभर्सिटी, इक्विटी एन्ड इन्क्लुसिभ-डिइआई)'सँग सम्बन्धित सबै संघीय कार्यालय र जागिर समाप्त हुनेछ । उनले सरकारी कागपत्रमा 'दुई लिंग, पुरुष र महिला'लाई मात्र स्विकार्ने अर्को एक आदेशमा पनि हस्ताक्षर गरेका छन् । अब अमेरिकी एजेन्सीहरूले समलिंगी पहिचान वा तिनले प्रयोग गर्ने गरेको सर्वनाम प्रयोग गर्न पाउनेछैनन् ।

राष्ट्रपतिले अब संघीय कर्मचारी सम्पूर्ण समय कार्यालयमा रहनुपर्ने व्यवस्था गरेका छन् । कोभिड-१९ महामारीपछि कैयौँ अमेरिकी कर्मचारीले 'वर्क फ्रम होम'(घरबाट काम)लाई निरन्तरता दिँदै आएका थिए । त्यसबाहेक उनले आफ्नो पहिलो कार्यकालको अन्त्यतिर ल्याउने प्रयास गरेका 'अनुसूची एफ' कार्यकारी आदेशलाई पुनर्स्थापित गरेका छन् । यसले दर्शौं हजार अमेरिकी सरकारी कर्मचारीहरूको रोजगार सुरक्षा खोस्नेछ, जसले उनीहरूलाई बर्खास्त गर्न सजिलो हुनेछ ।

> ट्रम्पले आमा वा बुबामध्ये कोही पनि अमेरिकी नागरिक वा पिआरधारी नभए उनीहरूबाट अमेरिकामा जन्मिएका बच्चाहरूले पाउने जन्मसिद्ध नागरिकताको प्रावधानलाई अन्त्य गर्ने आदेश जारी गरेका छन् । तर, एक संघीय न्यायाधीशले त्यसलाई 'स्पष्टतः असंवैधानिक' भनेका छन् ।

अर्को कार्यकारी आदेशमा ट्रम्पले राष्ट्रिय ऊर्जा संकटकाल घोषणा गरेका छन् । योसँगै पेट्रोलियम पदार्थको उत्पादन विस्तार गर्न बाटो खुलेको छ । बाइडेनको पालामा नयाँ पेट्रोलियन उत्खननमा लागू गरिएका प्रतिबन्ध र विद्युतीय सवारी साधनलाई शीघ्र आमप्रयोगमा ल्याउन सघाउने नियम अन्त्य गरेका छन् । ट्रम्पको आगमनसँगै अमेरिका पुनः पेरिस जलवायु सम्झौताबाट बाहिरिएको छ । योसँगै विश्वको सबैभन्दा ठुलो हरितगृह उत्सर्जक मुलुकमध्ये एक जलवायु संकटलाई सम्बोधन गर्न देशहरूलाई दबाब दिने उद्देश्यले गरिएको विश्वव्यापी सम्झौताबाट बाहिरै रहने भएको छ ।

ट्रम्पले आफ्नो प्रशासनलाई विश्व स्वास्थ्य संगठनबाट अलग हुने प्रक्रिया सुरु गर्न पनि आग्रह गरे । यस विश्वव्यापी स्वास्थ्य एजेन्सीले कोभिड- १९ महामारी र अन्य अन्तर्राष्ट्रिय स्वास्थ्य संकटलाई गलत तरिकाले सम्हालेको कारण बाहिरिन लागेको उनको तर्क छ ।

ट्रम्पले पद सम्हालेको पहिलो दिन हस्ताक्षर गरेका कार्यकारी आदेशमा सबैभन्दा बढी विवादित रह्यो चार वर्षअघि अमेरिकी क्यापिटल हिलमा भएको आक्रमणमा संलग्न १५ सय समर्थकलाई माफी दिने निर्णय । ट्रम्पको हार उल्टाउन अमेरिकी संसद् पसेका हुलदंगाकारीमध्ये झन्डै २५० जनाले त्यस दिन झन्डा, हक्की छडी, बैसाखी र स्टनगनजस्ता साधनमार्फ प्रहरीमाथि आक्रमण गरेको अनुसन्धानले देखाएको थियो । तर, उनीहरूसमेतले माफी पाए । आममाफीको केही रिपब्लिकन सिनेटरहरूले विरोध जनाए । तर, धेरैजसोले या त उनलाई समर्थन गरे वा मौन रहे । यसले पनि ट्रम्पको विशाल राजनीतिक पुँजीप्रति रिपब्लिकन पार्टीभित्रको मौन स्वीकृतिलाई संकेत गर्छ । फक्स न्युजको आफ्नो अन्तर्वार्तामा, ट्रम्पले सन् २०२१ मा भएको प्रहरीविरुद्धको हिंसालाई 'अत्यन्त सामान्य घटना' भनेका थिए ।

ट्रम्पको कट्टरपन्थी-दक्षिणपन्थी रूपान्तरणप्रति उनको फिर्तीका लागि चार वर्षदेखि काम गरिरहेका उनका सहयोगी र वकिलहरू सबैभन्दा उत्साहित छन् । तिनले यसपटकको ट्रम्पको विजयलाई 'भारी जित'को संज्ञा दिँदै आएका छन् । ट्रम्प आफैंले यस जितलाई सन् २०२० मा उनीमाथि भएको धोकाको (जिते पनि हारेको देखाउने) 'कोर्स-करेक्सन'का रूपमा देखाउने प्रयास गरिरहेका छन् ।

उसो त अमेरिकी सांस्कृतिक मनोविज्ञान पनि ट्रम्पको पक्षमा सरेको देखिन्छ । यो कुरा शपथग्रहण समारोहमा विश्वका सबैभन्दा धनी प्राविधिक उद्यमीहरूको उपस्थितिले नै संकेत गर्छ । उनको फिर्तीलगत्तै फेसबुकबाट भएको तेस्रो पक्ष तथ्य जाँच परित्याग गऱ्यो । केही कम्पनीहरूबाट तिनको कार्यस्थलमा लागू भएको 'विविधता, समानता र समावेशीकरण' कार्यक्रमको उन्मूलन गरेका छन् । ट्रम्पप्रतिको माहोल दर्साउने अर्को घटना शपथग्रहणअघि आयोजना गरिएको 'पिपुल्स मार्च'का क्रममा पनि देखियो । सो मार्च सन् २०१७ को शपथग्रहणअघि आयोजना गरिएको 'महिला मार्च'भन्दा उलेख्य सानो रह्यो । त्यस्तै, डेमोक्र्याटहरूसमेत विगतमा जस्तो प्रतिद्वन्द्वी दलको राष्ट्रपतिको आलोचना गर्नुको सट्टा उनीसँग सहकार्य गर्न इच्छा देखाइरहेका छन् ।

'द वर्किङ क्लास रिपब्लिकन'का लेखक तथा वासिङटनस्थित 'एथिक्स एन्ड पब्लिक पोलिसी सेन्टर' नामक थिंकट्यांकका वरिष्ठ फेलो हेनरी ओल्सेन पनि अहिले ट्रम्पको हात माथि रहेको स्विकार्छन् । 'ट्रम्प अहिले रिपब्लिकन पार्टीमा मात्र होइन, देशैभरि हाबी छन् । उनले यसलाई आफ्ना चुनावी वाचा पूरा गर्ने नीति लागू गर्न प्रयोग गर्न खोज्नेछन् । तर, उनी यसमा सफल होलान् या नहोलान् भन्ने भन्न सकिँदैन । निश्चित रूपमा आगामी दिनमा अवरोध आउनेछन् । बाटोमा विभिन्न बाधा हुनेछन् । र, जवाफमा ट्रम्पले तिनको सामना कसरी गर्नेछन् वा यस सम्बन्धमा उनी कति गम्भीर छन् पनि भन्न सकिने अवस्था छैन,' ओल्सनले भने ।

ट्रम्पको आगमनले ल्याएको पछिल्लो दक्षिणपन्थी उभारको स्थायित्वमाथि प्रश्न गर्ने पनि धेरै छन् । लेखक तथा मतसर्वेक्षक जोन जोग्बी ट्रम्पको नेतृत्वमा अहिले दक्षिणपन्थी क्रान्तिको प्रयास भइरहेको मान्छन् । 'तर, प्रयास क्रान्तिमा बदलिन्छ वा थर्मिडोर(फ्रान्सेली क्रान्तिको समयमा छोटो समय टिकेको प्रतिक्रान्ति कू) मात्र हुनेछ हेर्न भविष्य कुर्नुपर्छ,' जोग्बीले भने ।

प्रारम्भिक गतिका बाबजुद ट्रम्पको राजनीतिक क्रान्ति नटिक्ने टिप्पणीकार बताउँछन् । तिनका अनुसार ट्रम्पले अहिले नै कंग्रेसका रिपब्लिकन सांसदमाझ र 'मागा' आन्दोलनभित्र विभाजनको सामना गर्न थालिसकेका छन् । त्यस्तै, द्रुत परिणामको माग गर्ने मतदाताहरूले चाडै परिणाम नपाउँदा उनीबाट निराश हुने जोखिम छ । उनको पहिलो कार्यकालमा पनि उनकै समर्थकमाझ अव्यवस्था र बेमेल सिर्जना भएको इतिहास छ ।

मिनेसोटा विश्वविद्यालयअन्तर्गतको 'राजनीतिक तथा शासन अध्ययन केन्द्र'का निर्देशक ल्यारी ज्याकोब्स 'ट्रम्पको शासन शैली पहिले हावादारी चर्का कुरा गर्ने र पछि तिनलाई कार्यान्वयन गर्न धम्की दिने खालको' भएको बताउँछन् । 'ठुला भाषण र चमकधमकपूर्ण घोषणा कार्यान्वयन गर्ने वेला एक समयमा शासनको झ्याउलाग्दो घर्षणको अवधिमा आउँछ । यस अल्झीलाग्दो कठिन अवधिमा पुग्दा ट्रम्प निदाएझैं देखिन्थे । यसपटक पनि उनी पूर्ण रूपमा कट्टरपन्थी दक्षिणपन्थी एजेन्डामा कति टाढासम्म पुग्छन् अहिले ढुक्कसँग भन्न सकिँदैन,' ज्याकोब्सले भने ।

ज्याकोब्स ट्रम्पको जितले अमेरिका मूलभूत रूपमै बदलिएको दाबीसँग सहमत छैनन् । 'अमेरिका दक्षिणपन्थी देश होइन । उनका नीति बाहिरिन थालेपछि तिनले निश्चित रूपमा प्रतिरोध सामना गर्नुपर्नेछ । त्यतिवेला जनमतमा तीव्र उतारचढाव आउनेछन् । हेर्दै जानुस् आगामी गृष्मसम्ममा, ट्रम्पको अनुमोदन दर धेरै घटिसक्नेछ,' ज्याकोब्सले भने । विगतको अनुभव हेर्दा पनि कांग्रेस बिस्तारै राष्ट्रपतिप्रति कठोर बन्दै जाने गरेको देखिन्छ । ट्रम्पको आफ्नै दल रिपब्लिकन पार्टीले पनि सन् २०२६ को मध्यवर्ती चुनावमाथि केन्द्रित हुनुपर्दा मतदातामाझ राष्ट्रपति(ट्रम्प)बाट दूरी देखाउनुपर्ने हुन्छ । त्यसपछि ट्रम्पका कठिन दिन सुरु हुनेछ ।

–द गार्जियनबाट

गाजाबाट प्यालेस्टिनीलाई हटाउने ट्रम्पको तयारी



न्युयोर्क/ अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले शनिबार गाजालाई 'खाली गर्ने' योजना अघि सारेका छन् । मध्यपूर्वमा शान्ति स्थापनाका लागि इजिप्ट र जोर्डनले प्यालेस्टिनीलाई त्यहाँबाट हटाउनु उचित भएको ट्रम्पले बताए । इजरायल-हमास युद्धपछि गाजालाई 'विध्वंसस्थल'को संज्ञा दिँदै ट्रम्पले जोर्डनका राजा अब्दुल्लाह द्वितीयसँग यस विषयमा कुरा भएको र आइतबार इजिप्टका राष्ट्रपति अब्देल फताह अल-सिसीसँग कुरा गर्ने योजना रहेको बताए ।

'इजिप्टले गाजामा रहेका आफ्ना मानिसहरूलाई लिएर जाओस् र जोर्डनले पनि त्यसै गरोस् भन्ने म चाहन्छु' ट्रम्पले एयर फोर्स वनमा पत्रकारहरूसँगको कुराकानीमा भने । 'तपाईं सायद १५ लाख मानिसका बारेमा चिन्ता व्यक्त गर्दै हुनुहुन्छ । हामी त्यो सबै खाली गर्न चाहन्छौं । तपाईंलाई थाहा छ, शताब्दियौंदेखि यो स्थानमा धेरै संघर्ष थिए । मलाई थाहा छैन, तर त्यहाँ केही हुनुपर्छ ।'

सन् २०२३ को अक्टोबर ७ मा दक्षिणी इजरायलमा हमासले गरेको आक्रमणपछि सुरु भएको युद्धका कारण गाजाका २४ लाख जनसंख्यामध्ये अधिकांश विस्थापित भएका छन् । ट्रम्पले गाजाका बासिन्दालाई स्थानान्तरण गर्नु 'अस्थायी वा दीर्घकालीन पनि' हुन सक्ने बताएका छन् ।

'यो वास्तवमै अहिले भत्काइने ठाउँ हो, लगभग सबै ध्वस्त भएको छ र मानिसहरू त्यहाँ मरिरहेका छन्,' ट्रम्पले भने, 'त्यसैले म बरु केही अरब राष्ट्रहरूसँग वार्ता गर्न चाहन्छु र फरक स्थानमा आवास निर्माण गर्न चाहन्छु जहाँ उनीहरू परिवर्तनसँगै शान्तिसाथ बस्न सकून् ।' पूर्वअमेरिकी राष्ट्रपति जो बाइडनको प्रशासनको अन्तिम दिन इजरायल र हमासबिच भएको युद्धविराम र बन्धक मुक्त गर्ने सम्झौता दोस्रो हप्तामा प्रवेश गरेका वेला शनिबार उनको सो भनाइ आएको हो ।

ट्रम्प प्रशासनले इजरायललाई 'अटुट समर्थन' गर्ने वचन दिएको छ, तर मध्यपूर्व नीतिको विस्तृत विवरण भने सार्वजनिक गरेको छैन । राष्ट्रपति ट्रम्पले आफ्ना पूर्ववर्ती बाइडेनले रोकेको इजरायलका लागि दुई हजार पाउन्डबराबरको बम पठाउन पेन्टागनलाई आदेश दिएको शनिबार पुष्टि गरेका छन् ।

विश्व संक्षेप

युनलाई हिरासतमा राख्न आदेश



सोल/ दक्षिण कोरियाली अभियोजकहरूले महाभियोग लगाइएका राष्ट्रपति युन सुक योलमाथि 'विद्रोहको मुख्य नाइके'का रूपमा अभियोजन गर्दै निलम्बित नेतालाई हिरासतमा रहन आदेश दिएका छन् । युनले डिसेम्बर ३ मा नागरिक शासन निलम्बन गर्ने आफ्नो प्रयासले देशलाई राजनीतिक अराजकतामा डुबाए । उनले लागू गरेको सैन्य शासन केबल ६ घण्टासम्म मात्र रह्यो र संसद् सदस्यहरूले सशस्त्र सैनिकहरूको विरोधमा मतदान गरी यसलाई खारेज गरे ।

त्यसलगत्तै उनलाई महाभियोग लगाइएको थियो र यो महिना गिरफ्तार हुने पहिलो दक्षिण कोरियाली राष्ट्र प्रमुख बने । अभियोजनकर्ताहरूले एक बयानमा सुरक्षाकर्मीहरूले 'युन सुक योललाई विद्रोहको प्रमुख भएको आरोपमा आज हिरासतमा राखेको' बताएका छन् । गिरफ्तारीदेखि नै उनलाई सियोल हिरासत केन्द्रमा राखिएको छ । औपचारिक अभियोजनले उनलाई अदालती कारबाहीसम्म हिरासतमा राख्नेछ र यो ६ महिनाभित्र हुनुपर्छ । अदालतले दुईपटक अभियोजकहरूले उनीहरूको अनुसन्धान अगाडि बढ्दै गर्दा उनको गिरफ्तारी वारेन्ट विस्तार गर्ने अनुरोधलाई अस्वीकार गरेपछि अभियोग व्यापक रूपमा अपेक्षित थियो ।

द्वन्द्वले कंगोमा चार लाख विस्थापित

किंसासा/ पूर्वी प्रजातान्त्रिक गणतन्त्र कंगो (डिआरसी) मा सन् २०२५ को सुरुदेखि चार लाखभन्दा बढी मानिस विस्थापित भएका छन् । द्वन्द्व बढ्दै गएपछि देशमा विस्थापितको संख्या बढेको संयुक्त राष्ट संघको शरणार्थी निकायले जानकारी दिएको हो । शरणार्थीका लागि राष्ट्रसंघीय उच्चायुक्त (युएनएचसिआर) ले पूर्वी डिआरसीमा नागरिक र आन्तरिक रूपमा विस्थापित व्यक्तिहरू (आईडिपी)को संरक्षणबारे गम्भीर रहेको एक विज्ञप्तिमा उल्लेख भएको छ । यी क्षेत्रमा लडाकुबिचको लगातार झडपले दक्षिण किभु र उत्तर किभु प्रान्तमा नागरिक सुरक्षाको वातावरण बिग्रिँदै गएको छ । उत्तरी किभु प्रान्तको साके सहर र त्यसवरपरका क्षेत्रमा सरकारी सेना र विद्रोहीबिच हिंसात्मक झडप जारी छ । उत्तरी किभु प्रान्तको राजधानी सहर गोमावरिपरि ठुला विस्फोटहरू भएका छन् । चरम हिंसाको सामना गरिरहेका तीन क्षेत्र गोमा, साके र कालेबिचका सबै मानवीय मार्ग जारी युद्धका कारण बन्द गरिएको युएनएचसिआरले जनाएको छ । प्रतिवेदनले घाइतेको प्रवाहले अस्पतालको आपत्कालीन क्षमतालाई तनावपूर्ण बनाएको जनाएको छ । दुवै पक्षको गोलाबारीले गोमा र वरपरका क्षेत्रमा विस्थापित बासिन्दामा त्रास फैलाएको छ ।

युक्रेनसँग वार्ता गर्न पुटिन तयार



मस्को/ रुसी राष्ट्रपति भ्लादिमिर पुटिनले युक्रेनसँग वार्ता गर्न मस्को तयार रहेको बताएका छन् । 'हामीले जहिले पनि यो कुरा भन्दै आएका छौं कि हामी युक्रेनी विषयमा वार्ताका लागि तयार छौं,' पुटिनले भने । वार्ताका लागि पहिले प्रतिबन्ध खुकुलो पार्नु आवश्यक रहेको उनले बताए । 'यदि वार्ता पुनः सुरु भयो भने युक्रेनको वर्तमान कानुनी ढाँचाअन्तर्गत यो अवैध हुनेछ ।' 'जबसम्म यो आदेश जारी रहन्छ, तबसम्म यी वार्ता सही तरिकाले पूरा गर्न सकिन्छ भन्ने विश्वास मलाई छैन । त्यसैले वार्ताका लागि वातावरण बनाउन पहिले अर्को चरणको छलफल जरुरी छ,' पुटिनले भने । उनले केही प्रारम्भिक छलफल हुन सक्ने भए पनि युक्रेनी पक्षबाट विद्यमान प्रतिबन्धका कारण गम्भीर वार्ता गर्न कठिन हुने उल्लेख गरे । रुसी नेताले जेलेन्स्कीलाई वार्तामा प्रतिबन्ध लगाउने आदेश हटाउन र आफ्ना प्रायोजकको आदेश पालना गर्न कुनै हतार नभएको बताएका छन् ।

इतिहासमा आज

जनवरी २७



सन् १९६७ : अन्तरिक्ष अभियान एपोलो १ मिसनको तयारीमा रहेका तीन जना अन्तरिक्ष यात्रीको केबिनमा आगो लाग्दा जलेर मृत्यु । यो घटनाले नासाको लुनार अवतरण कार्यक्रमलाई झट्का लागेको थियो ।

सन् १९१८ : फिनल्यान्डमा कम्युनिस्टद्वारा सत्ता कब्जाको प्रयास ।

सन् १९६७ : अमेरिका, बेलायत र सोभियत युनियनबिच आणविक हतियारबारे महत्त्वपूर्ण सन्धिमा हस्ताक्षर । यो सन्धिले बाह्य अन्तरिक्षमा आणविक हतियारहरू तैनाथ गर्न प्रतिबन्ध लगाएको छ ।

सन् १९७३ : भियतनाम युद्ध समाप्त । फ्रान्सको राजधानी पेरिसमा भएको सन्धिपछि अमेरिकाले भियतनाम युद्ध अन्त भएको घोषणा गऱ्यो ।

सन् १९४५ : रुसी फौजद्वारा नाजीले नरसंहार मच्चाएको कुख्यात ठाउँ अस्चविजलाई दोस्रो विश्वयुद्धका क्रममा मुक्त गरेको घोषणा । पोल्यान्डको अस्चविजनजिक क्याम खडा गरेर जर्मनीको तत्कालीन नाजी शासकले करिब ११ लाख यहुदीको हत्या गरेको थियो ।

अर्थ पत्रिका

नयाँ पत्रिका
सोमबार १४ माघ ०८१

सार्वजनिक निकायलाई चाहिने अधिकांश वस्तुको उत्पादन मुलुकभित्रै

सरकारी कार्यक्रममा प्रयोग हुने अधिकांश वस्तुमा दरिलो उपस्थिति



सरकारले निर्देशिकामै स्वदेशी वस्तुहरू पहिचान गरेर समेटेको छ। सरकारी कार्यक्रम गर्दा धेरै प्रयोग हुने स्टेसनरीका सामानहरू, टोपी, खादा-माला, ब्याच, झोला, दोसल्ला, सल र पुरस्कार तथा उपहार दिन नेपाली वस्तुको पर्याप्त उत्पादन छ। नेपाली टोपी, ढाकाको खादा-माला तथा मौलिक सामग्रीहरू उपहारका लागि दिन सकिन्छ। त्यस्तै, दर्जनभन्दा बढी ब्रान्डका लत्ता-कपडा र जुत्ता छन्। सरकारी तथा निजी क्षेत्रबाट डेरी, कन्फेक्सनरी र बिस्कुटहरू पनि पर्याप्त उत्पादन भएका छन्। सार्वजनिक निकायमा प्रयोग गर्ने कार्पेट,पर्दा, फर्निचर पनि उत्पादन हुन्छन्। एक सयभन्दा बढी ब्रान्डमा प्रशोधित पानी उद्योग छन्।

यसुडा, सिजी, हिमलगायतका इलेक्ट्रोनिक्स सामग्री, यात्री मोटरसाइकल, निक ब्रान्डको ट्रान्सफर्मर पनि उपलब्ध छन्। निर्माण क्षेत्रतर्फ सिमेन्ट, पेन्ट्स, फलामे डन्डी, एएसी ब्लक (हलुका आधुनिक इँटा)लगायतको प्रशस्तै उपलब्धता छ। बरु, बजार नपाएर उद्योग आधाभन्दा कम क्षमतामा सञ्चालन भइरहेका छन्।

गोल्ड स्टार सुजकी सञ्चालक राणाले सरकारले कडाइका साथ स्वदेशी वस्तुको प्रयोग गर्न सार्वजनिक निकायलाई पहल गर्नुपर्ने बताइन्। 'सार्वजनिक निकायलाई चाहिने अधिकांश वस्तुको उत्पादन मुलुकभित्रै हुन्छ र मागअनुसार आपूर्ति गर्न पनि सकिन्छ,' उनले भनिन्, 'यसले निजी क्षेत्रलाई ठुलो प्रोत्साहन मिल्छ, उत्पादनसँगै आत्मनिर्भरता बढ्छ, रोजगारी सिर्जना हुन्छ र आयात प्रतिस्थापनमा सघाउ पुग्छ।'

अन्डा, माछामासु र मासुजन्य सामग्री, तेल, घिउ, चिया, कफी, अलैंची, अदुवा तथा मसलाजन्य सामग्री, फलफूल पनि स्वदेशमै उत्पादन हुन्छन्। जडीबुटीजन्य वस्तुहरूको अथाह सम्भावना छ। कपर वा आल्मुनियम बाइन्डिङ वायरदेखि हेलमेटसम्म स्वदेशमै उत्पादन हुन थालेका छन्। पछिल्लो समय नेपालले कम्प्युटर सफ्टवेयरमा पनि प्रगति गर्दै छ।

ढाका र ढाकाजन्य सामग्री उत्पादनमा नेपाल अगाडि नै छ। पश्मिना, जुट र प्राकृतिक रेसाबाट बनेका सामग्री युरोप तथा अमेरिकासम्म पुग्छन्। ऊनी गलैंचा तथा कार्पेट उत्पादन गर्ने उद्योग पनि प्रशस्तै छन्। सार्वजनिक निकायका कर्मचारी र पदाधिकारीलाई तोकिएका पोसाक, टोपी, जुत्ता, पेटीलगायत सामान पनि स्वदेशमै उत्पादन हुने उद्योगी बताउँछन्। उपहार तथा कोसेलीका लागि परम्परागत हस्तकला, काष्ठकला, मूर्तिकला, चित्रकला तथा प्रस्तरका सामग्री पनि पाइन्छन्।

निजी क्षेत्र उत्साहित

स्वदेशी वस्तुको प्रयोग बढाउन सरकारले तदारुकता देखाएपछि नेपाल उद्योग वाणिज्य महासंघले पनि देशभरका व्यवसायीलाई उत्पादित सामग्री सरकारी निकायलाई उपलब्ध गराउन र आफैं पनि प्रयोग गर्न सर्कुलर जारी गरेको छ। महासंघ अध्यक्ष ढकालले स्वदेशी उत्पादन प्रवर्द्धन गर्न निकै सहयोग पुग्ने विश्वास व्यक्त गरेका छन्।

सरकारले सार्वजनिक निकायमा स्वदेशी वस्तुहरू प्रयोगमा तदारुकता देखाउनु अत्यन्तै सराहनीय भएको बताउँदै किरण सुज म्यानुफ्याक्चर्स (गोल्डस्टार सुज)की सञ्चालक विदुषी राणाले भनिन्, 'यो माग हामीले पहिलेदेखि नै राख्दै आएका थियौं, सार्वजनिक निकायहरूमा स्वदेशी वस्तुको प्रयोगलाई व्यवहारमै प्रभावकारी बनाउन जोड दिइनुपर्छ।'

आगामी वर्ष गरौंला भन्ने छुट कसैलाई छैन

● **दामोदर भण्डारी**, मन्त्री, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय



स्वदेशी वस्तु प्रयोग गर्नेसम्बन्धी निर्देशिका कार्यान्वयनमा आनाकानी गर्ने छुट कसैलाई छैन। सबै निकायले अनिवार्य कार्यान्वयन गर्नुपर्छ। सरकारले पनि राष्ट्रिय रूपमै अभियान चलाउने तयारी गरेको छ। 'मेरो देश मेरो उत्पादन'को नारालाई सबैले आत्मसात् गर्नुपर्छ। कार्यान्वयनमा ससाना समस्या देखाउँदै आगामी वर्ष गरौंला भन्ने छुट कसैलाई हुनेछैन।

स्वदेशी उत्पादन प्रवर्द्धन गर्न सहयोग पुग्छ


● **चन्द्रप्रसाद ढकाल**, अध्यक्ष, नेपाल उद्योग वाणिज्य महासंघ



सार्वजनिक निकायमा स्वदेशी वस्तुहरूको प्रयोग अनिवार्य गर्ने सरकारको निर्णय कार्यान्वयनका लागि सबै जिल्ला तथा नगर उद्योग वाणिज्य संघ तथा आफ्ना सम्पूर्ण सदस्यलाई आग्रह गरेका छौं। यो निर्णय स्वागतयोग्य छ। स्वदेशी उत्पादन प्रवर्द्धन गर्न निकै सहयोग पुग्ने विश्वास पनि छ।

अब प्रभावकारी कार्यान्वयन आवश्यक

● **विदुषी राणा**, कार्यकारी निर्देशक, गोल्डस्टार सुज



सार्वजनिक निकायमा स्वदेशी वस्तुहरू प्रयोग गरिनु अत्यन्तै सराहनीय छ। सार्वजनिक निकायमा स्वदेशी वस्तुको प्रयोगसम्बन्धी निर्देशिका पारित भइसकेको छ। सार्वजनिक निकायमा स्वदेशी वस्तुको प्रयोगलाई व्यवहारमै प्रभावकारी बनाउन जोड दिइनुपर्छ। सरकारी निकायहरूमा स्वदेशी वस्तुको अनिवार्य प्रयोगले निजी क्षेत्रलाई ठुलो प्रोत्साहन मिल्छ।

नवीन अर्याल/नयाँ पत्रिका

सार्वजनिक निकायमा स्वदेशी कच्चा पदार्थबाट उत्पादित वस्तुको प्रयोग बढाउन सरकारले कडाइ गरेसँगै स्वदेशी उद्योगीहरू उत्साहीत भएका छन्। गत साता उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयले सबै मन्त्रालय, विभाग र सुरक्षा निकायलाई डाकेर दैनिक कामकाजदेखि सेमिनार-गोष्ठीमा प्रयोग हुने र उपहार-पुरस्कार वितरण गर्दासमेत स्वदेशी वस्तु प्रयोगलाई प्राथमिकता दिन निर्देशन दिएको थियो।

मन्त्रिपरिषद्ले २८ मंसिरमा 'सार्वजनिक निकायमा स्वदेशी वस्तुको प्रयोगसम्बन्धी निर्देशिका, ०८१' स्वीकृत गरेको हो। उक्त निर्देशिका कार्यान्वयनका लागि उद्योग मन्त्रालयले अग्रसरता देखाएको हो। मन्त्री भण्डारीले छलफलमा सबै सार्वजनिक निकायले पूर्ण रूपले निर्देशिका पालना गरी स्वदेशी उत्पादनको प्रयोग गर्नुपर्ने बताए। स्वदेशी उत्पादन वृद्धि हुने, स्वदेशमै रोजगारी सिर्जना हुने, गरिबी निवारण हुने र देशको आर्थिक विकासमा टेवा पुग्ने भएकाले पनि स्वदेशी वस्तुको उपयोग बढाउनुपर्ने उनको धारणा थियो।

कार्यालयलाई चाहिने सामग्री खरिद गर्दा स्वदेशी उत्पादन हुनुपर्ने सर्त राखेर मात्रै बोलपत्र निकाल्नुपर्ने निर्देशिकामा उल्लेख छ। धेरै स्वदेशी वस्तुको प्रयोग गर्ने सार्वजनिक निकायलाई पुरस्कृत गरेर प्रोत्साहन गर्ने पनि उल्लेख छ। त्यस्तै, स्वदेशी वस्तु खरिद गरेको विवरण लेखा परीक्षणमा समेत उल्लेख गर्नुपर्ने भनेर सार्वजनिक निकायलाई कडाइ गरिएको छ। स्वदेशी वस्तुहरूले गुणस्तर प्रमाण चिह्न लिएर उपभोक्तालाई गुणस्तरप्रति निर्धक्क हुन प्रोत्साहन गरिरहेको गुणस्तर तथा नापतौल विभागले जनाएको छ। विभागका अनुसार हालसम्म ७० भन्दा बढी वस्तुहरूले गुणस्तर चिह्न लिएको र अन्य वस्तु उत्पादकहरूले गुणस्तर चिह्नका लागि आवेदन दिइरहेका छन्।

■ राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐनको संशोधन खारेजपछि इप्पानको प्रतिक्रिया-

सर्वोच्चको फैसलाले १९,७३६ मेगावाटका २६७ आयोजना प्रभावित



कृष्ण रिजाल/नयाँ पत्रिका

राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ को दफा ५ र दफा ६ मा भएको संशोधनलाई खारेजी गर्ने सर्वोच्च अदालतको फैसलाले १९ हजार सात सय ३६ मेगावाट क्षमताका दुई सय ६७ जलविद्युत् आयोजना प्रभावित हुने भएका छन्। सर्वोच्चको उक्त फैसलाले ती जलविद्युत् आयोजना जटिलतामा जाने र खर्बौं लगानी जोखिममा पर्ने स्वतन्त्र ऊर्जा उत्पादकहरूको संस्था नेपाल (इप्पान)ले दाबी गरेको हो।

सरकारले लगानी सम्मेलन २०८१ लाई लक्षित गर्दै 'लगानी सहजीकरणका लागि केही नेपाल ऐन संशोधन गर्न बनेको विधेयक २०८१' अध्यादेशबाट जारी गरेको थियो। उक्त विधेयकमार्फत अन्य ऐनसँगै राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐनमा संशोधन गरिएको थियो। संशोधनले निकुञ्ज तथा संरक्षित क्षेत्रमा विकास आयोजना निर्माणको स्वीकृत दिन सकिने व्यवस्था गरेको थियो। विधेयक संसद्बाट अनुमोदन भई आयोजनको काम-कारबाहीलाई जटिलतातर्फ धकेलिरहेको ठहर हामीले गरेका छौं,' इप्पानले भनेको छ, 'यसबाट राज्यलाई प्रचलित कानुनबमोजिम तिर्नुपर्ने शुल्क, रोयल्टी र राजस्व तिरेर प्रचलित कानुनबमोजिम विद्युत् उत्पादन र सर्वेक्षण अनुमतिसमेत पाएर खर्बौं लगानीसमेत गरिसकेका कुल १९ हजार सात सय ३६ मेगावाट क्षमताका दुई सय ६७ वटा जलविद्युत् आयोजनाले फेरि जटिलता झेल्नुपर्ने अवस्था सिर्जना भएको छ।'

इप्पानले संशोधन खारेजीबाट वन मन्त्रालयबाट प्राप्त गर्नुपर्ने सहमति नपाएर रोकिएका दर्जनौं आयोजनासमेत करिब २५ हजार मेगावाट क्षमताका जलविद्युत् आयोजनाको भविष्य संकटमा परेको समेत दाबी गरेको छ। 'यसमा आबद्ध भएका ६० लाख सर्वसाधारण नागरिक एवं निजी क्षेत्रको लगानी के हुने हो ? विद्युत् विकास विभागमा प्रक्रियामा रहेका र 'डेस्क स्टडी' भइरहेका थप १५ हजार मेगावाटसमेत गरी ४० हजार मेगावाट क्षमताका आयोजना अब के हुन्छ ? अन्योल सिर्जना भएको छ,' इप्पानले भनेको छ, 'तसर्थ, सम्मानित सर्वोच्च अदालतको संवैधानिक इजलासको उक्त फैसलाले हामीलाई चिन्तित बनाएको छ।'

नेपालको संरक्षित क्षेत्रले ओगटेको ३४ हजार चार सय २५ वर्गकिमि क्षेत्रलाई छुँदै नछोएर कुनै पनि विकासको काम गर्न सम्भव नहुने इप्पानको दाबी छ। 'विद्युत् आयोजनाको हेडवर्क, सुरुङ, हेडरेस पाइप, पेनस्टक पाइप, पावरहाउस, ट्रान्समिसन लाइन टावर, प्रवेशमार्ग, स्विचयार्ड, डिसेन्डर वा क्याम्प आदिमध्ये कुनै न कुनै संरचना संरक्षित क्षेत्रको घेराभित्र पर्छ,' इप्पानको विज्ञप्तिमा उल्लेख छ, 'यस्तो यथार्थता हुँदा-हुँदै सरलताको सट्टा जटिलतातर्फ धकेल्ने गरी संक्षिप्त फैसला आउनु नेपालीको हितमा नहुने हुँदा आदेश दिने श्रीमानूहरूबाट आदेशको सुधारात्मक कदमतर्फ विशेष ध्यान जानेछ भन्ने अझै हाम्रो विश्वास छ।'

संरक्षित क्षेत्रभित्र निर्माण गर्ने गरी अनुमति पाइसकेका आयोजना निर्बाध रूपमा अघि बढ्न नदिएमा सरकारले भर्खरै जारी गरेको ऊर्जा विकास मार्गचित्र २०८१ अनुसार आगामी १० वर्षमा २८ हजार पाँच सय मेगावाट विद्युत् उत्पादन गर्ने लक्ष्य कार्यान्वयन हुने सम्भावना नरहेको इप्पानको ठहर छ।

'अदालत विकासविरोधी होइन भन्ने तथ्यसँग सर्वोच्च अदालतबाट निजगढ विमानस्थलको विषयमा भएको फैसला-आदेशले पुष्टि गरेको छ भन्ने हाम्रो बुझाइ छ। यसर्थ, यी भावनाको प्रतिकूल हुने गरी सम्मानित सर्वोच्च अदालतबाट संशोधन खारेजीसम्बन्धी मुद्दाको संक्षिप्त फैसलाको पूर्ण पाठ आउनेछैन भनी हामी विश्वस्त छौं,' विज्ञप्तिमा उल्लेख छ।



डाडी ग्रुप पावर लिमिटेड
Ngadi Group Power Limited

रजिष्टर्ड कार्यालय : का.म.न.पा. वडा नं. ३., महाराजगंज, चक्रपथ, फोन नं.: ०१-५७०५१५९/५७०५६०८
इमेलः nyadigroup06@gmail.com / वेभसाइट : www.ngpl.com.np

हकप्रद शेयरको निष्काशन तथा बिक्री खुल्ला अवधी थप गरिएको बारेको सूचना

श्री डाडी ग्रुप पावर लिमिटेडको मिति २०८१/०८/१७ गतेसम्म कायम साबिक शेयरधनीहरुका लागि १ शेयर बराबर नयाँ १ (१ : १) को अनुपातमा प्रति शेयर रु.१००/- अंकित दरको १,८५,१२,७९२.२२५ कित्ता हकप्रद साधारण शेयरको निष्काशन तथा बिक्री खुल्ला **मिति २०८१/०९/२३ गतेका दिन देखि २०८१/१०/१४ गतेसम्म** गरिएकोमा माग बमोजिम आवेदन प्राप्त नभएकोले धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ को दफा १८ को उपदफा २ मा भएको व्यवस्था बमोजिम यस निष्काशनको बिक्री खुल्ला अवधी **मिति २०८१/१०/२५ गते बैंकिङ्ग समयसम्म**को लागि थप गरिएको व्यहोरा सम्बन्धित सबैमा जानकारी गराउंदछौं।

सि.नं.	हकप्रद शेयर खरिदका लागि दरखास्त पाइने, रकम जम्मा गर्ने र दरखास्तसाथ रकम बुझाउने स्थानहरु
१.	श्री सिद्धार्थ क्यापिटल लिमिटेड, नारायणचौर, नक्साल, काठमाण्डौ।
२.	श्री सिद्धार्थ बैंक लिमिटेड, शाखा कार्यालयहरुः विराटनगर, विरगञ्ज, नारायणघाट, पोखरा, बेशीसहर, बुटवल, नेपालगञ्ज, धनगढी र सुर्खेत।
३.	श्री नेपाल धितोपत्र बोर्डबाट अनुमति लिई आस्वा (ASBA) सेवामा सहभागी बैक तथा वित्तीय संस्थाहरुबाट सि आस्वा (CASBA) प्रणाली मार्फत समेत आवेदन दिन सकिनेछ तथा सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडबाट निर्माण गरिएको सफ्टवेयर "**मेरो शेयर**" अनलाइन प्रयोग गरी सिआस्वा (CASBA) प्रणाली मार्फत आवेदन दिन सकिनेछ।

उपरोक्त स्थानहरुको अलावा अन्य माध्यम मार्फत दरखास्त दिन चाहने साबिक शेयरधनीहरुले हकप्रद शेयरको बिक्री बन्द हुनु भन्दा अघिको मितिमा सिद्धार्थ क्यापिटल लिमिटेडको नाममा खिचिएको एकाउण्टपेयी ड्राफ्ट साथ हकप्रद शेयर खरिदका लागि दरखास्त फारम सिधै हुलाक वा कुरियरद्वारा सिद्धार्थ क्यापिटल लिमिटेड, नारायणचौर, नक्साल, काठमाण्डौमा पठाउन सकिनेछ। हकप्रद शेयरको बिक्री बन्द भएको ७ (सात) दिन पछि प्राप्त ड्राफ्ट र दरखास्त फारमलाई शेयर बाँडफाँडमा समावेश गरिने छैन।

दरखास्त फारमको हकमा निष्काशनकर्ता कम्पनी तथा निष्काशन तथा बिक्री प्रबन्धकको वेभसाइटबाट समेत डाउनलोड गरी भरेर बुझाउन सकिनेछ। शेयरधनीहरुले आफ्नो हक सम्बन्धी विवरण निष्काशनकर्ता कम्पनी श्री डाडी ग्रुप पावर लिमिटेडको वेभसाइटः www.ngpl.com.np वा धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक श्री सिद्धार्थ क्यापिटल लिमिटेडको वेभसाइटः www.siddharthacapital.com मार्फत हेर्न सक्नेछन्।

साथै, "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु" लगानीकर्ताले सहज रुपमा हेर्न सक्ने र उनीहरुलाई सूचित निर्णयमा पुग्न सहज गर्ने उद्देश्यले त्यस्ता विवरणहरु सिद्धार्थ क्यापिटल लिमिटेड, डाडी ग्रुप पावर लिमिटेड तथा नेपाल धितोपत्र बोर्डको वेभसाइट : www.sebon.gov.np बाट डाउनलोड गरी पढन् सकिनेछ।

यस हकप्रद शेयर निष्काशन सम्बन्धमा कुनै लगानीकर्ताहरुको गुनासो सुन्न तथा त्यसको समाधानको लागि धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक सिद्धार्थ क्यापिटल लिमिटेड, नारायणचौर, नक्साल, काठमाण्डौं, फोन नं. ०१-५९७०७४७ मा सम्पर्क गर्नु हुन अनुरोध गरिन्छ।

अन्य विस्तृत जानकारीको लागि **मिति २०८१/०५/०५ गतेको "नयाँपत्रिका" दैनिक**मा प्रकाशित कम्पनीको हकप्रद निष्काशन सम्बन्धी सूचना हेर्नुहुन अनुरोध गर्दछौं।


धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धकः
Siddhartha Capital Limited
Investing happiness
सिद्धार्थ क्यापिटल लिमिटेड
पो.ब.नं. २१२००, नारायणचौर, नक्साल, काठमाडौं
फोनः ०१-५९७०७४७, फ्याक्सः ०१-४५२०९२९
वेवसाईटः www.siddharthacapital.com
इमेलः scl@siddharthacapital.com

एक महिना २३ दिनपछि नौ अर्बको कारोबार

काठमाडौं/ एक महिना २३ दिनपछि सेयर बजारमा नौ अर्ब रुपैयाँमाथिको कारोबार भएको छ। आइतबार नौ अर्ब पाँच करोड ८९ लाख रुपैयाँको सेयर किनबेच भएको छ।

नेपाल स्टक एक्सचेन्जका अनुसार गत १९ मंसिरमा नौ अर्ब ६ करोड ३९ लाख रुपैयाँको सेयर कारोबार भएको थियो। ५४ दिनपछि भएको ठुलो कारोबारमा सप्तकोशी विकास बैंक, नेपाल पुनर्बिमा कम्पनी र एनआरएन इन्फ्रास्ट्रक्चर एन्ड डेभलपमेन्टको सर्वाधिक कारोबार भएको छ। सप्तकोशीको ३९ करोड ५३ लाख रुपैयाँ, नेपाल पुनर्बिमा कम्पनीको ३८ करोड ४२ लाख र एनआरएनको ३५ करोड ८७ लाखको कारोबार भएको हो।

कुल एक करोड ५७ लाख २० हजार तीन सय ६७ कित्ताको सेयर कारोबारमा सबैभन्दा बढी किनबेच नेपाल पुनर्बिमा कम्पनी, हिमालयन पावर पार्टनर र एनआरएनको भएको छ। पुनर्बिमाको चार लाख ११ हजार ६ सय २७ कित्ता, हिमालयन पावर पार्टनरको तीन लाख ६७ हजार ९८ कित्ता र एनआरएनको दुई लाख ८६ हजार ४३ कित्ता सेयर किनबेच भएको छ।



कारोबारमा वृद्धि भए पनि नेप्से परिसूचकमा भने कमी आएको छ। परिसूचक १०.४१ अंक (०.३९ प्रतिशत)ले घटेको छ। आइतबार नेप्से २६४३.९३ विन्दुमा रोकिएको हो। आइतबार घटेको बजारमा पनि उपकार लघुवित्त, माथिल्लो मैलुन खोला जलविद्युत, कर्पोरेट डेभलपमेन्ट बैंक, आरम्भ चौतारी लघुवित्त र नबिल ऋणपत्र २०८२ उच्चदरले बढेको छ। उपकार लघुवित्त र माथिल्लो मैलुन खोलाको जलविद्युत्को सेयर मूल्य १० प्रतिशतले बढेपछि सर्किट ब्रेक नै लगाएको थियो।

चार कम्पनीको सेयर मूल्य १० प्रतिशतले घटेपछि नेप्सेले सर्किट ब्रेक लगाएको थियो। यसरी सर्किट ब्रेक नै लाग्ने गरी सेयर मूल्य घट्नेमा बोटलर्स नेपाल, एनआइसी एसिया ऋणपत्र ०८२/८३, डोल्टी पावर कम्पनी र जानकी फाइनान्स कम्पनी छन्। धौलागिरि लघुवित्तको पनि ९.९२ प्रतिशतले सेयर मूल्यमा गिरावट आएको छ। आइतबार बजार पुँजीकरण ४३ खर्ब ८५५ अर्ब ४९ करोड रुपैयाँ पुगेको छ।

राजस्व संकलन चित्तबुझ्दो छैन : अर्थमन्त्री पौडेल



काठमाडौं/ उपप्रधानमन्त्री तथा अर्थमन्त्री विष्णुप्रसाद पौडेलले राजस्व संकलन सुधारोन्मुख देखिए पनि चित्तबुझ्दो नभएको बताएका छन्। भन्सार विभागले आइतबार आयोजना गरेको ७३औं अन्तर्राष्ट्रिय भन्सार दिवसका अवसरमा अर्थमन्त्री पौडेलले राजस्व संकलनमा राखेको वार्षिक लक्ष्य पूरा गर्न चाप देखिएको बताए। राजस्व संकलनमा गत आर्थिक वर्षको तुलनामा सुधार देखिए पनि चालू आर्थिक वर्षको लक्ष्य भेट्न नसकेको उनले उल्लेख गरे।

राजस्व सचिव दिनेशकुमार घिमिरेले भन्सार प्रशासन सुधारका लागि प्रविधिको प्रयोग बढाउँदै लैजाने र जाँचपास प्रक्रियालाई सहज बनाउन सरकार गम्भीर रहेको बताए। भन्सार विभागका महानिर्देशक हरिशरण पुडासैनीले वार्षिक लक्ष्यअनुसार राजस्व उठाउन विभागले अधिकतम प्रयास गरिरहेको बताए। नेपाल उद्योग वाणिज्य महासंघका अध्यक्ष चन्द्रप्रसाद ढकालले अनुकूल व्यावसायिक वातावरण र आर्थिक गतिविधि चलायमान भएमा स्वतः राजस्व वृद्धि हुने बताए।


खाँदबारी-किमाथांका सडकको 'ब्रेक थ्रु' आज

संखुवासभामा **नवीन गुरुङ**

सोमबार संखुवासभाको सदरमुकाम खाँदबारी-किमाथांका सडकको 'ब्रेक थ्रु' भएसँगै चीन-भारत-नेपाल त्रिदेशीय मार्ग जोडिने भएको छ। भारतको जोगमुनी हुँदै विराटनगरको रानीदेखि किमाथांकासम्म दूरी तीन सय ६२ किमि छ। दुई ठुला मित्रराष्ट्र जोड्ने यो उत्तर-दक्षिण कोशी राजमार्ग सबैभन्दा छोटो राष्ट्रिय गौरवको राजमार्ग हो।

जोगबनी–किमाथांका सडकको ट्रयाक खोल्ने काम सकिएकाले सोमबार 'ब्रेक थ्रु'का लागि रक्षामन्त्री मानवीर राई, भौतिक पूर्वाधारमन्त्री देवेन्द्र दाहाल र ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री दीपक खड्का संखुवासभा आउने प्रमुख जिल्ला अधिकारी विनोदकुमार खड्काले बताए।

चीन र भारत जोड्ने सबैभन्दा महत्त्वपूर्ण राजमार्ग सञ्चालनमा आएसँगै सीमा भन्सारसमेत किमाथांकामा नै राखिनेसमेत उनले बताए। 'सडक यातायातको राम्रो व्यवस्था नहुँदा किमाथांका सीमा भन्सार खाँदबारीमा नै छ। सरकारले भन्सार प्रमुखसमेत पठाइसकेको छ, अहिले उहाँलाई किमाथांकामा घर व्यवस्थाका लागि पठाएका छौं, अब चाँडै किमाथांकामा नै भन्सार कार्यालय सञ्चालनमा आउँछ,' प्रजिअ खड्काले भने।



खाँदबारी-किमाथांका सडक सुचारु भएपछि धेरै काममा सहजता आउने उनको भनाइ छ। उत्तरी क्षेत्रको च्यामाडेदेखि घोडघोप्पासम्मको साढे १० किलोमिटर सडकको ट्रयाक खोल्ने काम नेपाली सेनाले गरिरहेको छ। नेपाली सेनाले सडकको ट्रयाक ओपन गर्ने काम सम्पन्न भएसँगै चीन-भारत-नेपाल जोडिने भएको हो। राष्ट्रिय गौरवको जोगबनी-किमाथांका सडकको 'ब्रेक थ्रु' सोमबार गरिने उत्तर-दक्षिण कोशी सडक आयोजनामा प्रमुख इन्जिनियर रामबहादुर गुरुङले बताए। ट्रयाक ओपन गर्ने काम सम्पन्न भए पनि सवारीसाधन अहिले नै आवतजावत गर्न नसक्ने उनले बताए।

भोटखोला गाउँपालिकाको च्यामाडे-घोङगोप्पाको करिब साढे १० किलोमिटर ट्रयाक खोल्ने काम नेपाली सेनाले पाँच वर्षअघिदेखि सुरु गरेका थिए। शंखेभिरको कडा चट्टान फोर्न विस्फोटक पदार्थ आवश्यक भएको भन्दै ०७६ भदौ २२ गते मन्त्रिपरिषद् बैठकले सेनालाई सडक निर्माणको जिम्मा दिएको थियो। खाँदबारी-किमाथांका एक सय ६२ किलोमिटरमध्ये करिब साढे १० किलोमिटर ट्रयाक खोल्ने जिम्मा नेपाली सेनाले पाएको थियो। उक्त सडक खुलेसँगै कोशी प्रदेशका संखुवासभासहित धनकुटा, तेह्रथुम र भोजपुरवासी प्रत्यक्ष लाभान्वित हुनेछन्। खाँदबारीदेखि किमाथांकासम्मको सडक विस्तारको काम गर्न ०६६ सालमा उत्तर-दक्षिण कोशी सडक आयोजना सुरु भएको हो।

यशोदा फुड्सको ग्लोबल कार्यकारी निर्देशकमा शाह



काठमाडौं/ यशोदा फुड्स प्रालिको नयाँ ग्लोबल कार्यकारी निर्देशकका रूपमा जिपी शाह नियुक्त भएका छन्। शुक्रबार एक कार्यक्रमबिच कम्पनीले उक्त घोषणा गरेको हो। नवनियुक्त शाहलाई कम्पनीका अध्यक्ष चुन्नप्रसाद पौडेलले स्वागत गरेका थिए।

ग्लोबल कार्यकारी निर्देशकमा शाहको नियुक्तिसँगै कम्पनीको नयाँ र उत्साहजनक अध्यायको सुरुवात भएको कम्पनीको भनाइ छ। शाहले आफ्नो दीर्घ अनुभव र रणनीतिक दृष्टिकोणका माध्यमबाट कम्पनीलाई नयाँ उचाइ प्रदान गर्नेमा कम्पनी विश्वस्त रहेको छ। ग्लोबल कार्यकारी निर्देशकको भूमिकामा, उहाँले नवीनतम योजनाहरूको नेतृत्व गर्दै, घरेलु तथा अन्तर्राष्ट्रिय बजारमा समेत कम्पनीको उपस्थिति अझ मजबुत बनाउने अपेक्षा गरिएको छ।

शाह व्यवसायलाई नयाँ जीवन्तता प्रदान गर्ने, बजार वृद्धि, अन्तर्राष्ट्रिय बजार विस्तार, ब्रान्ड बिल्डिङ, व्यवसायको कार्यगत क्षमताको विस्तार तथा वृद्धि, संस्थागत विकास र टिम बिल्डिङका लागि परिचित छन्।

उनको अनुभव तथा विशेषज्ञता प्रडक्सन, इन्जिनियरिङ, प्रडक्ट डेभलपमेन्ट, अपरेसन्स, प्रोजेक्ट्स, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सेल्स, मार्केटिङ, अन्तर्राष्ट्रिय बजार विस्तार र ३५ भन्दा बढी देशमा मार्केटिङ तथा एडभरटाइजिङलगायत रहेको कम्पनीले जनाएको छ।

ज्योति विकासका ग्राहकलाई सिग्मा डायग्नोस्टिकमा छुट

काठमाडौं/ ज्योति विकास बैंकका ग्राहकलाई सिग्मा डायग्नोस्टिक लेबोरेटरीमा छुट हुने भएको छ। दुवै पक्षबिच छुटसम्बन्धी सम्झौतामा हस्ताक्षरसमेत भएको छ।



सम्झौताअनुसार बैंकका ग्राहकले सिग्मा डायग्नोस्टिकमा ४० प्रतिशतसम्म छुट पाउनेछन्। बैंकले ग्राहकलाई सुविधा दिन विभिन्न व्यवसायसँग सहकार्य गर्दै आइरहेको जनाएको छ। हालै मात्र बैंकले धुलिखेलस्थित दुसित थानी हिमालयन रिसोर्टमा १५ प्रतिशत र हिमालयन दृश्य रिसोर्टमा १० प्रतिशत छुट प्रदान गर्ने गरी सम्झौता गरिसकेको छ।

नेसनल लाइफ इन्स्योरेन्सको 'लिडर्स नाइट'

काठमाडौं/ नेसनल लाइफ इन्स्योरेन्स कम्पनीले 'लिडर्स नाइट विथ भूषण दाहाल' चितवन सौराहामा सम्पन्न गरेको छ।

कम्पनीले ०८१ साउन महिनामा सञ्चालन गरेको अभिकर्ता मासिक योजनाअन्तर्गत लक्ष्य पूरा गर्न सफल अभिकर्ताका लागि उक्त कार्यक्रम आयोजना गरेको हो। कार्यक्रमअनुसार अभिकर्तालाई गैंडाकोटस्थित मौलाकालिका मन्दिरको दर्शन तथा दियालो बंगला संग्रहालय अवलोकन गराउने तथा



नेपालका चर्चित वरिष्ठ पत्रकार भूषण दाहालसँग साक्षात्कार गराइएको कम्पनीले जनाएको छ। कम्पनीका बजार विभाग प्रमुख विवेक शर्मा, एजेन्सी विभाग प्रमुख सुशीलप्रताप राणासहित प्रदेश प्रमुख तथा विभिन्न शाखाका शाखा प्रमुखसहित देशैभरिबाट उत्कृष्ट व्यवसाय गरी योजनामा छनोट हुन सफल करिब दुई २५ जना वरिष्ठ अभिकर्ताले कार्यक्रममा सहभागिता जनाएका थिए।

कार्यक्रमका प्रमुख अतिथि दाहालले सहभागी अभिकर्तालाई नेतृत्वका बारेमा प्रशिक्षण प्रदान गरेका थिए। साथै, छनोट भई सहभागी भएका अभिकर्तालाई दाहालले सम्मानपत्रसमेत प्रदान गरेका थिए।

एनआरएन इन्फ्रास्ट्रक्चरको हकप्रद निष्कासक एसबिआई मर्चेन्ट



काठमाडौं/ एनआरएन इन्फ्रास्ट्रक्चर एन्ड डेभलपमेन्ट लिमिटेडले हकप्रद निष्कासन गर्ने भएको छ। कम्पनीले चुक्ता पुँजीको शतप्रतिशत अर्थात् १:१ को अनुपातमा कुल एक रोड २८ लाख ४३ हजार सात सय २४ कित्ता हकप्रद सेयर निष्कासन गर्न लागेको हो। कम्पनीको हकप्रद निष्कासक तथा तथा बिक्री प्रबन्धकमा नेपाल एसबिआई मर्चेन्ट बैंकिङ नियुक्त भएको छ। यससम्बन्धी सम्झौतामा एसबिआई मर्चेन्टका तर्फबाट प्रबन्ध सञ्चालक तथा प्रमुख कार्यकारी अधिकृत लेखनाथ पोखेल र एनआरएन इन्फ्रास्ट्रक्चरका प्रमुख कार्यकारी अधिकृत हेमन्त बस्यालले सम्झौतापत्रमा हस्ताक्षर गरे। सम्झौतासँगै एनआरएन इन्फ्रास्ट्रक्चरको आर्थिक वर्ष ०८०/८१ को वार्षिक साधारणसभाबाट पारित १:१ अनुपातको हकप्रद निष्कासन तथा बिक्री एसबिआई मर्चेन्टले गर्नेछ। कम्पनीले विभिन्न जलविद्युत्, पर्यटन, होटेल, बिमा, सञ्चारलगायतका परियोजनामा लगानीसम्बन्धी काम-कारोबार गर्दै आइरहेको छ।

आइसिएफसीको डिबेन्चरमा सात गुणाभन्दा बढी आवेदन

काठमाडौं/ आइसिएफसी फाइनान्स निष्कासन गरेको सातवर्षे अवधिको वार्षिक ९ प्रतिशत ब्याजदर भएको '९ प्रतिशत आइसिएफसी फाइनान्स डिबेन्चर २०८८' मा सात गुणाभन्दा बढी आवेदन परेको छ।

फाइनान्सले प्रतिअंकित एक हजारका दरले तीन लाख कित्ता डिबेन्चर ९ माघदेखि बिक्री खुला गरेको थियो। आइतबारसम्म सात गुणाभन्दा बढी आवेदन परेको फाइनान्सले जनाएको छ।

सिन्धु विकास बैंकको वित्तीय साक्षरता कार्यक्रम

काठमाडौं/ सिन्धु विकास बैंकले वित्तीय साक्षरतासम्बन्धी कार्यक्रम गरेको छ। बैंकको संस्थागत सामाजिक उत्तरदायित्वसम्बन्धी वार्षिक कार्ययोजनाअन्तर्गत हेटौंडा तथा पालुङ शाखा कार्यालयको आयोजनामा वित्तीय साक्षरता कार्यक्रम गरेको छ। बैंकले हेटौंडा उपमहानगरपालिका- ८, कमानेमास्थित श्री चन्द्रोदय माध्यमिक विद्यालयमा ९ माघमा र थाहा नगरपालिका- ३, घट्टेचौरमा रहेको श्री जनकल्याण माध्यमिक विद्यालयमा वित्तीय साक्षरता कार्यक्रम आयोजना गरेको हो।

कार्यक्रममा ११ र १२ मा अध्ययनरत दुवै विद्यालयका कुल एक सय ४५ विद्यार्थीको उपस्थिति रहेको थियो। बैंकका तर्फबाट बचत, कर्जा, लगानी, खर्च, बजेट, वित्तीय सेवालगायत डिजिटल बैंकिङ प्रणालीको उपयोग, चुनौती तथा सुरक्षाजस्ता विषयवस्तुका बारेमा विद्यार्थीलाई जानकारी गराइएको थियो।

बैंकले काभ्रेपलाञ्चोक, सिन्धुपाल्चोक, दोलखा, चितवन तथा मकवानपुर गरी जम्मा पाँच जिल्लाको कार्यक्षेत्र रहेको सिन्धु विकास बैंकले २६ वटा शाखाबाट सेवा दिँदै आइरहेको छ।

नेपाल सरकार
शहरी विकास मन्त्रालय
शहरी विकास तथा भवन निर्माण विभाग
सघन शहरी तथा भवन निर्माण आयोजना
धादिङ्ग

खरिद प्रक्रिया रद्द गरिएको बारे

प्रकाशित मितिः २०८१/१०/१४

यस आयोजना कार्यालयबाट प्रकाशित बोलपत्र आव्हानको सूचना अनुसार "Construction of Central Jail (Phase-III) at Nuwakot IFB No:- IFB/PUDBC/Dhading/2079/80/01/05" कार्यको सम्पूर्ण खरीद कारवाही रद्द गरिएको व्यहोरा सार्वजनिक खरीद ऐन २०६३ (संसोधन सहित) को दफा २६ को उपदफा ३ को प्रयोजनार्थ सरोकारवाला सबैको जानकारीको लागि जारी गरीएको छ।

आयोजना प्रमुख

कम्पनी ऐन, २०६३ अन्तर्गत संस्थापित बीमा ऐन, २०७९ बमोजिमको कामकारोबार गर्ने

लाइफ इन्स्योरेन्स कर्पोरेशन (नेपाल) लिमिटेड
Life Insurance Corporation (Nepal) Ltd.
(A Joint Venture of Life Insurance Corporation of India)

रजिष्टर्ड कार्यालयः का.म.न.पा ३०, स्टारमल, पुतलीसडक, काठमाडौं।
टेलिफोन नं.: ०१-४०१२६१३, ४०१२६१४ फ्याक्सः ४०१२६१५
इमेलः liccorporate@licnepal.com.np | **वेभसाइटः** https://www.licnepal.com.np

अवितरित हकप्रद शेयरको लिलाम बढाबढ गरि बिक्री गर्न शिलबन्दी बोलपत्र आह्वान बारेको सूचना

शिलबन्दी बोलपत्र पेश गर्ने शुरु मितिः २०८१/१०/२१ सोमबार
शिलबन्दी बोलपत्र पेश गर्ने अन्तिम मितिः २०८१/११/०५ सोमबार

लाइफ इन्स्योरेन्स कर्पोरेशन (नेपाल) लिमिटेडको १ शेयर बराबर ०.८८४५१६८ शेयर (अर्थात् विद्यमान १ कित्ता साधारण शेयर बराबर नयाँ ०.८८४५१६८ कित्ता साधारण शेयर) को अनुपातमा हकप्रद शेयर बिक्री खुला गरी आवेदन माग गरिएकोमा देहाय बमोजिमको शेयरका लागि आवेदन नपरेकाले प्रचलित कानून तथा धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ को दफा २१ र धितोपत्र निष्काशन तथा बाँडफाँड निर्देशिका २०७४ को दफा १५ समेतको प्रावधानलाई आधार मानी उक्त शेयर लिलाम बढाबढ गरी बिक्री गर्ने निष्काशनकर्ता कम्पनीको निर्णय अनुसार उक्त शेयर खरीद गर्न इच्छुक जो कोही व्यक्ति, कम्पनी, संघ, संस्थाहरुले मिति **मिति २०८१ फाल्गुण ०५ गतेभित्र** तल उल्लेखित सङ्कलन केन्द्रमा प्रति कित्ता के कति दर रेटमा लिन कबुल गर्ने हो तपसिलमा उल्लेखित शर्तहरुको अधिनमा रही गोप्य शिलबन्दी बोलपत्र आवेदन पेश गर्न आह्वान गरिन्छ।

तपशिलः

बोलपत्रद्वारा बिक्री गरिने शेयरको विवरणः ४५२,५७७ कित्ता (सर्वसाधारण समूह)

क्र.सं.	बोलपत्र आवेदन फारम पाइने र बुझाउन सकिने स्थान (सङ्कलन केन्द्र) हरुः
१.	नेपाल एसबिआई मर्चेण्ट बैकिङ्ग लिमिटेड, लेखनाथमार्ग, ठमेल, काठमाडौं।
२.	**लाइफ इन्स्योरेन्स कर्पोरेशन (नेपाल) लिमिटेडका शाखा कार्यालयहरुः** विराटनगर शाखा: विरगञ्ज शाखा: पुतलीसडक केन्द्रिय कार्यालय: पोखरा शाखा: नेपालगञ्ज शाखा: बुटवल शाखा: सुर्खेत शाखा: धनगढी शाखा:।

शर्तहरुः

१. बोलपत्र आवेदन फाराम रु.१००/- भुक्तानी गरी माथि उल्लेखित सङ्कलन केन्द्रहरुबाट प्राप्त गर्न सकिनेछ।
२. आवेदन फाराममा आफूले लिन चाहेको शेयर कित्ताको दर रेट अङ्क र अक्षरमा स्पष्टसँग लेख्नु पर्नेछ। अङ्क र अक्षरमा लेखेको फरक भएमा अक्षरमा लेखेकोलाई मान्यता दिइने छ। केरमेट भएको ठाउँमा दस्तखत गर्नु पर्नेछ।
३. शेयरको न्यूनतम मूल्य प्रति शेयर रु.१००/- तोकिएको हुँदा सो वा सो भन्दा बढी मूल्य अङ्कित गरी शिलबन्दी बोलपत्र पेश गर्नु पर्नेछ।
४. शेयर खरीदको लागि बोलकबोल पेश गर्दा न्यूनतम १०० कित्ताको लागि आवेदन दिनु पर्नेछ भने अधिकतम शेयर संख्याको लागि कुनै हद लाग्ने छैन। तर शेयर खरीद गर्न आवेदन गरेको कुल शेयर कित्ता जोड्दा नियमक निकायले एउटा व्यक्ति वा संस्था/कम्पनीले खरीद गर्न वा राख्न पाउने भनी तोकेको अधिकतम संख्या सीमा भन्दा बढी नहुने गरी आवेदन पेश गर्नु पर्नेछ। दशमलव (खण्डित रुपमा) आउने गरी शेयर संख्याको लागि आवेदन गर्न पाइने छैन। रु. ५ लाख भन्दा बढी रकमको आवेदन दिनुहुने आवेदकहरुले अनिवार्य रुपमा आफ्नो स्थायी लेखा नम्बर (PAN) आवेदन फाराममा उल्लेख गर्नुपर्नेछ।
५. शिलबन्दी बोलपत्र पेश गर्दा फाराम बाहिर **"लाइफ इन्स्योरेन्स कर्पोरेशन (नेपाल) लिमिटेडको साधारण शेयर खरीद आवेदन"** र बोलपत्रदाताको नाम, ठेगाना, फोन नं. साथै डिम्याट खाता नं. उल्लेख गरी शिलबन्दी बोलपत्र लाहाछाप गरिएको हुनुपर्नेछ।
६. बोलपत्रवालाले आफूले खरीद गर्न चाहेको शेयरको जम्मा मूल्यको सम्पूर्ण रकम NSMBL-LIC-Right-2080-81 को नाम उल्लेख गरी जारी गरिएको नेपाल राष्ट्र बैंकबाट इजाजत प्राप्त बैंक तथा वित्तीय संस्थाका **गुड फर पेमेन्ट (Good for Payment) गरिएको चेक** संलग्न गरी शिलबन्दी बोलपत्र पेश गर्नु पर्नेछ। साथै **गुड फर पेमेन्ट (Good for Payment) चेकमा लाग्ने क्लियरिङ्ग शुल्क आवेदकले यसैसाथ थप गरी बुझाउनु पर्नेछ।** यदि बैंक भुक्तानी नभएमा दरखास्त फाराम स्वतः रद्द हुनेछ।
७. शेयर बाँडफाँड गर्दा सबै भन्दा बढी प्रति शेयर मूल्य कबोल गर्ने बोलपत्रदातालाई बाँडफाँड गरिनेछ। यसबाट पनि शेयर बाँकी रहेमा त्यसपछिको प्रति शेयर मूल्य कबोल गर्नेलाई क्रमश बाँडफाँड गरिनेछ। बोलकबोलमा शेयर बाँडफाँड गर्दै जाँदा अन्तिम मूल्यमा दुई वा दुई भन्दा बढी आवेदकहरु पर्न गएमा बोलकबोलबाट बाँकी भएको शेयर माग भएको शेयर संख्याको भारित अनुपातमा दामासाहीले बाँडफाँट गरिनेछ। बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार निष्काशन कम्पनीमा निहित रहनेछ।
८. बोलपत्रवालाले अनिवार्य रूपमा आफ्नो हितग्राही खाता नं. र बैंक खाता नं. आवेदन फाराममा उल्लेख गर्नु पर्नेछ।
९. सम्पूर्ण सङ्कलन केन्द्रहरुबाट बिकी प्रबन्धकको कार्यालयमा बोलपत्रहरु सङ्कलन भए पश्चात् बोलपत्र खोलिने मिति समय र स्थान उल्लेख गरी राष्ट्रिय स्तरको पत्रिकामा सूचना प्रकाशन गरी जानकारी गराए पश्चात् मात्र शिलबन्दी बोलपत्र खोलिने छ।
१०. काबु बाहिरको परिस्थिति पर्न गई निष्काशन तथा बिक्रि प्रबन्धकको कार्यालय समयमा बोलपत्र प्राप्त हुन नसकेमा सो व्यहोरा नियामक निकायलाई जानकारी गराई बोलपत्र खोलिनेछ। साथै, काबु बाहिरको परिस्थिति पर्न गई कुनै सङ्कलन केन्द्रबाट बोलपत्र फाराम पठाउन नसकिने भएमा/आवेदन फाराम प्राप्त नभएमा वा नष्ट भएमा नियामक निकायको राय लिएर मात्र लिलाम बढाबढको प्रक्रिया अगाडि बढाईनेछ।
११. म्याद नाघी आएको वा रित नपुगेको आवेदन उपर कुनै कारवाही गरिने छैन।
१२. बोलपत्रदाता नेपाली नागरिक वा नेपालमा दर्ता भएको संस्था, कम्पनी हुनु पर्नेछ। आवेदक संगठित संस्था/कम्पनी भएमा दर्ता प्रमाणपत्र, कर चुक्ता प्रमाणपत्र तथा शेयर खरिद गर्ने सम्बन्धमा सो संस्था/कम्पनीको सञ्चालक समितिको निर्णयको प्रतिलिपि तथा अख्तियारनामा समेत पेश गर्नु पर्नेछ।
१३. बोलपत्र आवेदकहरु मध्ये बोलकबोलमा नपरेको आवेदकहरूको रकम "धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३" मा व्यवस्था भए बमोजिम सोझै निजको बैंक खातामा फिर्ता भुक्तानी गरिने छ। साथै, यस्तो फिर्ता रकममा कुनै किसिमको ब्याज प्रदान गरिनेछैन।
१४. बोलपत्र स्वीकृत भएको खण्डमा बोलपत्र स्वीकृतिको जानकारी नेपाल एसबिआई मर्चेण्ट बैकिङ्ग लिमिटेड, लेखनाथमार्ग, ठमेल, काठमाडौंको वेभसाइट https://nsmbl.com.np मार्फत हेर्न सकिनेछ।

बिक्री प्रबन्धकः
नेपाल एसबिआई मर्चेण्ट बैंकिङ्ग लिमिटेड
Nepal SBI Merchant Banking Ltd.
लेखनाथमार्ग, ठमेल, काठमाडौं,
फोन नं. ०१-४५१२७४३, ४५४१७८०
वेवसाइटः https://nsmbl.com.np

सुदूरपश्चिम प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
शिक्षा विकास निर्देशनालय
सामाजिक विकास कार्यालय
धनगढी, कैलाली

E-Bidding मार्फत बोलपत्र आवहान सम्बन्धी सूचना

प्रथम पटक प्रकासित मिति : २०८१/१०/१३

यस कार्यालयको आ.व. २०८१।०८२ को स्वीकृत कार्याक्रमअन्तर्गत तपसिलका निर्माण कार्यहरु गर्नुपर्ने भएको हुँदा इच्छुक र इजाजत प्राप्त प्राप्त फर्म/कम्पनीले रितपूर्वक बोलपत्र पेश गर्नहुन यो सुचना पेश गरिएको छ। विस्तृत जानकारीको लागि website:bolpatra.gov.np/egp हेर्न सकिनेछ।

S. N.	Contract Identification Number	Description of Work	Total Cost Excluding Contiengency, VAT & PS (NRs)
1	SDO/Works/ NCB/2081/82/04	Maintenance of building or Construction of boundary wall in siv ma vi Chure gaa paa-01,kailali and Construction of hall or Lying and placing of Concrete Block in Khaptad Bahamukhi campus , Gauriganga na paa-01 , kailali	2576124
2	SDO/Works/ NCB/2081/82/05	Construction of Boundary wall in Nawa Durga aa vi, Tikapur-01	2135795
3	SDO/Works/ NCB/2081/82/06	Acahami sewa samiti ko hall nirman, Dhangadhi -05	2125707
4	SDO/Works/ NCB/2081/82/07	Construction of adhuro bhawan of timilsena samaj, tikapur-01 , kailali	2135932
5	SDO/Works/ NCB/2081/82/8	Construction of bhautik sanrachana in Shree Rastriya ma vi , janaki ga pa -05	2147192
6	SDO/Works/ NCB/2081/82/09	Construction of Tharu samudaya ko MARUWA in Kailali Nirwachan xetra -02 ,Lamkichuwa na pa , Kailali	2553473
7	SDO/Works/ NCB/2081/82/10	construction of boundary and incomplete building of jesth nagrik sewa kendra near siv mandir, Dhangadhi-01, kailali	2972162
8	SDO/Works/ NCB/2081/82/11	Construction of adhuro bhawan in Rastriya ma vi solta mohanyal ga pa -06, kailali	3408365

कार्यालय प्रमुख

तारकेश्वर नगरपालिका
नगरकार्यपालिकाको कार्यालय
धर्मस्थली, काठमाडौं

बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

प्रकाशित मिति : २०८१/१०/१४ गते

यस कार्यालयबाट विभिन्न मितिमा प्रकाशित सार्वजनिक सूचना अनुसार दर्ता भएका बोलपत्रहरू मूल्यांकन हुंदा निम्न बमोजिमका बोलपत्रदाताको बोलपत्र सारभूत रुपमा प्रभावग्राही पाईएकोले तपसिल बमोजिम ठेक्काको बोलपत्र स्वीकृतीका लागि छनौट भएकोले सार्वजनिक खरीद ऐन २०६३ को दफा २७ को उपदफा (२) र सोही ऐनको दफा ४७ को प्रयोजनको लागि सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

सि. नं.	ठेक्का नं. र योजनाको विवरण	स्वीकृत हुने बोलपत्रदाताको नाम	कबोल अंक (भ्याट समेत)
1.	Construction works of Sangle Khola Corridor Nirman. (TARA/3/NCB/081-082)	Sahasrara Construction Pvt.Ltd	रू. १,३०,१०,१७९.३८
2.	Construction Works of Nyayik pratisthan hudai woda no. 7 jane mul sadak staronnati. (TARA/4/NCB/081-082)	Kamana Construction And Multiple Enterprises	रु. ३४,५८,५२४.९०
3.	Construction Works for Futung Naagpokhari Jhangaal Hudai Tokha wada no. 3 Jodne Sadak. (TARA/5/NCB/081-082)	Shobha Bhagawati Construction And Suppliers Pvt. Ltd.	रु. ३७,९२,५५५.०१
4	Construction works of Devithumka Bindabasini Mandir bata Sallegaun Tokha Nagarpalika Woda 1 Baudeshwor Jharana Jodne Sadak. (TARA/7/NCB/081-082)	Bhastipur-Chhailing-Rashila J/V	रु. २१,४२,५९४.६६
5	Construction works of Bihani chowk bata Devithumka Salle Gaun hudai Jagat Gurjebhangyang Nuwakot jodne Sadak. (TARA/8/NCB/081-082)	Mansun Infrastructure Pvt. Ltd.	रु. २२,१६,८२५.०५
6	Construction works of Sangla Club Dekhi Ram Sharan Karki ko ghar hudai Sangla Prathamik Kendra Jane Sadak istarunnati. (TARA/9/NCB/081-082)	Mansun Infrastructure Pvt. Ltd.	रु. २९,७२,६३२.१९
7	Construction works of Bihanichowk Hudai Sangla Prathamik Swasthya Kendra Samma Jane Sadak istaronnati. (TARA/10/NCB/081-082)	Subol Construction	रु. ४७,९९,५२५.६५
8	Construction works of DhappuChaur Khelmaidan Nirman. (TARA/11/NCB/081-082)	Subol Construction	रु. ३६,५५,२०६.४०
9	Construction Works of Tarakeshwor Na. Pa. 2 Brihat Santidham Parisarma Purbadhar Nirman. (TARA/12/NCB/081-082)	Dakshinkali All Over Builders and Suppliers Pvt. Ltd.	रु. ३०,९२,२५७.८५
10	Construction works of Kavresthali Kaure Sadak KhandamaWall Nirman. (TARA/13/NCB/081-082)	R.B. Rhythm Construction Pvt. Ltd.	रु. १६,८८,४२३.४४
11.	Construction works of Gram Sewa Ma.Bi. ma Truss Tatha PVC Flooring Nirman. (TARA/14/NCB/081-082)	N.J. Construction	रु. २३,९२,०५०.९५
12	Construction works of Gumba dekhi Saatdhara samma 1 km Overlap Kalopatre. (TARA/15/NCB/081-082)	Subol Construction	रु. ४७,७६,०२३.४२

प्रमुख प्रशासकीय अधिकृत

का.नि.द.नं.१२८/०६३/६४, म.से.हु.नि.द.न. १७/०६९/०७०

■ एन्फा आन्तरिक द्वन्द्व

कार्यसमिति बैठक बोलाउन वरिष्ठ उपाध्यक्षसहित सात सदस्यको माग

विधानको धारा ३९ मा वर्षमा चारपटक अनिवार्य रूपमा कार्यसमिति बैठक बस्नुपर्ने प्रावधान छ, गत २ साउनपछि एन्फाको कार्यसमिति बैठक बसेको छैन



फाइल तस्बिर

रमेश सुवेदी/नयाँ पत्रिका

वरिष्ठ उपाध्यक्ष वीरबहादुर खड्कासहित सात सदस्यले अखिल नेपाल फुटबल संघ (एन्फा) को कार्यसमिति बैठक बोलाउन माग गरेका छन्। एन्फाका सात केन्द्रीय सदस्यले आइतबार आठ एजेन्डामा रहेर सामूहिक हस्ताक्षर गर्दै अध्यक्ष पंकजविक्रम नेम्वाङलाई इमेलमार्फत पत्र लेख्दै बैठकको माग राखेका हुन्। वरिष्ठ उपाध्यक्ष खड्कासहित दुई उपाध्यक्ष विराटजंग शाही र दीर्घबहादुर केसी, सदस्यहरू रूपेश अधिकारी, रमेश व्यञ्जनकार, रवीन्द्र चन्द र महिला सदस्य पेमा डोल्मा लामाले हस्ताक्षर गरेका छन्।

आठ एजेन्डामा जिल्ला फुटबल संघ सुर्खेतको विवाद, महिला फुटबल, सिस्नेरी एकेडेमी घटना, दुई वर्षदेखि हुन नसकेको सहिद स्मारक 'ए' डिभिजन लिग, तीन वर्षदेखि हुन नसकेको 'बी' डिभिजन लिग, महिला फुटबल मिसन २०२७, घोषणा गरेका पुरस्कार र लेखापरीक्षण समावेश छ। महासचिव किरण राईको कार्यक्षमता मूल्यांकन तथा तलब-भत्ता, सेवा-सुविधाको पुनर्मूल्यांकन गर्न बैठक बोलाउनुपर्ने माग उनीहरूले राखेका छन्।

लामो समयदेखि बैठक बस्न नसकेकाले बैठक आह्वान गर्न माग गरिएको केन्द्रीय सदस्य रूपेश अधिकारीले नयाँ पत्रिकालाई बताए। 'छलफल गर्नुपर्ने धेरै विषय छन्। पछिल्लो समय मनोमानी रूपले धेरै निर्णय भए, भएका निर्णय पनि कार्यान्वयन भएका छैनन्,' अधिकारीले भने, 'कार्यसञ्चालन मनोमानी र विधानविपरीतका क्रियाकलाप भइरहेकाले बैठक बोलाउन माग गरेका हौं।' अध्यक्ष चुनिएको दुई वर्ष भइसक्दा पनि नेम्वाङले बैठक विदादमुक्त पार्न सकेका छैनन्। ६ असार ०७९ मा अध्यक्ष निर्वाचित भएपछिका हरेक बैठकमा कार्यसमिति सदस्यबिच विवाद हुँदै आएका छन्। नेम्वाङकै प्यानलबाट विजयी भएका वरिष्ठ उपाध्यक्ष खड्कासहित आधा दर्जन सदस्य असन्तुष्टि रहँदै आएका छन्। एकै प्यानलबाट निर्वाचन लडेका सदस्यले समेत अध्यक्षको साथ छाडेका छन्।

विधानमा के छ ?

एन्फा विधानको धारा ३९ मा वर्षमा चारपटक अनिवार्य रूपमा कार्यसमिति बैठक बस्नुपर्ने प्रावधान छ। २ साउनमा पछिल्लोपटक एन्फाको आपत्कालीन कार्यसमिति बैठक बसेको थियो। तर, असन्तुष्ट अधिकांश सदस्यले बैठक बहिष्कार गरेका थिए। सोही बैठकले महासचिव राईको पारिश्रमिक दुई लाख ६८ हजार पुऱ्याएको थियो। त्यसपछि एन्फाको चर्को विरोध भएको छ। उनले कार्यसमितिको निर्णयलाई कार्यान्वयन नगरेको आरोप लाग्दै आएको छ।

एन्फा विधानको धारा ३९ को उपधारा २ अनुसार कार्यसमितिका एकतिहाइ सदस्यले बैठक बोलाउन माग गरेपछि अध्यक्षले २१ दिनभित्र बैठक बोलाउनुपर्नेछ। यदि अध्यक्षले २१ दिनभित्र बैठक नबोलाए कार्यसमितिका अन्य सदस्यले बैठक बोलाउन पाउने प्रावधान छ। बैठक बस्ने तीन दिनअघि नै अध्यक्षले कार्यसूची सार्वजनिक गर्नुपर्नेछ।

■ यस्ता छन् बैठकमा समावेश हुनुपर्ने मुख्य आठ माग

- सुर्खेत जिल्ला फुटबल संघको विशेष साधारणसभाका लागि एन्फाको पत्राचार र तदर्थ कर्णाली प्रदेश फुटबल संघ सम्बन्धमा
- महिला लिग, महिला एकेडेमी, मिसन २०२७-२०३१ महिला फुटबल विकास रणनीति तथा जिम्मेवारी सम्बन्धमा
- एन्फा महासचिवलगायत सचिवालय कर्मचारीको कार्यक्षमता मूल्यांकन तथा तलब-भत्ता, सेवा-सुविधाहरूको पुनर्मूल्यांकन सम्बन्धमा
- सहिद स्मारक 'बी' डिभिजन लिग र एन्फा प्रेसिडेन्ट लिग व्यवस्थापन सम्बन्धमा
- सिस्नेरी घटनाको प्रतिवेदन र सिस्नेरी एन्फा एकेडेमी सञ्चालन सम्बन्धमा
- सहिद स्मारक 'ए' डिभिजन लिग सञ्चालन सम्बन्धमा
- खेलाडीलाई घोषणा गरिएको पुरस्कार वितरण सम्बन्धमा
- आन्तरिक लेखापरीक्षण प्रतिवेदन र अडिट रिपोर्ट सम्बन्धमा

आधिकारिक जानकारी आएको छैन

● **सुरेश शाह**, प्रवक्ता, एन्फा

सात सदस्यले एन्फाको बैठकको माग राख्नुभएको रहेछ। आधिकारिक रूपमा बैठक र उहाँहरूका मागबारे जानकारी आएको छैन। मेलमा आएको छ भन्ने पनि समाचारबाटै थाहा भयो। जे हुनु विधानअनुसार नै हुन्छ।

विधानविपरीत क्रियाकलाप भइरहेको छ

● **रूपेश अधिकारी**, सदस्य, एन्फा

एन्फामा पछिल्लो समय मनोमानी रूपले धेरै निर्णय भए। निर्णय पनि कार्यान्वयन भएका छैनन्। कार्यसञ्चालन मनोमानी र विधानविपरीत भइरहेकाले बैठक बोलाउन माग गरेका हौं। कार्यसमितिको अधिकार हनन हुनुका साथै संगठनको अनुशासन र प्रभावकारितामा गम्भीर असर पुऱ्याएको छ।

■ दसौं राष्ट्रिय खेलकुद

बागमती प्रदेशले तयारीका लागि पाँच करोड उपलब्ध गराउने

मकवानपुरमा **पोष्टराज अधिकारी**

बागमती प्रदेश सरकारले दसौं राष्ट्रिय खेलकुद प्रतियोगिताको तयारीका लागि बागमती प्रदेश खेलकुद विकास परिषद्लाई पाँच करोड उपलब्ध गराउने भएको छ। कर्णालीको सुर्खेतमा आगामी २५ देखि ३० चैतसम्म दसौं राष्ट्रिय खेलकुद हुँदै छ।

आर्थिक मामिला तथा योजना मन्त्रालयले टिम तयारीका लागि रकम उपलब्ध गराउने निर्णय गरेको मन्त्रालयका सचिव कृष्णप्रसाद मैनालीले जानकारी दिए। परिषद्ले खेलकुद मन्त्रालयसँग सात करोड ५० लाख रुपैयाँ बजेट माग गरेको थियो। तर, आर्थिक मामिला तथा योजना मन्त्रालयले पाँच करोड रुपैयाँ बजेट उपलब्ध गराउने तयारी भएको मैनालीले बताए।

'परिषद्लाई आवश्यक बजेट उपलब्ध गराउने विषयमा मन्त्रालयबाट औपचारिक निर्णय हुन बाँकी छ,' मैनालीले भने, 'यसबाहेक थप बजेट उपलब्ध गराउने विषयमा प्रक्रिया अघि बढाइएको छ।' खेलाडीदेखि टोली तयारीको सम्बन्धमा प्रदेश सरकारले तीन करोड ७५ लाख रुपैयाँ विनियोजन गरिसकेको छ। दसौं राष्ट्रिय खेलकुदको तयारीका लागि प्रदेश खेलकुद विकास परिषद्लाई आठ करोड ७५ लाख रुपैयाँ उपलब्ध हुने सचिव मैनालीले बताए। 'सरकारको आर्थिक अवस्था र राजस्व संकलनको अवस्थाका आधारमा बजेट व्यवस्थापन गरिएको हो। विपत्का कारण भएका क्षति व्यवस्थापन गर्न बजेट व्यवस्थापन गर्नुपर्ने भएकाले परिषद्ले माग गरेअनुसार बजेट दिन नसकिएको सचिव मैनालीले बताए।

युवा तथा खेलकुदमन्त्री मीनकृष्ण महर्जनले ३६ खेलका लागि प्रदेश सरकारले चालू आर्थिक वर्षका लागि विनियोजन गरिएको तीन करोड ७४ लाख रुपैयाँ र थप बजेट पाँच करोड रुपैयाँले समेत अपुग हुने बताए। 'प्रदेश सरकारले उपलब्ध गराएको बजेटबाट ३६ खेलका खेलाडी छनोट, खेलाडीको आवास खर्च, खेलाडीको पारिश्रमिक तथा सेवा-सुविधामा खर्च हुनेछ,' मन्त्री महर्जनले भने।



कर्णालीको सुर्खेतमा आगामी २५-३० चैतसम्म हुने दसौं राष्ट्रिय खेलकुदमा सहभागी हुन बागमती प्रदेश सरकारले खेलाडी छनोटदेखि टिम तयारीसम्मका लागि पाँच करोड दिने

■ १३ जिल्लामा छनोट

प्रतियोगितामा सहभागी हुन बागमतीमा १३ जिल्लाबाट खेलाडी छनोट गरिनेछ। प्रारम्भिक छनोट चरणमा १३ सय खेलाडीलाई छनोट गरिने खेलकुदमन्त्री महर्जनले बताए। 'प्रदेशका १३ जिल्लामा छनोट प्रतियोगिता आयोजना गर्ने तयारी गरेका छौं, सुरुवातमा १३ सय खेलाडीलाई क्लोज क्याम्पमा राखिनेछ,' उनले भने।

बागमतीबाट आर्चरी, एथलेटिक्स, ब्याडमिन्टन, बास्केटबल, शारीरिक सुगठन, बक्सिङ, बुद्धिचाल, क्रिकेट, साइक्लिङ, फेन्सिङ, फुटबल, फुलकन्ट्याक्ट कराँते र गल्फमा प्रतिस्पर्धा गर्नेछ। यसैगरी, बागमतीका खेलाडीले जिम्न्यास्टिक, ह्यान्डबल, हक्की, आइटिएफ तेक्वान्दो, जुडो, कबड्डी, कराँते, खो-खो, प्याराग्लाईडिङ, रग्बी, सेपाक ताक्रो, भलिबल, कुस्ती, उसु, सफ्टटेनिसलगायत खेलमा भाग लिनेछन्।

गत वर्ष मात्रै अन्तरप्रदेश खेलकुद सञ्चालनका लागि प्रदेश सरकारले मन्त्रालयलाई नौ करोड रुपैयाँ बजेट व्यवस्था गरेको थियो।

फेरिल्यान्ड र इबिए विजयी



काठमाडौं/ फेरिल्यान्ड र इडेन ब्रिज एकेडेमी (इबिए)ले प्रथम ज्ञान संस्कार अन्तरविद्यालय बास्केटबल प्रतियोगिताको जुनियर महिलामा जित निकालेका छन्। आइतबार भएको खेलमा फेरिल्यान्डले न्युटनलाई १७-१२ ले पराजित गऱ्यो। फेरिल्यान्डको जितमा करुणा बोगटीले १० स्कोर गरिन्। अनामिका पटेलको ११ स्कोरको सहयोगमा इबिएले ग्रिनल्यान्डलाई २२-१८ ले हरायो। जुनियर महिलाको अर्को खेलमा भ्याली पब्लिकले बागमतीलाई २८-२१ ले निराश बनायो। सत्य साईले एन्जल्स हार्टमाथि १३-८ को जित निकाल्यो। निस्टले तेजस्वी एकेडेमीलाई २८-२२ ले हरायो। बौद्ध चिल्ड्रेन हेभेनले रिब्सलाई २२-१५ र काष्ठमण्डपले टिआइएलाई १२-६ ले पाखा लगाए। ज्ञान संस्कार इन्टरनेसनल स्कुलको आयोजनामा भइरहेको प्रतियोगिताको जुनियर पुरुषमा गोल्डेन पिकले सेबलाई २ ९-२४ ले पराजित गऱ्यो। पारामाउन्ट एकेडेमीले बौद्धलाई २०-१६ ले हरायो। न्युटनले भद्रकालीलाई ४३-३८ र ग्रिनलन्सले क्यान्भासलाई ३५-२३ ले पन्छाए।

खेल संक्षेप

इनोभेटिभले हिमालीलाई हरायो

काठमाडौं/ आयोजक इनोभेटिभ इंग्लिस स्कुलले दसौं इनोभेटिभ अन्तरविद्यालय बास्केटबल प्रतियोगिताको सिनियर पुरुषमा हिमालीलाई २७-१५ ले पराजित गरेको छ। नेरिक एकेडेमीले क्याम्पियन काठमाडौंलाई ४९-१४ ले हरायो। जुनियर पुरुषमा ज्ञान निकेतनले काठमाडौं जेभियरलाई २९-१२ ले पाखा लगायो। नेरिकले इनोभेटिभलाई २१-६ र केयर इंग्लिसले मोडर्न स्कुलाई १२-२ ले पन्छाए। सिनियर महिलमा रिब्सले जिएनएसलाई २५-८ र रोज बडले नेपाल मेगालाई १८-८ ले पाखा लगाए।

बिकेएसपीमा सहभागी हुँदै नेपाल

काठमाडौं/ बंगलादेशको ढाकामा आयोजना हुने छैटौं अन्तर्राष्ट्रिय बिकेएसपी कप एथलेटिक्स च्याम्पियनसिपमा ६ नेपाली खेलाडीले प्रतिस्पर्धा गर्दै छन्। १५ र १६ माघमा हुने च्याम्पियनसिपमा एथलेटिक्स परिवार नेपालबाट चार पुरुष र दुई महिलाले भाग लिनेछन्। सहभागी खेलाडीमा शैलेश श्रेष्ठ, पुकारजंग बस्नेत, मनीष लाम्साल, सन्तबहादुर दराई, निशा घर्ती र अस्मिता भुजेल छन्।

इन्डो-नेपाल टी-२० मा क्षेत्रीको शतक

काठमाडौं/ ध्यान्स क्षेत्रीको शतकीय इनिङ्सको मद्दतमा इन्डो-नेपाल टी-२० क्रिकेट प्रतियोगितामा हिमालयन क्रिकेट एकेडेमीले एक्सिलेन्ट क्रिकेट सेन्टरलाई ४२ रनले हराएको छ। मूलपानी क्रिकेट मैदानमा आइतबार पहिलो ब्याटिङ गरेको हिमालयनले १८२ रनको योगफल खडा गरेको थियो। प्रत्युत्तरमा एक्सिलेन्टले २० ओभरमा आठ विकेट गुमाएर १४० रन बनायो। हिमालयनका लागि क्षेत्रीले ७० बलमा १०९ रनको अविजित योगदान दिए। अभि थपलियाले ३९ बलमा ४३ रन जोडे। एक्सिलेन्टका देवास लामिछानेले २५ बलमा २७ र रौनक शाहीले १९ बलमा २४ रन बनाए। हिमालयनका सुप्रिम सुनुवारले तीन विकेट लिए। १८ माघसम्म सञ्चालन हुने प्रतियोगितामा ६ टोलीको सहभागिता छ।

■ वरीयताका खेलाडी अगाडि बढ्दै



२५औं पुरुष तथा १०औं महिला राष्ट्रिय बुद्धिचाल प्रतियोगिता आइतबारदेखि सुरु भएको छ। हेटौंडामा सुरु च्याम्पियनसिपमा पुरुषतर्फ झापाका नेपाल च्याम्पियन राजन सुवेदीले जित निकालेका छन्। साबिक विजेतासमेत रहेका राजनले पहिलो चरणमा ललितपुरका सरोज महर्जनलाई प्राविधिक खेल खेल्दै हराए। दोस्रो स्थानका सिएम शुश्रुत दहाल पूर्वनेपाल च्याम्पियन एफएम रूपेश जैसवालसँग पराजित भए। पुरुषतर्फ तेस्रो वरीतयाका एफएम क्षितिज भण्डारीले युवा खेलाडी पुरुषोत्तम सिलवाललाई निराश पारेका छन्। अर्को खेलमा काठमाडौंका प्रेमकृष्ण महर्जनले सुनसरीका धीरेन राईलाई कठिन खेलमा हराए। नेपाल च्याम्पियन सिन्दिरा जोशीले निहाना श्रेष्ठमाथि सहज जित हात पारिन्। महासंघले राष्ट्रिय च्याम्पियनसिपको फर्म्याटमा सिनियर च्याम्पियनका शीर्ष तीन खेलाडी र राष्ट्रिय 'बी' टोलीबाट शीर्ष नौ खेलाडी समावेश गरी राष्ट्रिय प्रतियोगिता सञ्चालन गर्दै आएको छ। महिला र पुरुषमा समान १२ खेलाडीले प्रतिस्पर्धा गरिरहेका छन्। उनीहरूले ११ चरणसम्म एक-अर्काविरुद्ध प्रतिस्पर्धा गर्नेछन्।

■ पाँचौं टाइगर कप भलिबल

साबिक विजेता हेल्प नेपाल स्तब्ध

कास्कीमा **रोहितराज पराजुली**

साबिक विजेता हेल्प नेपाल स्पोर्टस् क्लबले पाँचौं टाइगर कप राष्ट्रिय तथा अन्तर्राष्ट्रिय आमन्त्रित क्लब पुरुष भलिबल प्रतियोगितामा खराब सुरुवात गरेको छ। पोखरा रंगशालास्थित भलिबल कोर्टमा हेल्प नेपाल आफ्नो पहिलो खेलमा भारतको सुनील भलिबल क्लबसँग ३-१ को सेटमा पराजित भयो। पहिलो सेटमा सहज जित निकालेको हेल्प नेपालले त्यसपछिका सेटमा खराब प्रदर्शन गऱ्यो।

पहिलो सेटमा २२-२५ ले पछि परेको सुनील भलिबलले दोस्रोमा २५-२३, तेस्रोमा २७-२५ र चौथोमा २५-१६ अंकसहित खेलमा बाजी मार्‍यो। खराब प्रकाशका कारण शनिबार स्थगित भएको महिलातर्फको खेलमा आयोजकको टोलीले त्रिभुवन आर्मी क्लबलाई ३-० को सोझो सेटमा हराएको छ। आयोजक टोली २५-१४, २५-११ र २५-२१ ले विजयी भयो। आयोजकको टोली राष्ट्रिय टोलीकी कप्तान अरुणा शाहीको कप्तानीमा थाइल्यान्डका तीन खेलाडीसहित मैदान उत्रेको थियो।

पुरुषतर्फ घरेलु टोली गण्डकी प्रदेशमाथि नेपाल पुलिस क्लबले ३-२ को सेटमा जित निकाल्यो। पहिलो दुई सेटमा अग्रता लिएको पुलिस त्यसपछिका दुई सेटमा पछि परेको थियो। अन्तिम तथा पाँचौं सेटमा पुलिसले गण्डकीलाई हरायो। पहिलो २५-२२ र दोस्रो २५-२१ ले आफ्नो पक्षमा पारेको पुलिस तेस्रो सेटमा २५-१९ र चौथो सेटमा २५-१४ ले पछि परेको थियो। निर्णायक अन्तिम सेटमा पुलिस १५-१० ले विजयी भयो। पुरुषतर्फ आर्मी क्लबले नेपाल एपिएफ क्लबलाई २५-१८, २५-२३ र २५-१५ ले हरायो।

■ जय नेपाल टी-२०

ढाका विश्वविद्यालयले बिहारलाई सात विकेटले हरायो

नयाँ पत्रिका



ढाका विश्वविद्यालयले जय नेपाल टी-२० क्रिकेट प्रतियोगितमा बिहार विश्वविद्यालयलाई सात विकेटले हराएको छ। कीर्तिपुरको त्रिवि क्रिकेट मैदानमा आइतबार पहिलो ब्याटिङ गरेको बिहारले २० ओभरमा १० विकेट गुमाएर १२७ रनको योगफल खडा गरेको थियो। प्रत्युत्तरमा ढाकाले १६.५ ओभरमा तीन विकेटको क्षतिमा १२९ रन जोड्यो।

ढाकाको जितमा ओपनर माहफिजुल इस्लामले ७५ रनको नटआउट योगदान दिए। उनले ६० बलमा नौ चौका प्रहार गरेका थिए। ढाकाले लक्ष्य पछ्याएको इनिङ्सको पहिलो ओभरमै दुई विकेट गुमायो। इनिङ्सको ०.४ ओभरमा पहिलो विकेट गएको ढाकाले ०.६ ओभरमा अर्को विकेट पनि गुमाउन पुग्यो। पहिलो ओभरको खेल समाप्तिसम्म ढाका २-२ को कमजोर अवस्थामा थियो।

त्यसपछि मेहमद सफिक रहमान र इस्लामले तेस्रो विकेटका लागि १०४ रनको शतकीय साझेदारी गर्दै टोलीलाई १४.४ ओभरमा १०६/३ को बलियो स्थितिमा राखे। रहमानले ३३ बलमा दुई चौका र एक छक्का प्रहार गरी ३४ रनको योगदान दिए।

बिहारको कमजोर ब्याटिङ

पहिलो ब्याटिङ गरेको बिहारको कमजोर प्रदर्शन भयो। शीर्ष चार खेलाडीले गतिलो योदगान दिन नसक्दा बिहारले ९.५ ओभरमा चार विकेटको क्षतिमा ३५ रन बनाएको थियो। त्यसपछि पाँचौं विकेटका लागि ६५ रनको साझेदारी हुँदा बिहार १६.५ ओभरमा १००/५ को स्थितिमा पुग्यो। बिहारका लागि इमरान हस्मी र विशाल राजले पाँचौं विकेटका लागि सुदृढ साझेदारी गरेका हुन्। इमरानले २१ बलमा दुई चौका र एक छक्का प्रहार गरी २२ रन बनाए। विशालले २६ बलमा दुई चौका र तीन छक्का प्रहार गरी ४२ रनको योगदान दिए। यसैगरी मोहमद आदिलले आठ बलमा दुई छक्का र एक चौका प्रहार गर्दै १९ रन जोडे।

'दशरथ रंगशालामा नकआउटभन्दा लिग हुनुपर्छ'

स्ट्राइकर अञ्जन विष्टले दशरथ रंगशालामा सहिद स्मारक 'ए' डिभिजन लिगलाई पहिलो प्राथमिकतामा राख्नुपर्ने बताए

नयाँ पत्रिका

प्रेन्ड्स क्लबलाई ३-१ ले हराउँदै सभापति कप फुटबल प्रतियोगिताको सेमिफाइनल स्थान सुरक्षित गरेको न्युरोड टिम (एनआरटी)का कप्तान अञ्जन विष्ट आइतबार दशरथ रंगशालामा त्यति खुसी भएनन्। अञ्जनकै दुई गोलमा एनआरटी अन्तिम चारमा पुगेको हो। तर, स्ट्राइकर अञ्जनले घरेलु फुटबलमा नकआउटभन्दा पनि सहिद स्मारक 'ए' डिभिजन लिगलाई पहिलो प्राथमिकतामा राख्नुपर्ने बताए।

'यस मैदानमा नकआउट फुटबलभन्दा पनि लिग प्रतियोगिता खेल्न पाउँदा अझ योभन्दा धेरै खुसी हुने थिएँ,' फ्रेन्ड्सलाई हराएपछि विष्टले भने, 'दशरथ रंगशालामा खेल्न पाउँदा भाग्यमानी मान्छु।' रंगशालामा युवादेखि सिनियर खेलाडीसँग प्रतिस्पर्धा गर्ने चाहना सबैको भएको उनको भनाइ छ। 'यस रंगशालामा लिग प्रतियोगितामा सिनियरदेखि युवा खेलाडी प्रतिस्पर्धा गर्न रुचाउँछौं, लिग हुँदा सबै खेलाडी खुसी हुन्छन्,' उनले भने, 'यस्ता नकआउट प्रतियोगिताभन्दा लिगलाई नै प्राथमिकतामा दिनुपर्छ।'

पहिलो हाफमै अञ्जनको दुई गोल

एनआरटीका कप्तान अञ्जनले पहिलो हाफमै दुई गोल गरेपछि फ्रेन्ड्स सुरुमै दबाबमा पऱ्यो। पहिलोपटक एनआरटीबाट खेलिरहेका उनले १९औं मिनेटमा पहिलो गोल गरे। अञ्जल महर्जनको कटब्याक सदुपयोग गर्दै उनले एनआरटीलाई १-० को अग्रता दिलाएका हुन्। बायाँ साइडबाट प्राप्त क्रसमा अञ्जनले वानटचमा गोल गरेका थिए। खेलको २४औं मिनेटमा अञ्जनले नै एनआरटीलाई २-० को अग्रता दिलाए। कृतिश रत्नले दायाँ साइडबाट निकालेको सटीक क्रसमा अञ्जनले डिबक्सभित्र हेडिङ गोल गरे। दोस्रो हाफको सुरुमै विल्सनले एनआरटीलाई ३-० को बलियो स्थितिमा राखे। खेलको ८१औं मिनेटमा कप्तान विवेक पौडेलले फ्रेन्ड्सलाई ३-१ को गोलअन्तरमा झारे। यस खेलसँगै सभापति कपको सेमिफाइनल समीकरण पूरा भएको छ। एनआरटीले आयोजक लोकतान्त्रिक खेलकुद संघको बामगती क्लबविरुद्ध खेल्नेछ।



तस्बिरः **ज्ञानेन्द्र कार्की**/ नयाँ पत्रिका

नकआउटभन्दा लिग बलियो हुनुपर्छ

● **अञ्जन विष्ट**, कप्तान, एनआरटी

दशरथ रंगशालामा खेल्न पाउँदा भाग्यमानी छु। यहाँ लिग भयो भने सबै खेलाडी खुसी हुन्छन्। नकआउट फुटबलमा जित निकाल्दा रमाइलो लागेको छ। यस किसिमको प्रतियोगिताभन्दा लिग नै मुख्य हो। लिग हुँदा नयाँ खेलाडी पनि उपलब्ध हुन्छन्। दशरथ रंगशालामा खेल्ने हरेक खेलाडीको चाहना हुन्छ। कप्तानी आर्मब्यान्ड लगाएर जितौंदा राम्रो लाग्छ। नयाँ खेलाडीले पनि राम्रो खेलिरहेका छन्। सेमिफाइनलमा बामगतीविरुद्ध जित्न खेल्छौं।

हामीहरूको तयारी पुगेन

● **महेश श्रेष्ठ**, प्रशिक्षक, फ्रेन्ड्स

छोटो तयारीबिच प्रतिस्पर्धामा भाग लियौं। यसकारण टिम नै सेट हुन सकेन। एनआरटीविरुद्ध खेल्न धेरै गाह्रो भयो। तयारी नभएकाले खेल राम्रो हुन नसकेको हो। खेलाडीले अवसरको सदुपयोग गर्न सकेनन्। दोस्रो हाफमा प्राप्त अवसरमा गोल गर्न सकेको भए एनआरटीलाई दबाबमा राख्न सकिन्थ्यो। फिनिसिङमा चुक्दा पहिलो खेलमै हार व्यहोर्न पुग्यौं।

नयाँ प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित। **कार्यकारी निर्देशक** : सुशील थापा। **अध्यक्ष, प्रबन्ध निर्देशक तथा प्रधानसम्पादक** : कृष्णज्वाला देवकोटा। **कार्यालय** : स्टारमल, पुतलीसडक, काठमाडौं, फोन नं. ४०१२५६६/६६६ फ्याक्स नं ४०१२५६९, E-mail: letter@nayapatrikadaily.com